# दलित पहिचानले दलितलाई पारेको प्रभाव

## हम्मरजुङ्ग गा.वि.स. मा वसोवास गर्ने दलितहरूको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
समाजशास्त्र विषयमा स्नात्तकोतर तहको उपाधि प्राप्तिको लागि
आंशिक आवाश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

प्रस्तुतकर्ता

**सरस्वती नेपाली**

त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**
**नेपाल**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र बिषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तीको आशिंक आवश्यक्ता पूर्तिका लागि सरस्वती नेपालीद्धारा **"दलित पहिचानले दलितलाई पारेको प्रभावः तेह्रथूम हम्मरजुङ्ग गा.वि.स. वडा नं ४ र ७ का दमाई, कामि, र सार्की जातिहरुको एक अध्ययन"** विषयमा तयार पारिएको शोध पत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

____________________________

कृष्ण भट्टचन
शोधनिर्देशक
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपूर काठमाण्डौ

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**
**नेपाल**

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्रप्तीका लागि सरस्वती नेपालीद्धारा तयार पारी प्रस्तुत गरेको **"दलित पहिचानले दलितलाई पारेको प्रभाव : तेह्रथूम, हम्मरजुङ्ग गा. वि. स. वडा नं. ४ र ७ का दमाई, कामी, सार्की जातिहरुको एक अध्ययन"** विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्रप्तीका लागि उचित ठहरिएकोले स्वीकृत गरीएको छ ।

**<u>शोधपत्र मुल्याङ्कन समितिः</u>**

..............................
प्रा. डा. ओम गुरुङ्ग
विभागीय प्रमुख :

..............................
डा. कृष्ण भट्टचन
आन्तरिक परिक्षक :

..............................
डम्बर चेम्जोङ
वाह्य परीक्षक :

मिति : २०७०

# कृतज्ञता ज्ञापन

तेह्रथुम जिल्ला, हम्मरजुङ्ग गा.वि.स.को वडा नं ४ र ७ मा केन्द्रित रहेर दलित समुदायहरु भित्र **दलित पहिचानले दलितलाई पारेको प्रभावः** अन्तर्गत दमाई, कामि, सार्की जातिहरुको सामाजिक पहिचान खोज गर्ने मेरो जमर्कोमा अनेकौ विद्धानमहानुभावहरु वाट उर्जाशिल प्रेरणा मिलेको छ । यस अध्ययनलाई व्यवस्थित र स्तरिय ढंङ्गबाट अगाडि वढाउन, अनुसन्धान को गरिमा प्रति सँधै सचेत रहेर कार्यक्षेत्रमा जुट्न र खोज सँग सरोकार रहेका तथ्याङ्क संकलन गर्न तथा सोधपत्रको मौलिक छविलाई कायम राख्न मेरो गुरु शोध निर्देशक कृष्ण भट्टचन ज्यूको प्रेरणा मुलक मार्गदर्शन प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकर्ताको अनुसन्धान प्रस्ताव तयार पार्ने अवस्था देखि लेखनलाई अन्तिम रुप दिने समय सम्म स्वदेशि तथा विदेशी विद्धानहरुका प्रकाशित कृतिहरु,अनुसन्धान प्रतिवेदनहरु र विचारहरु अत्यन्त उपयोगाी तथा महत्वपूर्ण रहे । ती यावत विचार तथा सिदान्तका स्रष्ठाहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोध अभियानको प्ररम्भिक चरणमा सैदान्तिक मुल्य प्रति सहयोग गराई अमुल्य प्रोत्साहन दिनुहुने मेरो आदरणीय गुरु कृष्ण भट्टचन, मिली जोशी ज्यूबाट पाएको प्रारम्भीक शोध व्यावस्थापन बारे पाएको सल्लाह र सहयोग प्रति ज्यादै आभाारी छु ।

विशेषतः उच्च शिक्षा हासिल गरी जीवन र संसारको सम्पूर्णता वुझेर आधुनिक युगको मुल प्रवाहमा वाँच्न पाउने सौभाग्य मलाई मेरो पुजनिय बुवा प्राध्यापक उद्धव नेपाली तथा आमा गोमा नेपाली को अथक प्रेरणा र अनवरत योग्दान बाट प्राप्त भएको हो । सो प्रति म जीवनपर्यन्त ऋणी रहने छु ।

यसैगरी यस अध्ययनको क्रममा मलाई वारम्वार अघि वढ्न प्रेरित गर्नुहुने नेपाल लोकसांकृतिक अनुसन्धान प्रतिस्ठान का प्रमुख आदरणीय डि.वी.नेपालीज्यू प्रति म सदा अनुग्रहीत छु । शोधकार्यको क्रममा विषयगत रुपमा सँधै सकारात्मक सल्लाह र सुझाव दिनुहुने मेरा सहपाठी मित्रहरु कृष्ण मायाँ पन्धाक, रमेश गौतम, सजना भटटराई,लगायतका साथिहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनको दौरानमा आवाश्यक अध्ययन सामाग्री उपलव्ध गराई सहयोग गर्ने दलित आयोग, दलित नेस्नल फेड्रेसन, समता फाउन्डेसन, लगायत ग्रैह्र सरकारी संस्था प्रति कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा मेरो शोध कार्यमा उत्तरदाताहरुको रुपमा मात्र नभई आफ्ना सामाजिक सांस्कृतिक, रहनसहन तथा अफ्नो चिनारीका वारेमा भएका समस्याहरुको यथार्थ जानकारी दिई तथ्याङ्क संकलन गर्नमा सहज रुपमा सहयोग गर्ने हम्मरजुङ्ग गा.वि.स. का दलित दाजु भाई, दिदी वहिनीहरुप्रती मेरो सद्भाव जाहेर गर्दछु र यो शोधपत्रलाई अत्यन्त मिहेनतका साथ प्रुफ रिडिङ गरिदिनु हुने बिराज बस्नेत प्रति धन्यवाद दिन चाहन्छु ।

# विषय सुची

**सिफारिस पत्र**
**स्वीकृति पत्र**
**कृतज्ञताज्ञापन**

| | |
|---|---|
| **अध्याय एकः परिचय** | **१-५** |
| १.१ अध्ययनको पृस्ठभूमि | १ |
| १.२ समस्याको प्ररस्तुतिकरण | २ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्व | ४ |
| १.५ अध्ययनको सीमा | ५ |
| **अध्याय दुईः सन्दर्भ साहित्यको समिक्षा** | **६-१९** |
| २.१ सैद्धान्तिक दृष्ट्रिकोण | ६ |
| २.१.१ रंग सचेतनाको सिदान्त | ७ |
| २.१.२ समानताको सिदान्त | ८ |
| २.१.३ सारभानको सिदान्त | ८ |
| २.१.४ दलित पहिचान र यसको व्यवहारीक हेराई | ८ |
| २.२ वर्तमान नेपालमा दलितको स्थीति | १२ |
| २.३ नेपालमा दलित पहिचानको स्थीति | १३ |
| २.४ दलित पहिचानमा देखिएको समस्या | १७ |
| **अध्याय तीनः अध्ययन विधि** | **२०-२५** |
| ३.१ अध्ययनको क्षेत्रको छनोट | २० |
| ३.२ अध्ययनको ढाँचा | २० |
| ३.३ नमुना छनोट | २० |
| ३.४ तथ्याङ्कको प्रकृति | २१ |
| ३.५ तथ्याङ्क संकलन | २१ |
| ३.५.१ घरधुरी सर्वेक्षण, प्रश्नावली | २१ |
| ३.५.२ अवलोकन | २१ |
| ३.५.३ अन्तर्वार्ता | २२ |

३.५.४ समुहगत छलफल २२
३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण २२
३.७ वैयतिक अध्ययन २३
३.८ अध्ययनको सांगठनिक ढाँचा २३
३.९ अध्ययनको अवधारणात्मक खाका २४

**अध्याय ४ : अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय २६-३४**
४.१ भौगोलिक परिचय २६
४.२ प्राकृतिक सम्पदा २७
४.३ सामाजिक परिचय २८
४.३.१ जातजाति २८
४.३.२ दलित समुदायको रहन सहन २९
४.५ सेवामुलक संस्था र दलित समाज ३१
४.५.१ स्वास्थ सम्वन्धि संस्थाहरू ३१
४.५.२ शैक्षिक संस्थाहरू ३१
४.५.३ यातायात र सञ्चार ३२
४.५.४ विद्युत ३३
४.५.५ कृषि बन ३४
४.५.६ सामाजिक संस्थाहरू ३४

**अध्याय ५: दलितहरूको व्यक्तिगत पहिचान र समुहगत पहिचान ३५-५०**
५.१ दलितहरूको व्यक्तिगत पहिचान ३५
५.२ उमेर र लिङ्ग ४०
५.३ समुहगत पहिचान ४०
५.४ पेशा ४६
५.५ जातिगत पेशा ४७
५.६ जातिगत पेशाका कारण दलित पहिचानमा पारेको असर ५०

**अध्याय ६ : दलित पहिचानमा देखिएको समस्या ५१-६६**
६.१ दलित समस्या ५१
६.२ दलित भएका कारण सहनुपरेको र्दुरव्यवहार ५२
६.३ दलित पहिचान र परिर्वतन ५६
६.४ दलित पहिचान लुकाउने स्थान ५७

६.५ दलित पहिचान लुकाउने कारण ५७
६.६ पहिचान परिवर्तन गर्नुको अवस्था ५८
६.७ हम्मरजुङ्ग गा वि स का दलितहरूमा पहिचान लुकाउनु पर्ने वाध्यता ६१
६.८ दलित पहिचानका कारण दलितलाई भेदभाव गरीएका स्थान ६२
६.९ दलित पहिचान समस्या र दलित प्रतिको वुझाई ६२

**अध्याय ७ : दलित पहिचानमा देखिएको समस्या , समस्याका कारण र असरहरूको विश्लेषण ६७-७३**
७.१ दलित पहिचान देखिने स्थान र यसको असर ६८
७.२ स्थानिय स्तरमा हुने सभा गोष्ठीमा दलितको सहभागिता ६९
७.३ विद्यालयमा दलित विद्यार्थिलाई गरीने व्यवहार ७२
७.४ दलित पहिचानका कारण दलित भित्रको सामाजिक आर्थिक पहिचानमा छुवाछुतले पारेको प्रभाव ७३

**अध्याय : ८ साराशं निष्कर्ष र सुझाव ७४-८१**
८.१ अध्ययनको साराशं ७४
८.२ अध्ययनको निष्कर्ष ७६
८.३ अनुसन्धानले उठाएका सुझावहरू ७९

**सन्दर्भसूची ८२-८३**
**प्रश्नावली**

# तालिकासूची


| तालिका नं | | पेज नं. |
|---|---|---|
| १. | दलित को जात र थर | ११ |
| २. | हम्मरजुङ्ग गा. वि. स.को जातिगत विवरण | २८ |
| ३. | हम्मरजुङ्ग गा .वि. स. का दलितहरूको लिङ्गगत र व्यक्तिगत विवरण | ३६ |
| ४. | दलित समुदायको शिक्षा र लिङ्गको अन्तर तालिका | ३७ |
| ५. | शिक्षाको आधारमा दलित पहिचानलाई हेरीने अन्तरतालिकिय विवरण | ३८ |
| ६. | हम्मरजुङ्ग ४ र ७ का दलितहरूको शिक्षा र उनीहरूले दिने पहिचानको अन्तरतालीकीय विवरण | ३९ |
| ७ | शिक्षा अनुसार घर भित्र र घरवाहिर दिने पहिचानको अन्तरतालिका | ४१ |
| ८. | दलितहरूले घरवाहिर देखाउने पहिचान | ४४ |
| ९ | दलित समुदायले गर्ने पेशाको विवरण | ४६ |
| १०. | परम्परागत पेशाको विवरण | ४७ |
| ११. | दलितलाई छुवाछुत गर्ने ठाउँहरूको विवरण | ५३ |
| १२ | दलित लाई दलित भनिनुका कारणहरूको विवरण | ५६ |
| १३ | दलित पहिचान लुकाउने स्थानहरूको विवरण | ५७ |
| १४. | दलित पहिचान लुकाउने कारणहरूको विवरण | ५८ |
| १५. | पहिचान लुकाईने अवस्थाको विवरण | ५९ |
| १६. | दलित पहिचान लुकाउनुका वध्यताहरू | ६१ |
| १७. | समाजमा छुवाछुत र भेदभाव हुने स्थानहरू | ६२ |
| १८. | दलितहरूको लिङ्गगत शैक्षिक अवस्था | ७१ |
| १९. | दलित विद्यार्थी प्रति गरीने र्दुरव्यवहार | ७२ |

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृस्ठभूमि

दलित संस्कृत भाषाको 'दल' श्ब्दबाट सृजना भएको हो र यसको अर्थ टुक्रिनु चर्कनु वा खुल्नु हो । नेपाली वृहद शब्दकोष अनुशार दलित शब्दको अर्थ फग्ल्याँटै फग्ल्याँटा पारिदिएको, दलिएको, दमन गरिएको थिचिएको, कुल्चिएको विध्वंश नष्ट गरिएको हो । विगत र वर्तमानमा दलितलाई हेर्ने परिभाषा र पहिचान फरक छ नेपाल र भारतमा दलित शब्दको अर्थका सम्बन्धमा धेरै वादविवाद छ। भारतमा अपमानजनक शब्दहरू जस्तै : दास, दस्यू, राक्ष्यस, अवर्ण, हरिजन, र अछुत हुने गर्थ्यो औपनिवेशकालिन भारतमा वेलायती शासकहरूले उत्पीडित वर्ग, अनुशुचित जात भनेर प्रयोग गर्थे । नेपालमा विगतमा पानी नचल्ने, अछुत, डुम, तल्लो जात हरिजन जस्ता आपतिजनक शब्दहरूको प्रयोग हुन्थ्यो भने सरकारी दस्तवेजहरूमा उपेक्षित उत्पीडित,पछिपरेका विपन्न गरिब निमुखा, सिमान्तकृत, सुविधाबाट बञ्चीत अल्पसंख्यक र दलित जस्ता शब्दहरूको प्रयोग गरेको पाईन्छ (सुनार २०६५) ।

दलित जात भन्नाले जातिय भेदभाव र छुवछुतको मारमा परी सामाजिक, आर्थीक, राजनैतिक, शैक्षिक, एंव धार्मिक क्षेत्रमा समाजको सवैभन्दा पछाडि पारिएको र मानविय सम्मान एंव सामाजिक न्याय पाउन नसकेका जात समुहलाई जनाउछ (राष्ट्रिय दलित आयोग २००४:२३९) ।

नेपालमा विद्यमान जातपातको व्याख्या व्यवस्था हजारौ वर्षअघि भारतिय उपमहादिपमा उत्पति भएको थियो । नेपालको पहिलो मुलकानुन वि.स.(१९१०) को मुलुकी ऐनले सबै नेपाली हरूलाई चारजातमा वाडेको थियो ति हुन्

१) तागधारी

२) मतवालि

३) पानी नचल्ने -छोइछिटो हाल्नुनपर्ने

४) पानी नचल्ने -छोइछिटो हाल्नुपर्ने

दलितहरू सामाजिक, आर्थिक, राजनैतिक, क्षेत्रबाट वञ्चीत र समाजमा ज्यादै पछाडि पारिएको साथै परम्परागत धर्म र रितिरिवाजले बाँधिएकाले गर्दा दलितहरूको अवस्था दयनिय र छुवाछुतले ग्रस्त बनेको छ (अचार्य र दाहाल:२०११)

शब्दकोषमा दलितलाई थिचिएको, मिचिएको, कुल्चिएको समाजमा हक ईज्जत र मानप्रतिष्ठा समानरुपले पाउन नसकेको भनेर भनिए तापनि वर्ण व्यवस्थाका आधरमा अछुत बनाईका सबै जातीहरूलाई सनं. १९२७ देखि भारतमा अम्बेडेकरले दलित शब्द संवोधन गर्न थालेको पाइन्छ । त्यसक्रममा भारतको दलित आन्दोलन बाट (२०२४) सालमा गठन भएको नेपाल राष्ट्रिय दलित जनविकास परिषदको नाममा पहिलो चोटि दलित शब्दको प्रयोग भएपछि  वढि प्रचलनमा आएको हो (अहुति:२०६७:२) ।

इतिहासविद् डा. सुरेन्द्र के.सी का अनुसार जातभाद छुतभेद हिन्दु धर्मको विकृति मात्र होइन पहिचान पनि हो तर यो घृणित परम्परा झण्डै ३ हजार वर्ष देखि आर्य जातीले अविछिन्न ढंगले भरण पोषण गर्दै आएको छ । संसारका सबै धर्म सम्प्रदाय भित्र जातभेद छुवाछुतप्रथा नभएको होइन तर प्रतिरोध पनि सँगै हुदैआएको छ । त्यसैले वर्ग संघर्षको इतिहास मात्र नभएर यो वर्ण संघर्षको पनि इतिहास हो । किनभने मान्छे भएर मान्छे बीच अछुत हुनु भन्दा  घृणित र असायको पिडा अर्को हुन सक्दैन (के. सि.२०६३) ।

पुष्पराज कडेलका अनुसार मानिसका पहिचान विभिन्न प्रकारका हुन्छन् मार्क्सको जमानामा अहिले जस्तो पहिचानको रणनिति थिएन उनको मान्यतामा कामदारको देश हुदैन थियो भन्ने रहेको थियो र उनको विचारमा राष्ट्र नभएर वर्ग सबैभन्दा ठूलो हुने गर्थ्यो पहिचानको कुरा गर्ने राष्ट्रवाद मार्कस सँग थिएन तर आजभोलि जातीय पहिचान, दलित पहिचान आदिको सवाल उठेको पाइन्छ । पहिचान भित्र धेरै कुरा जोडिएको हुन्छ जातिय, वर्गीय, भाषागत, व्यवसायिक, हुने हुनेको पहिचान,नहुने नाहुनेको पहिचान, राजनैतिक पहिचान साथै पहिचान भित्र शहरी क्षेत्रका मद्यम वर्गको पहिचान, वुद्धिजिवि वर्गको पहिचान धेरैपर्दछन् संसारमा जातीय पहिचानको प्रश्न समाजको अत्यन्त जटिल प्रश्न भएको देखिन्छ ।

## १.२ समस्याको प्रस्तुतिकरण

अन्य जातको तुलनामा दलितको स्थीति अतिनै गम्भीर छ । राज्यको प्रमुख अंगमा दलितको सहभागीता नगन्य छ र दलितहरूको पहिचानमा छुवाछुतले पनि असर परेको

देखिन्छ जुन दलित र गैर दलित भित्र पनि हट्न सकेको छैन । दलितहरूको पहिचानमा छुवाछुतले मात्र होईन अन्य कारण सामाजिक, आर्थिक राजनैतिक कारणले महत्वपूर्ण रुपमा असर परेको देखिन्छ कतिपय ठाउँ विशेषमा दवाबमा परेर आफ्नो पहिचान लुकाएर हिड्नु पर्ने समस्या देखिएको छ, साथै छुवाछुत र विभेदका व्यवहारहरू धार्मिक, सामाजिक, सास्कृतिक क्षेत्रमा चर्को छ । कथित माथिल्लो जात र कथित तल्लो जातको दलित विच हुने अन्तरजातीय विवाह, हिन्दु मन्दिरहरूमा प्रवेश निषेध, चाडपर्व, विवाह भोजहरूमा खानपानमा हुने जातीय छुवाछुत र विभेद कायमै रहेका छन् दलित समुदायका सदस्यहरूले अझै पनि अन्तरजातिय विवाहमा निषेध,र विवाहको अवसरमा आयोजना हुने भोजभतेरमा छुट्टै वसेर खानुपर्ने, अपमानजनक अमानविय व्यवाहरहरू भोग्न अझै पनि वाध्य छन् आज सम्म पनि ६/७ जातका दलित समुदायहरूले हिन्दु मन्दिरमा पुजाआजा गर्न पस्न र प्रसाद लिन नपाउने अवस्था विद्यमान छ (भट्टचन र सुनार २००८) ।

शहर बजारमा  शिक्षित मानिसहरू भेला भएका सभा गोष्ठि आदि कार्यक्रमहरूमा भने छुवाछुत प्रथा घटेको होकी भन्ने आभास हुन्छ । त्यस्तै शहरमा ठूला भोजभतेरमा पनि ठूलो संख्यामा मानिसहरूले जात लाई वास्ता गर्न छोडेको जस्तो देखिन्छ तर यो पनि प्रस्ट छ कि जात भातको ख्याल राख्नेहरू भोजभतेरमा पनि अछुतलाई हेर्ने दृष्ट्रिकोण फरक भएको छैन वाह्यि रुपमा सरसर्ती हेर्दा छुवाछुत प्रथामा सुधार आएको देखिएको भएता पनि ग्रामीण परम्परावदी तथा अशिक्षित समाजमा मात्र होईन शहरियाहरूमा समेत छुवाछुतले अझै पनि जरो गाडेर बसेको छ । छोइछिटोको प्रचलन घटेको देखिएता पनि शहरी क्षेत्रमा अछुतजातका परिचित मानिसहरू सँगसगै बसेर खानु पर्ने परिवेश सिर्जना भएका वखत अधिकाशं महिलाहरू मात्र होइन पुरुषहरू समेत आफुलाई भोक नलागेको बाहाना बनाई सगै खानबाट तर्कने गरेका उदाहरणहरू शहरका वस्ती वस्तीमा भेटिन्छन् ।

नेपालमा वसोवास गर्ने ब्राम्हण, क्षेत्री जनजाती मध्ये दलित जातीको पनि आफ्नो वसोवासको रुपमा पहाडी, शहरी र तराइ क्षेत्रमा वसोवास रहदै आएको छ । दलित जाती भित्र पनि हक अधिकार स्वास्थ्य, शिक्षाका क्षेत्रमा अध्ययन अनुसन्धान भएतापनि दलितको पहिचानका सम्बन्धमा अध्ययन अनुसन्धान नभएकाले दलित पहिचान ओझेलमा परेको देखिन्छ । दलित भएकै कारण सार्वजनिक ठाउँमा कस्तो प्रकारको भेदभावको समना गर्नु परेको छ ?

१. दलितहरू को हुन् ? अध्ययन क्षेत्रमा कति प्रकारका दलितहरू छन् ? स्थानिय र सार्वजनिक ठाउँमा दलित पहिचानको अवस्था कस्तो छ ?

२. अध्ययन क्षेत्रमा दलितका व्यक्तिगत र सामुहगत पहिचान विच के कस्तो फरक छ ?

३. दलितहरूलाई आफ्नो पहिचान लुकाएर वा देखाएर हिड्दा कस्तो व्यवाहर गरिन्छ ?

४. दलितको पहिचानलाई समाजमा कसरि हेरिन्छ ?

जस्ता प्रश्नात्मक कुराहरू यो अनुसन्धान बाट पत्ता लगाउनका साथै दलितहरूले भोगिरहेका समस्याको खोजी गर्दै दलितको पहिचानलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने जस्ता सवालहरूको खोजी गर्नका लागि सोध निर्देशित गरिएकोछ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उदेस्य तेह्रथूम जिल्लाको हम्मरजुङ्ग गा.वि.स.भित्रको वार्ड नं. ४ र ७ मा वसोवास गरिरहेका दलितहरू (दमाइ, कामी, सार्की) जातीहरूको सामाजिक, पहिचानले आफुलाई कस्तो प्रभाव पारेको छ ?दलितहरूले आफुलाई वा आफ्नो पहिचानलाई कसरी प्रस्तुत गरेका छन् ? साथै यस अध्ययनको उदेस्य व्यक्तिगत र सामुहिक पहिचानको अवस्था, समस्या र समस्याका कारण र असरहरूको बारेमा अध्ययन गरीएको छ । प्रस्तुत अध्ययनको विशिष्ट उदेस्यहरू निम्न रहेका छन् ।

१) दलितको व्यक्तिगत र समुहगत पहिचनलाई केलाउने ।

२) दलित पहिचानमा देखिएको समस्याको आँकलन गर्ने ।

३) समस्याका कारण र असरहरू विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले हम्मरजुङ्ग गा.वि.स.भित्र रहेका ९ वटा वार्ड मध्ये वार्ड नं ४ र ७ मा बसोवास गर्ने सम्पूर्ण दलितहरूको आफ्नो पहिचानले आफुलाई कस्तो प्रभाव पारेको छ भनेर वुझ्न सहयोग गर्ने छ । यसका साथै समाजमा दलित भएकै कारण उनीहरूको सामाजिक पहिचानमा देखिएका परिवर्तन र अन्य जातीले उनीहरू माथि कस्तो प्रकारको भेदभाव गरीरहेका छन् त्यसलाई पनि खुलस्त रुपमा प्रस्टयाउने छ । सामाजिक पहिचानको

क्षेत्रमा मात्र नभएर शैक्षिक, आर्थिक, सामाजिक सहभागीता मुलक कार्यक्रमको क्षेत्रमा पनि दलित भएकै कारण पछाडी परेका छन् कसरी ? भन्ने कुरा यो अध्ययनको महत्व हुने छ । सोहि वार्डमा बसोवास गर्ने दलितहरूको विस्तृत अध्ययन अनुशन्धान गरिने हुनाले उनीहरूको विगत र वर्तमान अवस्थाको बारेमा नयाँ जानकारी पाउन सकिन्छ । यसका साथै यो भन्दा पछि यस विषयमा अध्ययन अनुशन्धान गर्न इच्छुक जो कोहीलाई पनि यस अध्ययनले सहयोग एंव सुझाव दिनेछ ।

## १.५ अध्ययनको सिमा

यस अध्ययनको कार्य क्षेत्र हम्मरजुङ्ग गा.वि. स. भित्रको वार्ड नं.४ र ७ मा मात्र धेरै दलित जातीको बसोवास रहेको हुनाले उक्त वार्ड लाई ध्यानमा राखेर दलित पहिचानले दलित समुदायको व्यक्तिगत र समुहगत पहिचानामा पारेको प्रभाव ,समस्या र समस्याका कारण र असरहरूको अध्ययन गरिने भएको हुनाले समग्रह देशभरिकै दलितहरूको पहिचानमा पारेको असर र प्रभवको प्रतिनिधित्व नगर्न सक्छ फरक भौगोलिक एवं अन्य समाजिक ,आर्थिक परिवेशका कारण यस अध्ययन बाट निस्कने निष्कर्षले देश भरिकै दलितहरू सँग मेल नखाए पनि दलित भएकै कारणले गर्दा दलिातले भोग्नु परेका समस्यका साथै आफ्नो पहिचान दलित भन्ने कुराको वारेमा जनकारि दिन सक्छ र यस अध्ययनबाट प्राप्त तथ्याङ्कले केही सहयोग पुर्‍याउन सक्ने छ । यस अध्ययनको मुख्य उदेस्य शैक्षिक तहको उपाधि प्रप्तीका लागी सिमित राखिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समिक्षा

## २.१. सैदान्तिक दृष्ट्रिकोण

Weber का अनुसार स्तरिकरण शक्तिको विभाजनमा आधारित छ । विभिन्न समुहमा हुने शत्तिकै विभाजनका कारण व्यक्ति तथा समुहमा उच्चता र निच्च्ताको स्थति देखिएको हुन्छ । वेबरका अनुसार समाजमा हुने शक्तिको असमानता नै स्तरिकरण को मुल आधार हो । वेबरले स्तरिकरण आर्थिक पक्षलाई मात्र मान्न तयार छैनन् सामाजिक वर्गको उपस्थीतिलाई उनले शोषणको परिणती र यसलाई एउटा नियमित प्रक्रिया मानेका छन् व्यक्तिको कार्य दक्षता, अनुभव आदीका कारण समजमा व्यक्ति विभिन्न तहमा रहन्छन् । वेबरले तिन असमानतका आधारमा विश्लेषण गरेका छन् जसमा पहिलो सम्पतिको असमानता (Inequality of wealth) हो दोस्रो, मानिसको समुहमा हुने विभिन्न ईज्जत र प्रतिष्ठा ( prestige, status, honour) र तेस्रो स्तरीकरण को रुप शक्ति (power) हो जसको स्रोतको प्रकृति राजनितिक हुन्छ । यसप्रकारबाट weber ले सामाजिक स्तरिकरण गरेका छन् समाजलाई समाजशास्त्रीय अध्ययनमा आधारति रहेर विभिन्न सिदान्त बाट स्तरिकरण गरेर हेर्ने गरेको पाईन्छ । जसलाई सैदान्तिक खाका मानि अध्ययन क्षेत्रको अध्ययन तथा अनुसन्धानमा विश्लेशण गरिएको छ ।

समाज समाजिक सम्वन्धको जालो हो । जहाँ मानिसहरूको समुह रहनुका साथै उच्चता र निच्चताको आधारमा समाज स्तरीकरण भएको हुन्छ र एक अर्का प्रति ठूलो (Superior) र सानो (Inferiour) को भावना देखा पर्छ । त्यस्तै समाजशास्त्री डुमोले उनको (Homo Hirarchicus) नामक पुस्तकमा Caste System को अवधारणा उल्लेख गर्दै जातलाई Upper And Lower Caste Class मा विभाजन गरेका छन् । जसले गर्दा मानिसमा एक अर्का प्रति सानो ठूलाको भावना जागृत हुन्छ भन्दै माथिल्लो तहमा वाहुन क्षेत्री र तल्लो तहमा शुद्रलाई राखी समाजमा Social Order कायम भएको बताउँछन् । उनका अनुसार मानिसहरूको स्तरीकरण हुनुको मुख्य कारण जातीय आधार नै प्रमुख रहेको देखाएका छन् जसका आधारमा डुमोको वर्णहरूको सिदान्त भित्र शुद्रहरूको भाग्य भनेको सेवा गर्नु हो भने वाहुनहरूको अधिकार भनेको वैश्यहरू माथि नियन्त्रण गर्नु भनेका छन् ।

त्यस्तैगरी सामाजशास्त्री वेरीमेनका अनुसार डुमो को विचारमा तर्क गरेता पनि समाज स्तरीकृत जातीय आधारमा मात्र नहुने बताउँछन् । उनका अनुसार दक्षिण एशिया भित्र जातीय आधारमा समज स्तरीकृत भएता पनि संसार भरीका अन्य देशहरू भित्रका समाजहरू स्तरीकृत हुनु जातीय आधार मात्र होईन किनभने जात प्रणाली शक्ति सँग जोडिएको हुन्छ भन्दै शक्ति र जातिय स्तरीकरण छुट्याउँन नसकीने दुवै एक सिक्काका दुईपाटा हुन् भनेका छन् । उनका अनुसार कतिपय अवस्थामा सांस्कृतिक रुपले सम्मानित ब्राम्हण जात शत्तिको हिसाबले कम्जोर हुन्छ भने सांस्कृतिक हिसाबले कम्जोर शुद्र जात शक्तिका हिसाबले राजनितिक रुपले शक्तिशाली देखिन्छन् त्यसैले शक्ति र सामाजिक हैसियत सँगं सँगै अगाडि जाने कुरा वताउँदै समाजका मानिसहरू भित्र हुने आधारभुत स्तरीकरण शक्ति कै आधारमा हुने कुरा किटान गरेका छन् ।

### २.१.१. रंग सचेतनाको सिदान्त (Color Conscious Principle)

यस सिदान्त अनुसार उत्पीडित र अल्प संख्यक जातीहरूलाई स्वतन्त्रतापूर्वक र समानतापूर्वक ज्यूनका लागि आधार खडा गर्छ भने यसै सँग जोडिएर आउँने रंग अन्ध सिदान्त (Color Blind Principle) ले अरु रंगका मानिसहरूलाई घृणा र हेयको भावना बाट हेर्ने मानसिकताको विकास गर्न सहयोग पु-याउँछ । तर यसको विपरीत जुन गोरो र कालो वन्ने कुरा मानिसको क्षमता भन्दा टाढाको कुरा हो जुन मानिस आफैको कारणले भएको हुदैन त्यस्तो कुरालाई आधार वनाएर विभेद गर्नु आफैमा लाजमर्दो र तर्कहीन विषय हो भन्ने कुरा रंग सचेत सिदान्तले गर्दछ । यो सिदान्तले मानिसहरूमा आत्म सम्मानको विकास गरी समाजमा स्वतन्त्ररुपमा वाँच्नको लागी सहयोग पु-याउछ तर विश्वका कतिपय मुलुकमा रंगीय विभेदले काला जातीका मानिसहरूमा उनीहरू प्रतिको रंगलाई घृणा गर्न वाध्य वनाईएको छ किनभने रंग परिवर्तन हुन नसक्ने र रंग कालो गोरो हुनु प्राकृतिक विषेश्ता भएकाले अन्याय र गलत किसिमको व्यवहारको कारण काला मानिसहरूमा हिनतावोध पैदा गर्ने कुरा पनि स्वभाविक देखिन्छ ।

यसबाट के थाहा पाउन सकिन्छ भने जसरी यूरोपमा गोराजाती र कालाजाती बीच रंगीय विभेद अहिले सम्म रहेको छ त्यस्तै नेपालका दलितहरूमा पनि रंगका हिसावले पनि ब्राम्हण क्षेत्रि भन्दा काला देखिने र जन्मजात रुपमा नै दलित पहिचान भएर जन्मीनुका साथै कालाजातीहरूलाई गरीने विभेद र दलितहरूलाई गरीने विभेद उस्तै भएको देखिन्छ किनभने काला रंगकै कारण काला जातीहरूलाई यूरोपमा व्यापार व्यावसाय गर्नबाट वन्देज

लागाईन्थ्यो भने आत्मा सम्मान दिईदैन थियो । त्यसरी नै दक्षिण ऐशियाली मुलुक नेपालमा पनि तल्लो जातका रुपमा हेरिने दलितहरूलाई पनि दलित पहिचान जन्मजात रुपमानै लिईएर आउने हुनाले र यो परिवर्तन हुन नसकेकाले गर्दा समाजमा छुवाछुत र विभेदका कारण उस्तै पिडा खप्नु परेको देखिन्छ ।

### २.१.२. समानताको सिदान्त

समानताको सिदान्त मानविय मुल्य मान्यता मर्यादा र प्रतिष्ठाका आधारमा सबै व्यक्तिहरू समान हुन्छन् भन्ने तथ्यपरक मान्यतामा आधारीत छ । यसै सिदान्तले सबै जातजाती र भाषा भाषीलाई समानताको पक्षपोषण गर्दछ । त्यसैले जन्मजात रुपमा समान अवस्थामा रहेका व्यक्तिहरूका बीचमा गरीने कुनै पनि किसिमका विभेदहरू आफुलाई सभ्य र सुसस्कृत र वुद्धिमान प्राणी मान्ने मानिसका लागि नसुहाउँने व्यवहार एवंम् मानवता विरुद्धको अपराध मानिन्छ । समानताको अधिकार मानिसको जन्मजात प्राप्त नैसर्गिक अधिकार पनि हो (नेपाली २०६९) ।

### २.१.३. सारभान को सिदान्त

यस सिदान्तले समाजमा रहेको अनेकतालाई स्वीकार गरी सोही अुसार उपचारको खोजिमा जोड दिन्छ । समाजामा रहेका महिला,गरीबी र असक्षम अपाङ्ग एवं आर्थिक सामजिक र शैक्षिक रुपमा कम्जोर तथा पछाडी परेका वर्ग संम्प्रदाय र समुहका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई राज्यको विशेष पहलद्धारा समाजका अन्य सक्षम र सवल व्यक्तिहरू सरह राज्यद्धारा प्राप्त अवसरमा समान रुपमा सहभागि हुने वातावरण निर्माण गर्ने उदेश्य राख्छ । सारभान समानताको मुख्य उदेश्य समाजका सक्षम र असक्षम, सवाल र निर्वल, शिक्षित र अशिक्षित, धनि र गरीब, साहय र असाय, सपाङ्ग र अपाङ्ग, महिला र पुरुषका साथै त्यस्तै अन्य आधारमा रहेको सारभान असमानतालाई हटाई समानता कायम गर्नु हो भने विभिन्न समुहका व्यक्तिहरूको संरक्षण सशक्तिकरण र विकासलाई कानुनद्धारा विशेष व्यवसथामा ल्याउन यो सिदान्तले जोड दिन्छ (वागचन्द २००३) ।

### २.१.४. दलित पहिचान र यसको व्यवाहरीक हेराई

परम्परावादी दृष्ट्रिकोण अनुसार नेपाली समाज हिन्दु धर्ममा आवद्ध छ । हिन्दु धर्म जातीय भेदभावका अवधारणामा आधारीत रहेको छ । त्यसैले नेपाली समाजमा

दलितहरूलाई Purity र Polution को रुपमा हेर्ने गरेको पाईन्छ भने दलित पहिचानलाई सामाजिक, आर्थिक, राजनैतिक रुपमा हेरेता पनि ठुलोजात र सानो जात भन्ने कुरा बाट कोही पनि दलितहरू बच्न सकेका छैनन् किनभने अध्ययन स्थलका दलितहरूको समाजिक पहिचानको स्थीति र विभिन्न विद्धानका भनाई र कानुनी रुपमा खडा भएका लिखित सिदान्तलाई हेर्दा दलितहरू भित्रको दलित पहिचानले विभिन्न भूमिका खेलेको देखिन्छ । जस्तो आर्थिक रुपले सम्पन्न राजनैतिक रुपले अगुवा दलितहरू समाजमा उनीहरू प्रति गरीने व्यवहार सकारात्मक देखिनुका साथै, गैरदलितहरू पनि सम्पन्न दलितको घरमा प्रसस्त खानपान र उठवसको सम्वन्ध सुमधुर भएको देखिन्छ भने गरीब र आर्थिक रुपमा विपन्न दलितहरूलाई हेयको दृष्ट्रिले हेर्ने, अप शब्द बोल्ने समाजिक कार्य विवाह पुजाआजा र ब्रतमन्धमा सहभागी नगराउने ,छुवाछुत कडा रुपमा लाद्ने, बाटा माथिको शक्ति सम्पन्न दलितलाई गर्ने व्यवहार तपाई तिमी र बाटा मुनिको गरीब दलितलाई गर्ने व्यवहार तँ, हुतिहारा दमाई भनेर वोलाउने गरेको देखिन्छ । जसले के देखाउछ भने **"छन् गेडि सबै मेरी छैनन् गेडि सबै टेढिँ"** भन्ने यथार्थता देखिएकोले दलित पहिचानमा सामाजिक आर्थिक र राजनैतिक तिनै पक्षले गहिरो प्रभाव पारेको देखिन्छ । जसमा सामाजिक पक्ष भित्र रहेको छुवाछुत प्रथा भने हत्तपत्त नमेटिने देखिन्छ । किनभने वाहुन क्षेत्री भित्र दलित समुदाय र गैरदलितहरूको धारणा जतिसुकै ज्ञान र वुद्धिले भरीपूर्ण भएता पनि उनीहरूको संस्कारगत आचरणले गर्दा दलितहरूलाई हेर्ने दृष्ट्रि र गर्ने व्यवहारमा परिवर्तन आएको देखिन्दैन ।

नेपालमा कानुनी रुपमा लेखिएका जातिसुकै पत्र परिपत्रहरूमा दलितका हक र अधिकार संवोधन गरेतापनि शोषण दमन र छुवाछुत गरे वापत विभिन्न कसुर सजाय कानुनी रुपमा लेखिएतापनि व्यवहारीक रुपमा लागु नहुनाले कानुनी दस्तावेजमा मात्र सिमित भएको देखिन्छ जसका कारण अध्ययन स्थलका ९५% दलितहरूले दलित भएकाले नै स्थानिय लगायत सार्वजनिक स्थलमा छुवाछुतको सामना भोग्नु परेको र अधिकाशं वुढापाका दलितहरू गैर दलितहरूले राखिदिएका नामले चिनिने गरेको यूवा पुस्ताहरूले ठाउँ अनुसार दलित भित्रकै थरहरूले चिनाउँन प्रयत्न गरेपनि प्रस्ट रुपमा यो जात र समुदायको भनेर चिन्न अप्ठ्यारो भएकाले वाहुन क्षेत्रिका थर ठकुरी, वस्नेत, खनाल, वराल गौतम भनेर चिनाउने गरेको देखिन्छ । जसको परिणाम दलितहरूको पहिचान लोप भई अस्तित्वनै नरहने जस्तो देखिन्छ यस्तै जात लुकाउने र छिपाउने प्रवृतिले जनगणनामा दलितको संख्या घट्नु र राज्य बाट पाउने सेवा सुविधामा कटौती भई दलितहरूले आफुले खनेको खाल्डोमा आफै पस्ने भने झै आफुले आफ्नो पहिचानलाई नजोगाए दलित पहिचान

विहीन वन्न पुगी कुन समुदाय वा समुहको भनेर चिन्न नसक्नुका साथै दलित पहिचान अस्तित्व विहिन हुन सक्ने देखिन्छ ।

दक्षिण एशियामा रहेको हिन्दु धर्मीय वा हिन्दु धर्मद्धारा प्रभावित विभिन्न जातीय समुह भित्र रङ्ग जाती धर्म र परम्परा एउटै हुँदाहुदै पनि हरेक समुदायका दलित लाई आफ्नै भूमिको ज्ञान बाट बञ्चित गरियो र समाजको सबैभन्दा कठिन र फोहोरी पेशा उनीहरूको वंशमा थुपारियो । संसारमा थुप्रै सामाजिक परिवर्तन भए तर दलित माथि कुनै परिवर्तन आएनन् आज पनि दक्षिण एशियाका मुलुक नेपाल र भारत तथा हिन्दु जनसंख्या भएका देशमा सबै भन्दा गरिब उत्पीडनमा परेका दलितहरू लाइ सार्वजनिक कुवा, धारा, इनार छोएको अपराधमा अहिले पनि सामाजिक दण्ड गरिन्छ । २१ औ शताब्दीमा आएर पनि अधिकांश उच्च जातका मानिसहरू दलितले छोएको खाना खादैनन् पानी चल्दैन, घरमा पस्न दिइदैन, कतिपय ठाउँमा दलितले उत्पादन गरेको दुध बिक्रि हुदैन त्यसैले संसारमा देखापरेका सबै जातीय समस्या मध्ये जातीय छुवाछुत क्रुर मानिसलाई हिनता ग्रस्त बनाउने समस्या भएर देखा परेको छ (हिन्दु समाजमा महिला मुक्तिको प्रस्न, २०६७ :२०१०) ।

प्रयाग राज शर्माले आफ्नो लेख सामाजिक बहाव र संस्कृतिकरण (१९६६) मा नेपालि समाजमा व्याप्त विभेदिकरण जातीय प्रणाली प्रस्तुत गरेका छन्, उनका अनुसार सबै नेपालीहरू पवित्र वा अपवित्र सिदान्त वा नियमका अधारमा तागधारी मतवाली र पानी नचल्ने तहमा विभाजित छन् । जातिय स्तरीकरणलाई तागधारी मतवाली  पानी चल्ने र नचल्ने तहमा विभाजित गरी तागधारी अन्तर्गत जनै लगाउने ब्राम्हण, क्षेत्री ,ठकुरीलाई राखेका छन् जसलाई दुइपटक जन्मीने जात पनि भनिन्छ । मतवाली अन्तर्गत मदिरा पिउने जात भनी राखेका छन् जसमा राई, लिम्बु, गुरुङ्ग, मगर ,नेवार र दनुवार चेपाङ्ग, कुमाल लाई मतुवाली जातमा राख्दै यिनै मतवाली जात अन्तर्गत उच्च र निम्न भनि छुट्यएका छन् मतवालीहरूलाई छोइछिटो हाल्नु नपर्ने तर अन्य सामाजिक खानपिन विवाह अदिमा बन्देज रहने व्यवस्था छ । त्यस्तै दलित अछुत अन्तर्गत दलित जातीहरू पर्दछन् जसमा कामी,दमाई, सार्की,च्यामे, पोडे, गाइने आदि पर्दछन् यि जातिलाई अछुत वा पानी नचल्ने जातका रुपमा लिईएको पाइन्छ । तत्कालिन समाजमा जातअनुसार अपराधका लागी ब्राम्हणहरूले अछुतहरूलाई वढी सजायको भागिदार बनाइन्थ्यो शर्माका अनुसार नेपालका तल्ला जातका मानिसहरू आफुलाई निच ठान्नु र पछाडी पर्नुको मुख्य कारण भनेको लामो समयदेखि भोग्दै आएको जातीय छुवाछुत र भेदभावहरू हुन् (शर्मा १९६६) ।

दलितका जातहरू परिभाषामा निर्भर हुने गर्दछन् मुलुकी ऐनले निम्न दुई थरीका दलित जातहरू पहिचान गरेको छ ती हुन्

**क. पानी नचल्ने तर छोइछिटो हल्नु नपर्ने जातहरू:**

| | |
|---|---|
| मुसल्मान | धोबि |
| मधेशका तेलि | कुलु |
| कसाइ | मल्च्छ |
| कुसुल | चुडारा |

**ख. पानी नचल्ने र छोईछिटो हाल्नुपर्ने जातहरू:**

| | |
|---|---|
| सार्की | दमाई |
| कामी | गाइने |
| सुनार | बढिभाड |
| चुनारा | पोडे |
| हुड्क | च्यामखलक |

यसरि नै राष्ट्रिय दलित आयोगले निम्न २२ दलित जातहरू पहिचान गरेको छ जुन निम्न छ्न

**तालिका न. १.राष्ट्रिय दलित आयोगद्धारा पहिचान गरिएका थरहरू**

| पहाडि मुलका | तराई मूलका |
|---|---|
| १. गन्धर्भ (गाईने) | ६. कलहर |
| २. परियार (दमाई ,दर्जी, सुचिकार, नगर्चि, ढोली हुड्के) | ७. ककैहिया |
| ३. वादि | ८. कोरी |
| ४. विश्वकर्मा (कामी, लोहार, सुनार ओड, चुनारा, पार्कि टमटा) | ९. खटी |
| ५. सार्की (मिजार, चर्मकार, भूल | १०.खत्वे (मण्डल, खाका) |
| | ११.चमार (राम,मोची,हरीजन रजदास) |
| | १२.चिडीमार |
| | १३. डोम (मरिक) |
| | १४. तत्माँ (ताँती दास) |
| | १५. दुसाद( पासवान, हजारा) |
| | १६. धोवी (हिन्दु रजक) |
| | १७. पथ्थरकट्टा |
| | १८. पासी |
| | १९. वाँतर |
| | २०. मुसहर |
| | २१. मेस्तर (हलखोर) |
| | २२. सरभङ्ग (सरवारीया) |

स्रोतः राष्ट्रिय दलित आयोग

## २.२ वर्तमान नेपालमा दलितको स्थीति

२००७ सालको जनआन्दोलन पछि जातीय भेदभावको विरुद्ध आवज उठ्न थाले, २०२० मा बनेको मुलुकी ऐनले जाती भेद र छुवाछुतलाई कानुनी रुपमा निषेध गर्‍यो, २०४६ सालमा वनेको संविधानले जातीय भेदभाव र छुवाछुत पूर्ण रुपमा निषेध गरि त्यस सम्बन्धि अपराध गर्नेलाई दण्ड जरिवाना गरिने भनेता पनि हाम्रो समाजमा हजारौ वर्षको जातीय भेदभाव र छुवाछुतको संस्कार रहेकाले माथिल्लो वर्णका अधिकांश मानिसहरू आफ्नो वानी र संस्कारलाई स्वीकार्न सकीरहेका छैनन् । शिक्षितहरूको ठूलो संख्या पनि यो संकिर्ण रोगबाट मुक्त छैनन् त्यसको फलस्वरुप अहिले पनि दलितहरू सवर्ण जातिहरूको घरमा पस्ने त कुरै छोडौ पेटी र दलान सम्म पनि पस्न पाईरहेका छैनन् मन्दिर, कुवा, धारा सार्वजनिक स्थान र यहाँ सम्मकी सरकारी विद्यालयमा पनि दलितलाई ढुक्क सित प्रवेश गर्न दिइदैन दिएपनि भेदभाव गरिन्छ । ठूलाजातका आँगनमा वसेर खानुपर्छ । अविकसित ठाउँका मानिसहरूले दलितहरूलाई अछुतकै व्यवाहर गर्छन् राजनैतिक क्षेत्रमा दलित प्रति समान व्यवाहरका नारा लगाई रहेका हुन्छन् तर राजनैतिक नेतृत्वका प्रमुख स्थानहरूमा पुग्न सकेका छैनन्, आर्थिक क्षेत्रमा पछाडि छन्, भूमिहिन छन् गरिबी र अशिक्षाका कारण परम्परागत पेशामा आवद्ध भई गुजारा चलाएका दलितहरू आधुनिकिकरणले गर्दा बिदेसि मालसामान ओइरीनाले दलितहरूका पुराना सिप र प्रविधि पनि विदेसीका हातमा जानाले उनीहरू अझ वढि वेराजगारी भएका छन् यसका साथसाथै दलितहरूलाई मनोवैज्ञानिक रुपमा असर पारेको देखिन्छ भाग्य, पाप पूण्य र स्वर्ग र नरकको त्रासले गर्दा छूवाछुत र भेदभावको मानसिक रोगि भएका छन् । रुढिवादी सोचाई दमीत भावना, कुण्ठा र हिनता वोधले गर्दा ऐन कानुन र संविधानमा आफ्नो मुक्तिको प्रावधानहरू आईसक्दा पनि दलितहरूले त्यसको उपभोग गर्ने पर्याप्त आँट बटुल्न सकिरहेका छैनन त्यसकारण अविकसित गाउँतिर वस्ने वाहुन क्षेत्रिहरूले पनि दलितहरूलाई अघि वढ्न नदिने प्रयास पनि गरिरहेका छन् (प्रश्रित २०५८) ।

दलित समुदाय भित्रको सामन्तवादलाई आज सम्म पनि अन्त्य गर्न सकिएको छैन व्राम्हणवादी वर्ण अश्रमका कारण जातिय छुवाछुत र उच्च निच विचको अन्तरविरोध जुन नेपालको जात जाती विचको मुख्य वाधक वनेको छ जसले दलित समस्या, जातजाती, धर्म धर्म, रंग रंग भाषा भाषा, भूगोल भूगोल बीचको समस्या नभएर सामन्तवादी श्रमशोषणमा आधारित विभेद देखिएको छ त्यसैले दलित समस्या एउटा वर्गीय समस्या हो पछि यो एउटै

धर्म, भाषा थलो वंशका विचमा “फुटउ र शासन गर” को सिदान्तका आधारमा जातीय समस्याको दलदलमा फस्न पुगेको हो (देउल्यान २०१२) ।

## २.३ नेपालमा दलित पहिचानको स्थीति

पहिचान भन्नाले आफ्नो निश्चित भूगोल, भाषा, संस्कृति भएको जातीलाई बुझउँछ तर दलितहरूको चिनारी नै दलित भएका कारण माथिल्ला जातीहरूको शोषण दमन र छुवाछुतका घटनाहरू बन्द हुन छोडेका छैनन् त्यसैले आजभोलि दलित पहिचान दुविधामा परेको देखिन्छ र कतिपय दलितहरूले हिन्दु धर्म त्यागेर क्रिश्चियन धर्म भित्र प्रवेश गरी आफ्नो पहिचानलाई तरलता बनाउने गरेका छन् धेरैजसो (कामी, दमाई, सार्की) जातीहरू क्रिश्चियन धर्ममा लागेको र आफुलाई प्रस्तुत गर्न सजिलो महशुसस भएको साथै समान व्यवाहर पाइएको भन्दै अजभोलि वढि दलित समुदायहरू हिन्दु धर्म छोडि क्रिश्चियन धर्ममा आवद्ध भएका छन् (Jaffrelot 2004)।

दलित नेता र कार्यकर्ता (Activist) हरूले दलित पहिचानको अर्थलाई सकरात्मक रुपमा लिएका छन् किनभने दलित पहिचान दलित आन्दोलन (Movement) बाट विस्तारित हुदै आएको हो जुन एतिहासिक काल देखि नै कथित माथिल्लो जाती तथा राज्यले दवाउदै दलित पहिचान आजसम्म आइपुगेको देखिन्छ जसका कारण दलितहरू आफै प्रति हनितावोधको भावना देखाउछन् । तर दलित पहिचान एउटा राष्ट्रिय पहिचान हो जसले आफ्नो हक अधिकार का साथै सामाजिक, आर्थिक, राजनैतिक अवसरहरूको दावि गर्ने गर्दछ (भट्टचन र वि. क २००८) ।

केहि दलितहरूले नेपाली, पौड्ेल, घिमिरे,चन्द, गौतम, वस्नेत, शाक्य, वि. सि. जस्ता थर ग्रहण गर्ने गरेको देखिन्छ तर यतिले मात्र विद्यमान दलित पहिचानका समस्या समाधान हुने भए राता रात राज्यले थर बदल अभियान चलाइदिए हुन्थो तर समस्या अर्कै छ । राज्यले दलितहरूको विकाश उथ्थानमा यथेस्ठ ध्यान दिन सकेको छैन र राज्य सँग समय सापेक्ष अवसर लिन दलितहरू एकजुट हुनसकेका छैनन् (वाग्ले २०६१)।

दलित पहिचान शहरमा वसोवस गर्ने शिक्षित र राजनैतिक दलितहरूमा मात्र सिमित थियो तर आजभोली दलित सँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघ सस्था, राजनैतिक पार्टी तथा संञ्चार माद्यमका कारण दलित पहिचान विभिन्न जिल्ला हुदै गाउँ सम्म पहिचानको खोजि गर्न थालिएको छ र दलित पहिचान नयाँ पहिचानका रुपमा देखिन

थालेको छ । तर परम्परागत रुपमा पाएको दलित  पहिचान उपल्लो वर्गका वाहुन क्षेत्रिले संरचना गराउदै आएका हुन् जहाँ उनीहरूले नै दमन र शोषणको खाडल खनी छुवाछुत समेत लादेका कारण समाजका उच्च जाती लगायत राष्ट्र बाट नै दलित पहिचान तल्लो स्थानमा राखिएकोले गर्दा आज दलितहरूले घृणित र अपमानीत हुनुपरेको छ । दलितहरू छुवाछुत बाट मात्र ग्रसित छैनन् समाजिक, आर्थिक, राजनैतिक, क्षेत्रमा पनि उतिकै पछाडि छन् । दलित नेता र वुद्धिजिविका अनुसार दलितहरूलाई माथिल्लो जाति र राष्ट्रले अशिक्षित, भूमिहिन, गरिबी र भेदभावको मारमा पारेको  देखिन्छ  (Davit 2008)।

दलितको पहिचानलाई दुइ तरिका बाट हेरिन्छ पहिलो राजनैतिक रुपले स्थापित भएको पहिचान र दोस्रो सामाजिक रुपले स्थापना भएको पहिचान,राजनैतिक संरचना भित्र आर्थिक,कानूनी रुपमा हकअधिकार न्याय र पहिचान पाउनु पर्ने सवाल हुन्छन् जुन दलित नेता र कार्यकर्ता (Leader and Activist) हरूले नै संरचना गरेका हुन् त्यस्तैगरी समाजिक संरचना भित्र परम्परागत हिन्दु वर्ण व्यवस्थाका अधारमा शुद्धता र अशुद्धता भनेर तहगत रुपमा जातको पहिचानलाई छुट्याएको पाईन्छ । हाम्रो समाजमा दलितको पहिचान नकरात्मक नै हुने गर्छ किनकी कामी दमाई सार्की भनेको दलित हो र दलित भन्नाले कामी, दमाई सार्की नै हो कुनै फरक छैन भन्ने पहिचान दिने गर्छ (वि. क २००८) ।

Steven Folmar का अनुशार दलित  समुदायले आफ्नो पहिचानलाई खुलेर भन्न चाहदैनन् उनीहरूको नाम सोध्दा नाम बताउने तर थर लुकाएको देखिन्छ । पोखराको एउटा गाउँमा पहिचान सँग सम्बन्धित अनुशन्धान गर्दा त्यहाँका दलितले थर लुकाएर नाम राम बहादुर, श्याम बहादुर भनेर बताएका थिए तर तपाइको पेशा के हो भन्दा असहज मान्दै कपडा सिलाउछु भनेका थिए । त्यस्तै गरि उक्त अध्ययन स्थलमा दलित यूवती गाइका थिइन् उनले पनि आफ्नो जात लुकाएका कारण नै आफू संङ्गीत क्षेत्रमा सफल भएको बताउँछिन् तर उनले पनि थर परिवर्तन गरी आफुलाई क्षेत्री भनेर सार्वजनिक ठाउँमा आफुलाई प्रस्तुत गर्थिन् । यसरी दलित( कामी, दमाई, सार्की) हरूले आफ्नो पहिचान आफ्नै सफलता का लागि लुकाउनु परेका छ यस्तो स्थीति स्थानिय ठाउँमा मात्र नभएर सरकार कार्यलय भित्र काम गर्ने कर्मचारिहरूले समेत आफुलाई चिनउन परियार, नेपाली, अच्छामी,बोगटी जस्ता टईटल थर राख्ने गरेको देखिन्छ (Folmar 2010 November) ।

“A modest study of the current socio economic situation of lowest status caste and tribel communities in Nepal" मा दलित समस्याका बारेमा भईरहेको

अन्यायलाई राम्ररी चित्रण गरेको छ । जहाँ कैलालीमा एक किसिमको परिस्थीति देखा परेको थियो एकजना अछुत भनिने शिक्षकले कथित माथिल्लो जाती र तल्लो जातीका विद्यार्थीलाई पौष्टिक आहार कार्यक्रम बाट वितरित खाजा खान सगै बस्न लगाएको आरोपमा अफ्नो गाउँको स्कुल बाट धनगडी सरुवा गराइयो विद्यालय निरिक्षक ति शिक्षक प्रति सन्तुष्ट नै थिए तर प्रध्यापक र केही ब्राम्हणहरू शिक्षक बिरुद्ध खनिए त्यसपछि खाद्य कार्यक्रम नै रोएको थियो (शर्मा, क्षेत्रि र राना १९९४) ।

दलित पहिचान दुविधामा परेको देखिन्छ कारण न यो समुह, जाती हो न कुनै भाषीक जमात, नेपालको परम्परा देखी अहिले सम्मको शासन व्यवस्थाले दलित माथि न्याय दिन सकेको छैन । २०४६ साल पछि आरक्षण नै जनजातीहरूको मुख्य एजेण्डा वने पनि दलित एजेण्डा ओझेलमा परेको छ । दलित समस्या छुवाछुत पनि हो तर यो मात्र दलितहरूको समस्या होईन मुख्य समस्या भनेको राजनैतिक दल एवंम निति निर्माण तह र कर्मचारितन्त्रमा उनीहरूको पहुँचको कमि पनि हो यसका लागि दलितहरूको आर्थिक, सामाजिक, र सांस्कृतिक क्षेत्रमा सहभागिता हुनु पर्ने कुरा दलितहरूको मुख्य एजेण्डा भएको छ (वि.क. २०६८) ।

दलित महासघंले विभिन्न अभियानहरू संञ्चालन गरी अदालतमा मुद्दा दायर गर्ने तथा अन्यायमा परेका दलितहरूका पक्षमा हस्ताक्षर सङ्कलन गर्ने जस्ता काम गरेपनि दलित उत्थान र पहिचानका नाउँमा दस्तावेज तयार गर्ने भन्दा खासै प्रगती भएको छैन, असमानता र छुवाछुत जस्ता सामाजिक विकृतिलाई हटाउने भन्दा पनि नयाँ महत्वकाक्षी कार्यक्रम, नारा सिर्जना गर्नमा समय, पैसा, र श्रम धेरै खर्चेको देखिन्छ । धेरै गैर सरकारी संस्थाहरूको स्थापानाले दलितहरू विचको सम्वन्ध सुदृढ गर्नु भन्दा पनि उनीहरू भित्रको दुईथरि नागरिक सिर्जना गरेको छ । एकथरी दलितहरू आफ्नो अवस्था प्रति पूर्ण रुपमा सचेत छन् र आफ्नो परम्परागत सिप र व्यावसाय सुधार गर्न अनिच्छुक देखिन्छन् । उनीहरू सामाजिक रुपमा अरु समुह सरह हुनका लागि आफ्नो दलित पहिचानलाई लुकाउँछन् भने अर्को थरि दलितहरू सामाजिक आर्थिक अवस्था प्रति जानकार छैनन् तसअर्थ उनीहरू जजमानहरूलाई संरक्षकको रुपमा मान्न वाध्य छन् । सामाजिक रुपले अरु जातसरह हुनका लागि दलितहरूले आफ्नो थरमा परिवर्तन गर्नाले जनगणनामा उनीहरूको जनसख्या घटेको देखिन्छ । दलितहरू आफैमा हिनतावोध भएका कारण उनीहरू आफ्नै संरचनामा वहिस्कृत भएका छन् यो प्रवृति शिक्षित दमाई, कामी तथा अन्य दलितहरूमा वढि भएको पईन्छ (दाहाल २००४) ।

धेरै दलितहरूले आफु दलित भएकै कारण  समाजमा  विभिन्न समस्याको सामना गर्नु परेको छ  दलित युवा यूवतीहरूका साथिहरूले घरमा पस्न नदिने, छोएको नखाने विद्यालयमा नकरात्मक व्यवाहर गर्ने गर्दछन् जहाँ पहिचानको मुख्य भूमिका रहेको हुन्छ । यस्ता उदाहरण काठमण्डौमा वसोवास गर्ने नेवार(पोडे,च्यामे) दलितहरूलाई विवाह, भोजभतेर साथै घर भित्र पस्न बन्देज गरिएको छ  जुन दलित पहिचानका कारण  नेवार दलितहरू छुवाछुत र भेदभाव बाट मुक्त हुन सकेका छैनन् (खरेल २०१०) । पराजुलि (२००६) का अनुसार आजभोलि पनि दलितविद्यार्थीहरूले काठमण्डुमा डेरा नपाउनुका साथै थुप्रै सेवासुविधा बाट बञ्चित हुनुपरेको छ ।

जात र जातीय पहिचानलाई सामाजिक र सांस्कृतिक संरचनाले बाधाक बाएका छन् जसलाई हटाउन गरिबी निवारण र आर्थिक वृदिले मात्र हटाउन सकिन्छ (Bennet, 2006) ।

दलित पहिचान भित्र नकरात्मक र सकरात्मक गरि दई पक्ष रहेका छन् कहिले कहि भेदभाव  बाट टाढा रहन  प्रतिस्पर्धाको लागी दलित शब्द प्रयोग  गर्छन् भने कहिले कहि आफु तिरस्कृत हुन नपरोस भनेर आफ्नो पहिचान लुकाउने गर्दछन् किनभने दलितहरू परम्परागत हिन्दु ब्राम्हण सामन्तवादी संस्कृती बाट भेदभाव ग्रसित छन् बारम्बार भेदभाव सहनु परेको कारणले  ठाउँ अनुसार आफ्नो पहिचान लुकाउने  गर्छन् (Green, 2006)।

आज सम्म पनि दलितहरू भेदभावको मारमा परीरहेका छन् नेपालमा २०५ किसीमका भेदभाव ज्यूका त्यू छन् १९६४ को मुलुकी ऐनले भेद भावलाई कानुनी रुपले हटाए पनि अभ्यासमा भने जस्ताको तस्तै छ उपल्लो जातको घर भित्र पस्न, मन्दिर प्रवेश गर्न आज पनि दलितलाई दिईदैन प्राय उनीहरूको वासस्थान अन्य ठूला जातको भन्दा अलग स्थनमा राखिएको हुन्छ । दलितहरूलाई मरेको गाई भैसीको मासु खाने तल्लो जात भनि घृणा गर्ने, विना ज्याला अत्याधिक श्रम गर्न लगाउने ठूला जातहरूका अगाडि बोल्न नहुने, यदि बोलेमा उनीहरूलाई शारिरीक सजाय सम्म दिने गरिन्छ (Dahal et al 2002)।

१०४ वर्ष लामो जहाँनिया राणा शासनको  अन्त्यपछि १९५० मा लोकतन्त्र आएपनि जातीय छुत र भेदभावको पक्षपाती पुरानो मुलुकी ऐन लाई निरन्तरता लिईयो तर पछि संन १९६४ मा रजा महेन्द्रले नयाँ मुलुकि ऐन जारी गरेर जातीय छुवाछुतको अन्त्य गरेको दावी गरे पनि जातीय छुवाछुत गर्नेहरूका लागी छुवाछुत विरुद्ध कडा दण्डको व्यवस्था नभएकोले धार्मिक, सामाजिक राजनैतिक र कानुनी क्षेत्रमा विद्यमान जातीय छुवाछुत र विभेद अन्त्य गर्न सकिएन सर्वव्यापि संस्थागत बहुआयमिक जातिय छुवाछुत विभेदलाई अन्त्य गर्नका

लागि कुनै व्यवस्था भएन राज्यले दलित सशक्तिकरणको लागी कुनै बिशेष आर्थिक र राजनैतिक कार्यक्रमहरू ल्याएन, नयाँ मुलुकी ऐनले पनि खाने कुरा र शरिर आदिमा जातीय छुवाछुत र विभेद गर्नेहरूलाई कमजोर पार्ने काम मात्र गर्‍यो दलितहरू हिन्दु व्यवस्था, कथित माथिल्ला जात र आदिवासी जनजातीहरू सँग आफ्नो अस्तित्व रक्षा र जिविकोपार्जनको लागी निर्भर रहेकाले उनीहरूले गर्ने जातीय छुवाछुत र विभेदका विरुद्ध संघर्ष गर्न सक्ने अवस्था रहेन (नेपालमा दलितको स्थीति विश्लेषण २००२ : ४९) ।

## २.४ दलित पहिचानमा देखिएको समस्या

कुनै वर्ग वा समुदायका लागि आफ्नो अधिकार प्राप्त गर्ने पहिलो आधार उसको पहिचान हो । सही पहिचान विना अधिकार प्राप्त गर्ने सम्भावना अत्यन्त न्यून रहन्छ तर संविधानसभा विषयगत समितिद्धारा प्रस्तुत मस्यौदाले दलित पहिचानको मुद्धालाई सही रुपमा संवोधन गर्न सकेको छैन सांस्कृतिक र सामाजिक ऐकबद्धताका आधार निर्माण समितिले तयार गरेको मस्यौदाको धारा ६ मा सामाजिक न्याय सम्बन्धि व्यवस्था गरिएको छ यसको उपधारा २ मा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्ट्रिले पछाडी पारिएका उत्पिडित क्षेत्र वर्ग र समुदायलाई दलित समुदायका रुपमा व्याख्या गरिएको छ जहाँ महिला दलित जनजाति, मधेसि तराईवासि समुदाय, मुस्लीम, कमैया, हलिया, चरुवा कम्लरी, बुकही, धोबी मुसहर, बातर, डोम, माझी, अल्पसंख्यक, सिमान्तकृत तथा आर्थिक, सामाजिक, र शैक्षिक रुपमा पछाडि परेका जातिसमुदाय हुन भनि उल्लेख गरेको छ तर उक्त मस्यौदाले पछाडि पारिएका उत्पीडित समुदाय भित्र दलितलाई समावेश गरेता पनि दलितको छुट्टै पहिचान गर्न सकेको छैन त्यस्तै गरि अल्पसंख्यक तथा सिमान्तकृत समुदायका हकअधिकार संरक्षण समितिको प्रतिवेदनमा बहिस्करणमा पारिएका समुदाय भन्नाले जातिय विभेद र छुवाछुतमा पारिएको भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक, यौनिक वा क्षेत्रिय उत्पिडनमा परि शारिरक वा मानसिक अशक्तता, अपांगताका कारण राज्य सत्तामा समावेस हुन नपएका समुदाय भनि परिभाषित गरेको छ तर समितिको प्रतिवेदन र मस्यौदामा कतैपनि दलितलाई छुटैरुपमा पहिचान गरेको छैन त्यसैले दलित पहिचान विरोधाभास भएको देखिन्छ (http:www.nde.gov.np/opensecti on .php? secied=47) ।

जातिय पहिचान र छुवाछुत विरुद्ध गाउँ देखि राष्ट्रिय स्तर सम्मनै सुनुवाई हुनु पर्छ स्थानिय समाज देखि राष्ट्र ले सरकारी तवर बाट नै छुवाछुत विरुद्धको कदम चालेन भने अन्त्य हुन सक्दैन तर आज पनि आफ्नो हक अधिकार र पहिचान बीच द्धन्द चलिरहेको छ

शिक्षित दलितहरूले भेदभाव रहित हक अधिकार स्वतन्त्रता स्थापनागर्न उच्च जाती वा वर्गसँग प्रयासरत छन् तर पनि समाधान भने भएको छैन (http://www.linguateca.pt Caste system.xml Accessed on 22-6-2012)।

पदमलाल विश्वकर्माका अनुशार सार्वजनिक स्थलमा जातीय भेदभावलाई दण्डनिय गरिने भएता पनि देश भित्रका अधिकांश दलितहरू होटल, पसल, विद्यालय, साथै डेरा लगायत भेला सभामा दलितले उपभोग गर्न लाग्दा ठूला जातीहरूको अपमान, आक्रमण, सजाय र दण्ड खप्नु पर्दछ । कुनै ठाउँमा त ज्यानै गुमाउनु पर्ने घटना पनि घटेका छन् उनका अनुसार नेपालको पश्चिम पहाडी क्षेत्रमा मान्छेलाईत के कुरा तिनका घर आँगन, झारपात कुकुर विरालो समेत दलितले छुन नहुने कथम्कदाचित छोई हालेमा छोईछिटो हालेर चोख्यउने चलन अझै छदैछ त्यस्तै तराईमा आफु दलित भएकै कारण धेरैजसो सार्वजनिक स्थलमा प्रवेश निशेध र भाडा वर्तन छुन नहुने तर छोएमा दुई गुना मुल्य तिर्नु पर्ने स्थीति छ त्यस्तै गरि पश्चिम पहाड र तराईका दलित वालवालिकाहरू विद्यालयमा अलग वस्नु पर्ने, उच्च जातका मानिसहरूले दलित चेलिवेटिहरूलाई स्वार्थ सिद्ध व्यवाहर गरि वैवाहिक सम्वन्ध भए पनि दलित जात भएकै कारण गाउँ समाज मिलेर केटाकेटिलाई अलग गराउने घटना आजसम्म कायमै छन् (राई २०५८) ।

दलितहरूले आफ्नो पहिचानलाई ठाउँ अनुसार परिवर्तन गर्ने गरेका छन् जसले गर्दा उनीहरूको पहिचान परिवर्तनशिल हुदै गएको छ दलित पहिचान असमान रुपले जातीय पहिचानमा विभाजन भएको छ जुन परम्परागत हिन्दु सामाजिक व्यवस्था बाट जन्मभई फरक रुपले दलित पहिचानमा स्थापित भएको छ त्यसैले आधुनिक समयमा देखिएको दलित पहिचान पुरानो हिन्दु सामाजिक व्यवस्था सँग मिल्दो जुल्दो देखिदैन (वि.क.२०१२) ।

जात उपजात र जाति उपजाती बीचको विभाजन र अन्तर्कृया मुलुको संस्कृतिको एक महत्वपूर्ण पाटो हो जात विभाजनको मुल पक्ष बैधानिक रुपले असमानतालाई स्थापित गर्नु हो । जातीहरू बीचको विभाजन भने फरक क्षेत्रियता, भाषा संस्कृती आदिमा आधारीत हो, यद्यपि खास गरी उपजातीय विभाजनमा केही असमानता रहेको पनि पाईन्छ । सनं १९६२ को मुलुकी ऐनले जनजाती विचको मानवता बिरोधी कानुनी विभेदको अन्त्य गरे पनि वास्तविक व्यवहारमा जातजात विचमा सामाजिक, राजनैतिक र आर्थिक असमानता अझै व्यापक र गहिरो छ । मानवीय विकाशका विभिन्न आयामहरूमा पनि जातजातिहरू बीच ठूलो असमानता छ । यस्तो असमानताको मात्रा खास गरी तथाकथित “माथिल्लो जात” र दलितहरूको बीच अत्यन्त धेरै छन् (नेसाक १९९८:४) ।

(Gellner and declon Quigley) ले काठमाडौ र ललितपुरमा सहभागीता मुलक अवलोकनबाट अध्ययन गरेको आफ्नो पुस्तकमा जयस्थिती मल्लले काठमण्डौ उपत्यकाका नेवारहरूमा पनि उच्च नेवार र निम्न नेवार अर्थात श्रम विभाजनको आधारमा नेवार भित्र छुत र अछुत भनि छुट्याए जसले नेवार जातमा सामाजिक स्थिरता कायम गर्न सक्षम भयो । नेवारी समाजमा हुने विभिन्न कार्यहरू जाती विभाजन अनुसार हुन थाल्यो । सोही नियन्त्रणमा महत्वपूर्ण भुमिका खेल्न सम्पन्न भयो नेवार समुदायमा एउटै भाषा भित्र पनि पानी चल्ने तर विवाह वारी नहुने र पानी नचल्ने समाजिक संरचना छ । बाजा वजाउने, कपाल काट्ने, मासु काट्ने कसाई,कुचीकार तल्लो अर्थात अछुत जातको रुपमा रहेको छ भने उच्च जात अर्थात ब्रम्हणको रुपमा गुभाजू बज्राचार्य रहेका छन् नेवार ब्राम्हण तल्लो नेवारी जातिमा पूजा आजा गर्दैनन् उपजातमा सवैभन्दा बढि विभाजीत जात नेवार हो नेवारीहरू हिन्दु र वौध धर्म दुवै मान्दछन् । यिनीहरूमा अन्तरजातीय विवाह भनेको असम्भव र कठोर हुने गर्छ । तर नेपाल अधिराज्यमा पहिचान गरिएका धेरै थोरै संख्यमा उपस्थीत रहेको नेवार समुदाय काठमण्डौ उपत्यका भित्र, ललितपुर, भक्तपुरमा आफ्नो अधिपत्य जमाएका वर्ग आर्थिक पहिचानले सम्पन्न छन् । नेवार भित्र पनि जाती व्यवस्थामा विभाजित भएपनि नेवार दलित, पहाडि दलित तर तराई दलितको भन्दा सामाजिक आर्थिक पहिचान उच्च छ उदाहरणको लागी  खड्गी जाती कसाई हो । यसको काम मासु काट्ने र विक्रि गर्ने हो । कसाई नेवार जाती भएता पनि यसले काटेको मासु अन्य माथिल्ला जातिका नेवारले खाने गर्दछन र यिनिहरूको व्यवसाय र वजारमुखी हुनाले  उनीहरू आर्थिक रुपमा सम्पन्न भए । अहिले आएर नेवारको पानी नचल्ने जातका व्यक्तिहरू शैक्षिक रुपमा पनि अगाडि नै रहेका छन् । उनीहरूले खड्गीको सट्टा (खड्का) लेख्न थालेका छन् जसले पर्वतीय क्षेत्रीको थर जनाउँछ ।

(David and Quigely:1995) यसरी जाती व्यवस्थामा समाज र धर्म संस्कृति अनुसार सामाजिक व्यवस्था फरक फरक हुन्छ । नेवार जाती वौध धर्मबाट प्रभावित छन् । हिन्दु दलित समुदायलाई भन्दा नेवार दलित समुदायलाई सामाजिक रुपमा उच्च स्थान र वढी स्वतनत्रता दिईन्छ । अन्य समुदायको तुलनामा दलित समुदायहरू अशिक्षित, वेरोजगारी, सुकुम्बासी गरीब,शोषित,फोहोरी जस्ता समस्याले दलितहरूको आत्मा सम्मान खोसिएको छ (जनउत्थान २००१ :१०) । देशमा जति पनि गरिबीको संख्या छ । त्यसमा सबैभन्दा बढी दलित वर्ग रहेको छन् र पिडित पनि दलितहरूनै रहेका छन् समाज राष्ट्र हरेक वर्गको समिश्रण हो राष्ट्रको एउटा खम्बा मात्र कम्जोर भयो भने सम्पूर्ण देश कम्जोर हुन्छ त्यस्ता दलित बर्ग पनि ति खम्बा मध्ये एउटा खम्बा हो (झा, २०५६ :२३) ।

# अध्याय तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनको क्षेत्र तेह्रथुम जिल्लाको हम्मरजुङ्ग गा.वि.स.लाई छानिएको छ । यस गा. वि. स.को वडा नं ४ र ७ मा मात्र दलित समुदायको बस्ती भएकालेनै यी दुई वार्डहरूमा अध्ययनलाई सिमीत गरिएको छ । यस गा. वि. स.लाई नै अध्ययन क्षेत्रछनोट गरिनुका कारणहरू निम्न अनुसार छन् ।

१. दलित माथि शोषण र दमनका घटना उक्त स्थानमा देखिएकाले ।

२ उक्त स्थानमा दिन प्रतीदिन आफ्नो पहिचानलाई लुकाएर हिड्नु पर्ने समस्या देखिएकाले ।

३. दलितहरूलाई गरिने अमानवीय व्यवाहर (छुवाछुत) यथावत रहेकाले ।

४ अध्ययन क्षेत्रको वस्तुस्थीति अनुसन्धान कर्ताले प्रत्यक्ष रुपमा आफ्नै आँखाले देखेको हुनाले ।

## ३.२ अध्ययनको ढाँचा

अनुसन्धान गर्दा अन्नवेशणात्मक तथा वर्णनात्मक दुवै खाले ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको बारे गुणात्मक तथ्यहरूको संकलनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । बिशेषगरी दलित जातीका (कामी ,दमाई, सार्की) हरूको सामाजिक आर्थिक पहिचानको अवस्थाको सम्वन्धमा निष्पक्ष रुपमा सम्बन्धित तथ्यहरू संकलन गरी अन्नवेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनोट विधी

वि.स. २०६७ सालमा: श्री सरस्वती उच्च माद्यमिक विद्यालयले लिएको तथ्याङ्कलाई हेर्दा हम्मरजुङ्ग गा.वि.स.मा जम्मा ३,७८० जनसख्या पाइयो उक्त तथ्याङ्क र २०६७ सालमा नै (DAS NEPAL) नामक संस्थाले गरेको अनुसन्धानको तथ्याङ्कलाई हेर्दा दलितको संख्या वार्ड न.४ र ७ मा मात्र अत्याधिक रहेको र केही मात्रामा अन्य वार्डमा पनि छरिएर वसोवास गरेको पाइयो जसमा वडा नं ४ र ७ मा गरी दलितहरूको संख्या ६५ घर धुरी

पाईयो जसमा वाँकि ५ घरधुरी वसाईसरेकाले जम्मा ६० घर धुरी लाई यस अध्ययनमा छनोट गरीएको छ भने गणना विधी (census method) द्धारा तथ्याङ्क संकलन गरीएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथा दितीय दुवैखाले स्रोत बाट तथ्याङ्क तथा सुचना लिईको छ ।

१. प्राथमिक स्रोत :अवलोकन, अन्तरवार्ता, घरधुरी सर्वेक्षण, प्रश्नावली पत्र, समुहगत छलफलको माद्यम बाट तथ्याङ्क संङ्कलन गरिएकको छ ।

२. दितीय स्रोत : भएका तथ्याङ्कहरूमा विभिन्न पुस्तक पत्रपत्रिका यस अघि भएका खोज अनुसन्धान तथा स्थानिय सघं संस्था,विविध समाजसास्त्रीय मानवशास्त्रीय विद्धानहरूले लेखिएका लेख रचना, प्रतिवेदन, अभिलेखबाट आवश्यक र उपयोगि तथ्याङ्कहरू लिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका तरिकाहरू

### ३.५.१ घरधुरि सर्वेक्षण, प्रश्नावली

दलितहरूलाई प्रत्यक्ष भेटेर उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक शैक्षिक मनोवैज्ञानिक पक्षका साथै दलितको इच्छा चाहाना जस्ता पक्षसँग सम्बन्धीत प्रश्नहरू गरी यस अध्ययनलाई आवश्यक पर्ने जानकारी संकलन गरिएको छ जसमा दलित व्यक्तिहरूले बुझ्न र उत्तर दिन सक्ने गरि प्रश्नपत्र बनाएर अन्तवार्ता लिएको छ ।

### ३.५.२ अवलोकन

यस अध्ययनको लागि तेह्रथूम जिल्ला हम्मरजुङ्ग गा.वि.स.को वार्ड न. ४ र ७ मा वसोवास गर्ने दलितहरूको व्यक्तिगत जिवन सँग सम्वन्धित शैक्षिक लागायत समाजिक, सांस्कृतिक र आर्थिक पहिचानका वारेमा अनुभव गरी प्रत्यक्ष रुपमा उनीहरूको जीवन पद्धति बुझ्नका लागी यो पद्धति अपनाइएको छ । यस क्रममा दलित समुदायको व्यक्तिगत र समुहगत पहिचान के कस्तो छ भनेर अनुमान गर्नुका साथै सामाजिक क्षेत्रमा उनीहरूको स्थान कस्तो छ, दलित पहिचानको कारण समाजमा देखिएका समस्याका करणहरू के के हुन सक्छन् । दलितहरूले सार्वजनिक र स्थानिय स्थानमा आफुलाई कसरी चिनाउने गर्दछन् त्यसमा छुवाछुतले पारेको प्रभावको बारेमा ठोस तथ्य कुरा पत्ता लगाउने प्रयत्न गरिएको

छ । यस क्रममा उत्तरदाताहरू सँगको अध्ययनमा समेटिएका दलित परिवारहरूको पारिवारिक अवस्था कस्तो छ, र उनीहरूलाई अन्य जातीहरूले हेर्ने दृष्ट्रिकोण र माथिल्ला जातीलाई दलितहरूले हेर्ने दृष्ट्रिकोण विश्लेषण गर्ने र उनीहरू विचको समाजिक, आर्थिक, सांस्कृतिक पहिचानको अवलोकन गरिएको छ ।

### ३.५.३ अन्तरर्वार्ता

यस अध्ययनमा सम्बन्धित व्यक्तिहरू सँग प्रत्यक्ष भेटी सम्बन्धित विषयका बारेमा तयार पारिएका प्रस्नको अधारमा उत्तरदाता र शोधकर्ता बिच दोहोरो वार्तालाभ गरिएको छ । साथै दलित पहिचानमा देखिएका सकरात्मक नकारात्मक पक्ष र दलितहरूको आफ्नो पहिचान प्रतिको आशा निरासा समस्या जस्ता प्रश्नहरू गरी अध्ययनलाई आवाश्यक पर्ने जानकारी संकलन गरिएको छ । जसमा दलितहरूले वुझ्न सक्ने र उत्तर  दिन सक्ने गरी अन्तवारवार्ता लिइएको छ ।

### ३.५.४ समुहगत छलफल

समुहगत छलफल खास गरी दलित जातीहरू नै भएकाले उनीहरूका समस्यालाई उनीहरूले कसरी बुझेका छन् र आफ्नो पहिचानलाई कसरी बुझ्ने र बुझउने गरेका छन् दलित समुलदायले किन आफ्नो जातीय पहिचान लुकाएर हिड्नु परेको छ ? किन आफ्नो पहिचानलाई निश्चित ठाँउमा मात्र प्रस्तुत गर्छन ? र छुवाछुतको प्रभाव आफ्नो पहिचानको कारणले नै भएको हो ? भन्ने प्रस्नात्मक विषय बस्तुको बारेमा समुहगत छलफल गरिएको छ जसमा उनीहरूले आफ्नो कुरा स्वतन्त्र रुपमा राखेका छन् । सरोकार पक्ष सँग वयत्तिक अध्ययन र अन्तरक्रिया गरि सकेपछि त्यहि समाजका समाजिक अगुवा व्यक्तिहरूलाई भेलागरी हम्मरजुङ्ग गा.वि.स. स्थीत "पिपलवोट चौतारीमा" समुह सँगको छलफल गरिएको थियो । उक्त छलफल कार्यक्रममा दलित महिलाहरू, दलित पुरुषहरू, सामाजिक अगुवा महिलाहरू, शिक्षक,कार्यकर्ता र वडा सदस्यहरूको सहभागिता रहेको थियो । ति विषयमा सामुहीक छलफल गरि तथ्याङ्क संकलन गरिएको थियो । संकलित तथ्याङ्कहरूको प्रस्तुति यस शोधपत्रको तथ्यहरूको विशलेषण खण्डहरूमा विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

अध्ययन अनुसन्धानको सफलता नै तथ्यहरूको समुचित विश्लेषण तथा प्रस्तुतिकरणमा भर पर्ने हुँदा यस शोधपत्रको उदेस्य सँग सम्वधित भएर संकलित विभिन्न

किसिमका तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरेर विश्लेषण गरिएको छ । उक्त तथ्यहरूको प्रकृति हेरी गुणत्मक तथ्यहरूलाई तथ्यपरक वनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई बुझ्ने गरी तलिकीकरण गरि बिश्लेषण गरिएको छ । दलित पहिचानले दलितलाई पारेको प्रभाव अध्ययनका लागी संकलित तथ्याङ्कको प्रकृति (गुणात्मक र संख्यात्मक) आधारमा विश्लेषण गरि तालिका बनाई तालिकिकरण गरिएको छ ।

### ३.७ वैयतिक अध्ययन

वैत्तिक अध्ययन त्यस्तो गहन र जटिल प्रकृतिको अध्ययन हो यसमा अनुसन्धानको विषयलाई व्यक्तिगत एकाई मानेर त्यसको वृहत अध्ययन गरी सुचना संकलन गरिन्छ । दलित पहिचानले दलितहरूलाई पारेको प्रभाव र उनीहरूका समस्या र दलितहरूको आफ्नो जातीय पहिचानको अवस्था के कस्तो छ ,आफुलाई दलित भनेर चिनाउँदा परेको असर हाल भोग्दै आईरहेका विद्यमान छुवाछुतका सम्पूर्ण पक्षको वारेमा व्यक्तिगत रुपमा गरिएको छ । यसले दलित पहिचानले दलितलाई पारेको प्रभावको बारेमा उनीहरूको यथार्थतालाई प्रस्ट्याउन सफल भएको छ ।

### ३.८ अध्ययनको सांगठनिक ढाचाँ

यस सोध पत्रलाई आठ खण्डमा विभाजन गरीएको छ । ‘पहिलो’ अध्यायमा अध्ययनको सामान्य परिचय लाई समावेश गरीएको छ । यस भित्र अध्ययनको पृष्ठभमि, शोधपत्रमा समेटिएका समस्याहरू अध्ययनको महत्व र सिमालाई समेटिएको छ । त्यस्तैगरी ‘दोस्रो’ अध्यायमा सन्र्दभ साहित्य अन्तर्गत नेपालमा दलितहरूको अवस्था र छुवाछुतका समस्या लगायत दलित पहिचानका समस्याहरूको विषयमा गरीएको खोजग्रन्थहरू अध्ययन गरी उपयुक्त विषय वस्तुलाई संलग्न गरीएको छ । ‘तेस्रो’ अध्यायमा शोध विधी प्रक्रियालाई समेटिएको छ । यस अन्तर्गत अध्ययनको क्षेत्र, अध्ययन विधी तथा नमुना छनोट, र तथ्याङ्कका स्रोतहरू उल्लेख गरीएको छ ।


अध्याय ‘चार’ मा अध्ययन क्षेत्रको भौगोलिक सामाजिक, आर्थिक विवरणहरू प्रस्तुत गरीएको छ । अध्याय ‘पाँच’ मा दलित जातीहरूको व्यक्तिगत र समुहगत पहिचान सम्वन्धि स्थानिय र सार्वजनिक क्षेत्रमा दमाई, कामी र सार्की जातीहरूको पहिचान परिवर्तन गर्नु पर्ने समस्याको विषयलाई समेटी दलितले भोगेका समस्याहरूको भुमिका वयत्तिक अध्ययन बाट चर्चा गरीएको छ । अध्याय ‘छ’ मा दलित समुदाय भित्र देखिएका समस्या समस्याका

कारणहरू र असरहरू लाई समेटी दलित पहिचान लुकाउने र देखाउने साथै परिवर्तन गर्ने विषय प्रस्तुत गरीएको छ । भने अध्याय 'सात' मा दलित समुदायमा देखापरेका सामाजिक, आर्थिक पहिचानमा छुवाछुतले पारेको असरहरूको विश्लेषण जस्तै स्थानिय स्तरमा हुने सभा गोष्ठिहरूमा दलितहरूको असहभागीता विद्यालयमा दलित विद्यार्थीलाई गरीने छुवाछुतका व्यवहारका वारेमा अध्ययन गरी विष्लेषण गरीएको छ । अध्याय 'आठ' मा अनुसन्धानको सारशं निष्कर्ष र सुझावलाई समेटिएको छ अन्त्यमा अध्ययन गर्दा प्रयोग भएका सन्दर्भ सामाग्रीहरू र सोधका लागी प्रयोग गरीएको प्रस्नावलीहरू प्रस्तुत गरीएको छ ।

### ३.९ अध्ययनको अवधारणागत खाका


यस अध्ययनमा दुइृवटा अवधारणात्मक खाका तयार गरीएको छ । खाका नं १.मा समग्रह दलित समाजमा कामी,दमाई र सार्कीहरूको सामाजिक पहिचानका पक्षमा छुवाछुतले पारेको प्रभावलाई विश्लेषण गरीएको छ भने खाका नं २ मादलितहरूको समुदाय भित्र सामाजिक सास्कृतिक र आर्थिक पहिचानको अवस्थालाई विश्लेषण गरीएको छ ।

**अवधारणात्मक खाका न. १**




अवधारणा खाका नं १ ले के स्पष्ट पार्दछ भने समग्रह समाजमा जाति व्यवस्था भित्र रहेका विद्यमान विभेदका प्रचलन तथा व्यवहारले कुनै पनि जात वा जातीको सामाजिक/ सांस्कृतिक, आर्थिक पहिचानमा असर पारेको हुन्छ । हम्मरजुङ्ग गा. वि.का दलितहरूको पहिचानमा त्यस समाज भित्र रहेको छुवाछुतको प्रचलनले गर्दा सामाजिक र आर्थिक दुवै

पक्षमा असर पारेको देखिन्छ । जसको परिणाम स्वरुप त्यहाँका  दमाई, कामी र सार्कीहरू सामुदायिक क्रियाकलापमा कम सहभागिता जनाउने, आर्थिक अभाव, रोजगारीमा ककम पहुँच, राजनैतिक सहभागितामा कमी, निर्णय प्रक्रियाको सहभागीतामा शुन्यता लगायत सांस्कृतिक सहभागितामा समेत वन्देज लगाएको पाईन्छ । जसले गर्दा यी दलितहरूको अवस्था अन्य जातीहरूको भन्दा निम्न अवस्थाको देखिन्छ ।




खाका नं २ ले के स्पष्ट पार्दछ भने दलित समुदाय  भित्र समग्रहमा एकै किसिमका सामाजिक, आर्थिक पहिचान भएता पनि दमाई ,कामी ,सार्की विचमा उच्चता र निच्चताको भावना भएकाले जातीय शुद्धता सम्वन्धि धारणामा कट्टर रहेको देखिन्छ र त्यस समुदाय भित्र छुवाछुत प्रति प्रमुख महत्व राख्ने हुनाले दमाई ,कामी र सार्की बीच तँ ठूलो र मँ ठूलोको मुल्याङ्कन गरेको देखिन्छ । जसको परिणाम स्वरुप स्थानिय क्षेत्रमा समेत दलित महिला पुरुषहरू विच असामानता देखिन्छ जस्तो दलित महिलाहरू पुरुषको तुलनामा स्वतन्त्र रुपमा घर वाहिर हिड्न पाउदैनन् भने सामाजिक पहिचानका गतिविधीमा भने दुवै स्वतन्त्र भएको देखिन्दैन । यसरी हेर्दा दलित समुदाय भित्र केही भुमिकामा महिलाहरू तल रहेतापनि समग्रह दलितहरूको सामाजिक,आर्थिक पहिचान लगायत उच्च निर्णय प्रक्रियामा भाग लिने जस्ता भुमिकामा कुनै पनि दलितहरूको महत्वपुर्ण स्थानरहेको देखिन्दैन ।

## अध्ययन चार

# अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

### ४.१ भौगोलिक परिचय

नेपालको पूर्वाञ्चल विकाश क्षेत्रको कोशि अञ्चलका छ जिल्लाहरू संखुवासभा, तेह्रथूम, मोरङ्ग धनकुटा, सुनसरी र भोजपुर मध्ये मद्यपहाडी प्रदेशमा अवस्थित जिल्ला तेह्रथुम हो । यो जिल्ला महापर्वत श्रङखलाको उत्तरी भागमा अवस्थित छ । तमोर नदि तथा अन्य खोला किनारमा केहि टाहार र वेशी रहे पनि अधिकाशं भाग भिरालो रहेको छ । यस जिल्लाको पूर्वतर्फ ताप्लेजुङ र संखुवासभा तथा दक्षिणतर्फ धनकुटा र पाँचथर जिल्लाहरू पर्दछन् यो जिल्ला समुन्द्रसतह बाट ३२२ मिटर देखि ३०३४ मिटरको उचाइमा अवस्थित छ । जिल्लाको सवैभन्दा अग्लो ठाउँ तिनजुरे डाँडाँ हो भने सवैभन्दा होचो ठाउँ पञ्चकन्या हो यो जिल्ला विश्व मानचित्रमा २६°६६' देखि २७°३०' उत्तरि अक्षांश र ८७°२५' देखि ८७°४५' पूर्वी देशान्तर भित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ६७९ वर्ग किलोमिटर सम्म संख्या २०६८२ तथा औसत जनघनत्व प्रति घरधुरी ५.४७% र राष्ट्रिय जनगणनामा ०.४९% रहेको छ धर्मका आधारमा हिन्दु ४१.२७%, किराँत ३६.५३%, वौध ११.३४%, क्रिशिचियन ०.४५%, इस्लाम ०.०५% मानिसहरूको वसोवस रहेको पाईन्छ (जि. वि. स. २०६८) ।

तेह्रथुम सदरमुकाम म्याङलुग बाट १३ कोष पशिचमको दुरीमा हम्मरजुङ्ग गा. वि.स. रहेको छ । परापूर्वकालमा हाङमारानी वस्ने गरेको र लिम्वु संस्कार अनुसार फेदाङवाले राम्रो मानमनितो नगर्दा देवि पाँचथरको यासोकमा देविको अवतार लिएर वसेकी हुनाले यसलाई हाङमारानि भन्दै हम्मरजुङ्ग नामाकरण भएको किम्वदन्ती रहेको छ यो गा.वि.स.मा सिधुवा शुक्रवारे मोटर बाटोले जोडिएको हुदाँ यहाँका वासिन्दालाई आवत जावत गर्न सहज देखिन्छ । यो गा. वि. स. को पशिचममा आङदीम, पूर्वमा फाक्चामारा, पञ्चकन्या रहेको छ भने उत्तरमा धनकुटा जिल्लाले छोएको छ भने दक्षिणमा पाँचथरलाई तमोर नदिले छोएको छुट्याएको छ । यस गा. वि.स.को तल्लो भाग सुख्खा ग्रस्त रहेको छ तल्लो भेगका जनतालाई अत्याधुनिक रुपमा खाने पानीको समस्या देखिन्छ यस गा.वि.स.को क्षेत्रफल ३१ हजार २ सय ४१ रोपनि रहेको छ २०५८ को जनगणना अनुसार जनसंख्याको हिसबले

विभिन्न जातीको वसोवास रहेको छ यस गा.वि.स. मा दलित ८२ जनजाती १७६७ अन्य १३५५ गरि जम्मा ३५०४ जना रहेका छन् यस गा.वि.स. मा क्षेत्री, वाहुन, दमाई, कामी सार्कीको मिश्रित बसोबस रहेको छ ।

## ४.२ प्राकृतिक सम्पदा

हम्मरजुङ्ग गा.वि.स.वडा नं ४ र ७ मा वसोवास गर्ने दलित समुदायमा कामी, दमाई, सार्की पर्दछन् । यस दलित समुदाय सँग प्रत्यक्ष सरोकार भएका प्राकृतिक सम्पदाहरूमा  वन वनस्पती खोलानाला  पानीको मुल आदि नै हुन् वडा नं ४ र ७ का दुवै दलित समुदायले आफ्नो खोला र खेतको वन बाट आफु र आफ्नो  परिवारलाई आव्यश्यक पर्ने वनजन्य आवश्यक्ताहरू जस्तो दाउरा ,घाँस, सोत्तर तथा काठपातहरू उपयोग गर्दछन् वडा न.४ अन्तर्गत भिरकुना नामक सामुदायिक वन भएपनि दलित समुदाय आवद्ध छैनन् तर यही वसोवास गर्ने वाहुन क्षेत्रिहरू भने उक्त वनको सदस्यता पत्र लिएर सामुदायीक बनका सदस्य भएका छन् । दलित समुदायलाई पनि गा.वि.स.को वनसमितिबाट पत्र नआएको भने होइन तर दलितहरू आफैले कुनै चासो नदेखाएका र दलितहरूलाई पनि समितीले सदस्यता पत्र लिनुपर्छ भन्ने कुरामा जोड नदिएका कारण दलित समुदायले भिरकुना सामुदायिक बनबाट वनजन्य आवाश्यक्ताहरू पूर्ति गर्नबाट वञ्चित भएका छन् तर उक्त सामुदयिक वनबाट आवाशयक्ता आपुर्ति गर्न वनजंगल थोरै मात्र भएपनि उपभोग गर्न भने पाएका छन् ।

त्यस्तै गरि वडा नं. ७ मा पनि च्याङच्याङगढी नामक सामुदायीक वन छ उक्त वनमा केही दलित समुदाय सक्रियरुपमा आवद्ध छन् जहाँ आवश्यक्ता पुरा गर्दछन् । यस्ता सामुदायिक वन भएकाले घाँस सोत्तर र दाउराहरू नियमित रुपमा  निश्चित अवधिका लागि खुल्ने गर्दछन् दलित समुदायले अरुको जतिकै अनुपातमा वन सम्पदाको उपयोग गर्छन् भने यस्ताकार्यमा वडा न. ४ मा भन्दा  वडा न. ७ का दलित समुदाय केही अगाडि देखन्छन् । उनीहरूले आफुहरूको आवाश्यक्ताको परिपुर्तीको साथै वढी संकलन गरी काठ दाउरा विक्रिवितरण गरि केही आर्थिक लाभ पनि लिने गर्दछन् घाँस सोत्तर र दाउराको आवश्यक्ता पुरा गर्न पाइने भएकाले वडा न.७ का दलितहरू भने प्रभावित छन् यस दिष्ट्रकोण बाट हेर्दा वडा न.४ का दलित समुदायले प्राकृतिक सम्पदाको वढी आपुर्ति गर्न नपाएपनि आंशिक सुविधा भने भएको देखिन्छ ।

त्यस्तै गरि यहाँका दलितहरू प्रभावित हुने अर्को प्राकृतिक सम्पदामा जल सम्पदा पनि हो तर वडा नं ४ को दलित वस्तीमा भने वडा न.७ को तुलनामा केहि सुख्खापन देखिएकाले केहि कष्टपूर्ण जिवन रहेको छ तर हम्मरजुङ्ग गा. वि. स. को दलित वस्तीका विद्यामन जल सम्पदाहरूमा खानेपनिका लागि प्रयोग हुने प्राकृतिक मुल, कुवा, जरुवा पानी आदि हुन् आधुनिक परियोजनाका धाराहरू पनि नबनेका होइनन् तर यस अध्ययन क्षेत्रमा आधुनिक धारा पर्याप्त भएतापनि नियमित पानि नआउने भएकारण ढुङ्गेधारा, जरुवा, कुवा र खोलाबाट खानेपानी पूर्ति गर्दछन् त्यस्तै अर्को जलसम्पदाको स्रोत भने खोलाहरूनै हुन् खोलाहरू वाट प्राप्त हुने पानि बाट खेतमा पानी लगाउने अलावा लुगाफाटा सफा गर्ने नुवाइधुवाइ गर्न र पिउनको लागि खोलाको पानी प्रयोग गरिन्छ खासगरी यस्ता कामहरूमा अरुजाती भन्दा दलित समुदायले वढि गर्दछन् ।

## ४.३ सामाजिक परिचय

### ४.३.१.जातजाति

हम्मरजुङ्ग स्रोतकेन्द्रको प्रोफाइल (२०६८) अनुसार यस गा. वि. स. को जम्मा जनसख्या ३७९५ रहेको छ जसमध्ये पुरुष :१८९८ र महिला :१८९७ रहेका छन् यसका साथै यस हम्मरजुङ्ग गा. वि. स.को घरधुरी  संख्या ६६१ रहेको छ ।

**तालिका नं.२. हम्मरजुङ्ग गा.वि.स.को जातजाती अनुसारको विवरण**

| जातजाती | जनसख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्रि | ११०९ | ३०.९ |
| वाहुन | १३१ | ३.५ |
| तामाङ्ग | ४ | ०.४ |
| नेवार | २३२ | ६.५ |
| कामी | १३२ | ३.७ |
| दमाइ | ६१ | १.८ |
| लिम्बु | १७७५ | ४९.५ |
| ठकुरी | ३० | ०.८ |
| सार्की | १०५ | २.९ |
| जम्मा | ३५७९ | १००.० |

स्रोत:- हम्मरजुङ्ग  स्रोत केन्द्र प्राफाईल, २०६८

तालिका न.२ अनुसार यस गा. वि.स.मा कुनैपनि जाति विशेषको वसोवासको स्थान नभई विभिन्न किसीमका जातजातिहरू वसोवास भएको देखिन्छ । स्थानिय वुढापका सँग कुरा गर्दा लिम्बुजातिको वढि वाहुल्यता रहेको पाइयो त्यसपछि क्रमश क्षेत्रि, वाहुन, दमाइ, कामी, सार्की, ठकुरी र नेवार जातीको वसावास रहेको पाइन्छ । यसका साथै यस गा. वि.स.मा वसोवासको स्थीतिलाई हेर्दा विभिन्न किसीमका जातजातीहरू मिलेर वसे पनि हावापानी जातजाती र भागोलिक स्थीतिका आधारमा गाउँको नामाकरण गरिएको छ जस्तैः- गैरिटोल, वरडाँडाँ टोल, पिपलटोल, वसेलीटार सार्कीगाउँ जोरधारा, चाङसीङगढी गाउँहरू रहेका छन्  यति हुदाँहुदै पनि विभिन्न जातजाती एक आपसमा मिलेर बसेपनि सबै जातजातीले आ आफ्ना चाडपर्व र धर्म संस्कृति रितिरिवाज नै मान्ने गरेको देखिन्छ । जस्तो कि दमाइ, कामी, सार्की, र क्षेत्रि वाहुनहरूले दशैतिहार मनाउछन् तर यस गा.वि.स.का अधिकाशं लिम्बु जातिहरूले दशै तिहार मनाउदैनन् उनीहरूको आफ्नो चाड माघेसंक्रान्ती, चैतेदशै साउनेसक्रान्ती, चासोकताङ्गनाम जस्ता पर्व मुख्यरुपमा मनाउछन् यसले के देखाउछन् भने जाती धर्म र परम्पराले पनि मैलिक पहिचान दिएको देखियो । यस गा.वि.स.मा रहेका जातजातिहरूको मुख्य पेशामा खेतिपाती पशुपालन भएतापनि ढाके र ज्यालादारिमा काम गर्ने मानिसहरू पनि देखिन्छन् । ग्रामीण भेगका मानिसहरू खास गरि लिम्बु जातीका मानिसहरू ढाका टोपी, पच्छेउरा, खास्टो अन्य घरेलु कपडा वनाउने काममा लागेका देखिन्छन् बजार क्षेत्रमा दाउरा ब्यापार गर्ने मानिसहरू पनि रहेका छन् अधिकांश महिलाहरू घरको काम गर्छन् । पुरुषहरू पैशा कमाउन बिदेश जाने कोहि कोहि नजिकैको शहरमा कुल्लि काम सिकर्मी, डकर्मी काम पनि गरेको देखिन्छ यस गा.वि.स.मा खेतिपातिको हिसवमा १ हेक्टर जग्गामा कम्तीमा ६ जना निर्भर भएको पाइयो ७० प्रतिशत भन्दा वढि मानिसहरूको १ हेक्टर भन्दा कम जग्गा भएको देखिन्छ ।

### ४.३.२.हम्मरजुङ्ग गा.वि.स.का दलित समुदायको रहन सहन

हम्मरजुङ्ग गा.वि.स.मा अरु जातजातीका मानिसहरू लगायत दमाई, कामी, सार्की जातीहरू पनि वसोवास गर्दछन् यहाँ विभिन्न किसिमको रहनसहन भएको पाइन्छ । खाने कुरामा जातीगत भन्दा पनि आर्थिक स्तर अनुसार फरक भएको पाइन्छ । खानेकुरामा दालभात तरकारी, ढिडो रोटि, मकैको भात, दहि, दुध, घियू, फलफुल आदि खानेकुरा पर्दछन् त्यसमध्ये दलित जातीहरूले आफ्नो आर्थिक हैसियत अनुसार यिनै खानेकुराहरू खान्छन् तर कामी, दमाई सार्की समुदायहरूको लागि आफै उत्पादन गरेर खाने र यस्ता खाने कुराहरू

खान पाउनु कल्पना मात्र हुन्छ । किनकी उनीहरू मिठो खान बिष्टको घरमा काम गर्न जानु पर्दछ । आफ्नो घरमा उत्पादन हुदैन दलितहरू गरिब हुन्छन्, शोषित हुन्छन् तर परिश्रमी हुन्छन् । राम्रो खाएमा मात्र काम गर्न सकिन्छ भन्ने मान्यतामा रहेका दलितहरू आर्थिक संकलन गर्नु भन्दा खानामा बढि खर्च गदर्छन् यिनिहरू भैसी राँगा, कुखुरा, बगुंरको मासु वढि खाने गर्छन् । जाँड रक्सी पिउन उनीहरूले प्रथमिकता दिने गर्दछन् । उनीहरूको भनाईमा जाँड रक्सी जातले दिएको भनी महिला पुरुष सगै वसेर खाने गर्दछन् । आर्थिक स्तरमा लवाइ खुवाइमा प्रत्यक्ष प्रभाव पर्ने हुँदा दलित समाज सामाजिक, आर्थिक रुपमा पिछडिएको भएर होला उनीहरू सामान्य एकसरो लुगा लगाउने गर्दछन् । गरगहना र लुगाफटाको प्रकारमा कमी रहन जान्छ । जस्तै दमाईले कपडा सिलाउछ तर आफुले लगाउने सग्लो कपडा हुदैन कामी र सुनारले सुन फलामका हतियार र गहना बनाउछन् तर कानमा गहना लगाउन पाउदैनन् घरमा काट्ने हतियार हुदैन, सार्कीले अर्काको जुत्ता बनाउछन् उनीहरूको खुट्टामा जुत्ताहुदैन यस्तो स्थीति दलित समुदायमा देखिन्छ । हिन्दु धर्मालम्बी दलित समुदायहरूको मूख्य भाषा नेपाली नै हो सवै हिन्दु धर्म मान्नेहरू प्रायः दशै तिहार माघेसक्रन्ती रामनमी, कृष्ण जन्मअष्टमी साउनेसक्रान्ती शिवरात्री, फागुपूर्णिमा, चैतेदशै, असार १५, पौष १५, तीज जनैपूर्णीमा आदि मनाउँछन् । यस गा.वि.स.मा वस्ने जातजातीहरू मध्ये वाहुन क्षेत्रिहरूको मुख्य संस्कार मा जन्म नामाकरण (न्वारान) अन्नप्राशन, व्रतवन्ध, विवाह काजक्रिया श्राद्ध आदि मुख्य हुन वाहुन क्षेत्रिहरूको यि संस्कारहरू राष्ट्रिय रुपमा नै प्राय एकनासका रहन्छन् दमाइ,कामी ,सार्की समुदायहरूमा पनि आफ्नोपन छ अधिकांश वाहुन क्षेत्रि सँग मिल्ने गर्दछन् ।

पहाडे दलित समुदाय भित्र मुख्य गरी दमाइ, कामी, सार्की जातीलाइ मानिन्छ तर उनीहरू सबै जात जातीहरूसँग मिलीजुली वसेका छन् धार्मिक, सामाजिक, सांस्कृतिक अनुभव तथा ज्ञानको आदान प्रदान गरि आफ्नो जिवन निर्वाह गरिरहेका छन् विशेष गरी दलितहरू आर्थिक, सामाजिक रुपमा गैरदलितहरू सँग परनिर्भर हुनुपर्ने हुनाले समाजमा माथिल्लो जाती भनिनेसँग नजिक रहेर कार्य गर्दछन् । छुवाछुतको प्रचलनले गर्दा उनीहरू समाजिक रुपमा वहिष्कृत हुन पुगेका छन् तर समाजको परिवर्तन सँगै उनीहरूमा पनि परम्परा र संस्कृतीमा केही परिवर्तन आईसकेको छ विभिन्न जातका मानिसहरूसँगको उठवस, शिक्षाको प्रसार प्रचार यातायात शहरी कारण आदिले गर्दा उनीहरूको परम्परागत

मान्यता र सामजलाई हेर्ने दृष्टिकोणमा केहि परिवर्तन आएको छ । यति हुदाँ हुदै पनि यो जातीलाई चिनाउने र उनीहरूको पहिचान पेशागत रुपमानै चिनिएको छ ।

## ४.५. सेवा मुलक संस्थाहरू रदलित समाज

### ४.५.१ स्वास्थ सम्वन्धी संस्थाहरू

हम्मरजुङ्ग गा. वि. स.का मानिसहरूले प्रत्यक्ष रुपमा लाभ लिनसक्ने सरकारी निकाय शुक्रवारे ईलाका स्वास्थ्य चौकी हो । यसले प्राथमीक किसीमका रोगहरूको उपचार गर्दछ । या दमाई, कामी, सार्की जातीका मानिसहरूले पनि विभिन्न उपचारहरू तथा स्वास्थ्य उपचारहरू तथा स्वास्थ्य लाभ लिइरहेका छन् । यस स्वास्थ्य चौकीमा समय समयमा परिवार नियोजन सम्वन्धी शिविर पनि वस्ने गर्दछ । तर शैक्षिक चेतनाको कमीले यस बाट त्यति फाइदा  लिनसकेका छैनन् । यसैगरि यस गा. वि. स.को वडा न.४ मा एउटा निजी मेडिकल रहेको छ । जस बाट सि. एम.ए. र अ.न.मि. गरेका स्वास्थ्यकर्मिहरू रहेको पाइन्छ तर अ.हे.व. देखि हेल्थ असिस्टेन्ट स्तरका स्वास्थ्य कर्मीहरू भने रहेका छैनन् त्यसैकारणले गर्दा सामान्य उपचार मात्र गर्न सकिने हुनाले ठूलो रोगको औषधी उपचार गर्न भने शुक्रवारे तथा फाक्चामारा हेल्थपोष्ट जानु पर्ने भएकाले दलित समुदायलाई स्वास्थ्य उपचार गराउन ३, ४ घण्टा टाढा भएको देखिन्छ यी स्वास्थ चौकी जिल्ला स्वस्थ्य कार्यलय अन्तर्गत रहेका छन् । हम्मरजुङ्ग गा.वि.स.मा अवस्थित शुक्रवारे वजारमा रहेको ईलाका स्वास्थ्य चौकीमा (Sinior Health Assitaion) सि.अ. हे.व. सम्मको दरबन्दी पनि रहेको छ ।

### ४.५.२ शैक्षिक संस्थाहरू

स्वास्थ्य जस्तै शिक्षा पनि अधारभूत सामाजिक आवाश्यक्ता हो शिक्षा विनाको समाज सभ्य र समुन्नत हुन सक्दैन अतः हम्मरजुङ्ग गा.वि.स. मा रहेका शैक्षिक संस्थाहरू दलित समुदायका वालवालिकाहरूले पाउन सक्ने सेवाको चर्चा गरिन्छ । शैक्षिक हिसावले हम्मरजुङ्ग  गा.वि.स. मा १ उच्च मा.वि. सहित १ मा.वि. ५ वटा प्राथमिक विद्यालय रहेका छन् गा.वि.स.को वडा न.४ मा एउटा प्राथामिक विद्यालय छ जुन दलित वस्तीबाट नजिकै रहेको छ यस विद्यालयमा दलित जातीको कम पहुँच छ प्रौढ महिला पुरुषहरू अधिकांश सवै निरक्षर नै छन् । भने आर्थिक कम्जोरीका कारण साथै दलित समुदायमा चेतनाको कमी भएका कारण नयाँ पिढीका वालवालिकाहरू पनि माद्यमिक तह सम्मको शिक्षा लिन सकिरहेका छैनन् यहाँका दलित महिला पुरुषको शैक्षिक अवस्था अति नै दयनीय रहेको छ ।

गाउँमा S.L.C. पास गरेका दुई सार्की पुरुष, एक महिला त्यस्तैगरी एक पुरुष र एक महिला गरि जम्मा दुई जाना दमाइ जातिका मात्र रहेका छन् । कामी जाति भने यस भित्र पर्दैनन् प्राथमिक शिक्षा सम्म पढ्नेको संख्या वढि भएपनि माध्यमिक पढ्नु र पढाउनु पर्दछ भन्ने थाहा भएर पनि उनीहरूले स्कुलमा अनिवार्य यूनिर्फम लगाउनु पर्ने  हुनाले स्कुल ड्रेस किन्ने पैसा पनि छैन भन्छन् । शिक्षा बाट पाउने फल लामो समय पर्खनु पर्दछ त्यसैले छाक टार्ने काम गनुपर्ने भएकाले शिक्षालाई भन्दा कामलाई  वढि महत्व दिने गर्दछन् ।

### ४.५.३ यातायात र सञ्चार

धनकुटा राजमार्ग तेह्रथूम  जिल्ला सम्म गएको छ तर हम्मरजुङ्ग गा.वि.स.लाई भने छुदैन । सिधुवा सडक खण्ड बाट झण्डै ४ घण्टाको पैदल हिडेपछि मात्र दलित वस्तीको वसोवास रहेको देखिन्छ । सिधुवा बजारबाट शुक्रवारे सम्म कच्ची सडक भएको तर दैनिक सवारी साधन हिउँदमा मात्र चल्ने र वर्षा याममा ठप्प हुनेहुदाँ यातायातमा कठिनाई देखिएको छ तर दिनामा १/२ वटा सम्म लेण्डलोभर ,जिप शुक्रवारे सम्म पुग्ने गरेका छन् । दलित वस्ती गाउँको तल्लो वस्तीमा अवस्थित हुनाले र मोटरबाटो राम्रो सँग सुचारु नभएका कारणले यिनीहरू मोटर बाटो सम्म ३/४ घण्टा पैदल हिड्नु पर्दछ । हिले सिधुवा राजमार्ग बाट अलि टाढा दलितहरूको वस्ती रहेका कारण उनीहरूको जनजीवनमा केहि फरक भिन्नता पनि देखिन्छ । वडा नं. १ वाहेक अन्य ८ वटा वार्डमा भने साधारण धुले सडक निर्माण भएको छ जहाँ कुनैपनि सवारी साधन भने चल्न सकेका छैनन् जसको फलस्वरुप यहाँका मानिसहरूको उठवस, लवाई खुवाई अलिकति परिवर्तन भएको पो होकी जस्तो देखिन्छ भने यस्ता ठाउँमा भएको शहरीकरणका प्रभावले दलित जातिहरूको प्रभावले दलित जातिहरूको सामाजिक जिवन परिर्वतनको दिशा तर्फ उन्मुख भइरहेका छन् । राजमार्ग देखि टाढा दलितको वसोवास रहेकोले होला पिपलवोट, वरडाँडाटोल, गैरीटोल, वसेलीटार सार्की गाउँ आदिका वस्तीहरूमा परिवर्तनको  गति स्थीर भएको देखिन्छ तर पुरुषहरू कृषिमा नै निर्भर रहेता पनि कहिले काही स्थानीय व्यापारिका सामान ढुवानी गर्न समेत सघाउँछन् अधिकांश दलितजातीहरू खनजोत र बनिबुतो मानै व्यस्त हुने गर्दछन् ।

सञ्चार सुविधा मध्ये हम्मरजुङ्ग गा.वि.स.मा रहेका संञ्चार साधनहरू हुलाक घर र टेलिफोन भएता पनि आजभोलि सवैले मोवाईल फोन प्रयोग गर्ने दलित लगायत अन्य मानिसले यो सुविधा पाएका छन् घरमा एक छाक नखाएर भएपनि सवैका हात हातमा मोवाइल फोन देखिएकाले दलित जातिका मानिसहरूले संञ्चारको साधन मोवाइल फोन

बाट नै सुविधा उपभोग गरेका छन् । यस क्षेत्रका दलित मानिहरू अशिक्षित भएतापनि उनीहरूमाथि आधुनिकिरणको प्रभाव र कहिले काही घर छोडी अन्यत्र बजारमा भारी बोक्ने, कुल्ली काम गर्न जाने हुनाले केहि दलितहरूले अर्काको देखासिकी गरी आफ्ना घरमा साधाराण रेडियो, टि. भी समेत राखेका छन् । अहिलेका नयाँ पिढीका दलित समुदायका पुरुषहरूमा वैदेसिक रोजगार, नेपाल प्रहरी, शाही नेपाली सेनामा पनि जागिर खानेको संख्या पनि वृदि हुदै गएको हुनाले पढेलेखेकाले उपयोग गर्न थालेका छन् ।

हम्मरजुङ्ग गा. वि. स. भित्र विभिन्न सिडी एम. ए. फोनको लाइन भएतापनी वडा नं. ४ मा भने उक्त सुविधा छैन तर पनि यस वार्डका दलित समुदायमा भने मोवाइल फोनले गाउँ नै ढाकेको देखिन्छ व्यक्तिगत रुपमा नै संञ्चारको प्रशस्त लाभ लिएका छन् भने अन्य वार्डमा जस्तो सि. डि.एम.ए. फोनको र कुनै टेलिफोन लाइनको सेवासुविधा व्यवासाइक रुपमा संञ्चालन गरिएको छैन तर वडा नं. ७ मा रहेको दलित वस्ती वजारको नजिकै अवस्थित रहेकोले संञ्चार माद्यमको कुनै समस्या खेप्नु पर्दैन तर आज भन्दा तिन चार वर्ष अघि यसरी मोवाइलफोनको सुविधा नहुदाँ भने दलितहरूलाई निकै सास्ती हुन्थ्यो उक्त गा.वि.स. मा एउटा टेलिफन बुथ शुक्रवारेमा रहेका कारण पुरै दिन माया मारेर घरबाट हिड्नु पर्ने र टेलिफोन भिड भएर प्रयोग नगरी फर्कनु पर्ने समेत हुन्थ्यो यसरी टेलिफोनको उपयोगिता र प्रयोगमा पनि वाहुन क्षेत्रिहरूको तुलनामा यि जातीहरूले अत्यन्त कम प्रयोग गरेको पाइन्छ । यसको प्रमुख कारण यो समुदायका मानिसहरू धेरै टाढा टाढा नरहनु ,उद्योग धन्दा नगर्नु दलित हुनु, र शिक्षा जनचेतनाको कमी नै हो ।

### ४.५.४ विद्युत

हम्मरजुङ्ग गा.वि.स.का प्राय सवै वडामा विद्युत सेवा उपलब्ध छ यहाँका मानिसहरू विद्युत सेवाबाट बञ्चीत भने छैनन् तर यो सेवा दलित वस्तीका सबै घरमा भने पुग्न सकेको छैन दलितका घरहरू विद्युत सेवाबाट टाढा छन् । छिमेकीका घरमा वत्ति वलेका छन् तर केह दलितहरू मट्टीतेल टुकीमा वस्न वाध्य छन् । गा. वि.स.को प्रत्येक वडामा विजुली वत्ति को सुवीधा भएपनि उनीहरू मिटर राख्न र महसुल तिर्न नसक्ने अवस्थामा रहेका छन् जसले गर्दा यहाँका केही दलित परिवारलाई विजुली वत्तिको सहुलीयत पुगे पनि अन्यको जनजिवन कस्टकर छ ।

### ४.५.५ कृषि बन

हम्मरजुङ्ग गा. वि. स.का मानिसहरूको मुख्य पेशाको रुपमा कृषि नै रहेको छ। धान मकैका अलवा तरकारी खेती अलैची र चियाका लागि उर्वर जमिन रहेको छ भने वन पैदावरको रुपमा साल, खयर, पात्ल, चिलाउने, उत्तिस, हर्रो, वर्रो, अमला,सिकाकाइ, असुरो वुकिफुल, धतुरो जामुन जस्ता रुखविरुवाको घना जङ्गल भएतापनि वडा नं. ४ र ७ मा मझौला किसिमको वनजङ्गल रहेको छ। दलित समुदायको नजिकै सानो वन क्षेत्र रहेको छ जहाँ बाट इन्धनको रुपमा बनजङ्गल बाट घास दाउरा ल्यउने गर्दछन् भने ३,४ घर दलित समुदायको नजिकैको च्याङच्याङगढी सामुदायिक बनबाट पनि दाउरा स्याउला र काठपात उपभोग गर्छन् र आवाश्यक भन्दा वढि दाउरा संकलन गरि विक्रि वितरण गरेर घर खर्च चलाउने गर्दछन्। त्यस्तै गरी कृषि क्षेत्रमा आफ्नो आफ्नो जमिन बाट हुने उत्पादनले खान नपुग्ने हुनाले थोरै भएपनि राम्रो सँग खेतिपाती लगाउने गर्दछन् तर उनीहरूको जग्गा उत्पादनशिल नहुनाले तरकारी वीउ वीजन लगाउने प्रचलन कमै छ। गा.वि.स.को नजिक रहेको कृषि सेवा केन्द्र बाट उनीहरूले लाभ लिन सकेका छैनन् उनीहरूको परम्परागत मान्यता अनुसार विष्टको घरमा उत्पादन भएको मौसमी फल फुल,तरकारी मागेर पनि पाउने हुनाले आफुहरूले उत्पादन गर्ने तर्फ कमै ध्यान दिने गर्दछन्।

### ४.५.६ सामाजिक संस्थाहरू

दलित समुदायलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने हम्मरजुङ्ग गा. वि. स. मा (DAS) Dalit Wareness Society वा (दलित सचेतना समाज) अन्तर्गतका अभियान चौतारी, एल. जि.पी नामका स-साना संस्थाहरूले चर्पी र खानेपानीको वितरण गरिदिएको छ। त्यस्तै गरी यि संस्थाले क्षेत्रि वाहुन र दलित समुदायको लागि सानो धितोमा वाखा पालन भैसिपालन, समुह गठन गरी ऋण लगानी गरिरहेको छ। जसबाट उनीहरूले थोरै भएपनि आर्थिक रुपमा लाभ लिन सकिरहेका छन्।

# अध्याय पाँच
# दलितहरूको व्यक्तिगत र समुहगत पहिचान

पहिचान अन्तरर्गत जातीय समुदायिक, भाषिक सांस्कृतिक, भौगोल तथा ऐतिहासिकतालाई समेटेको पाईएता पनि दलितहरूको सवालमा उनीहरूको निश्चित भाषा संस्कृति थाकथलो नभएको छरिएर रहेको वसोवास, भुमीहिनताका साथै धर्म र संस्कृतिका नाममा छुवाछुत र भेदभाव जस्ता अमानविय व्यवाहरका कारण दलितहरू सामाजिक रुपमा पछाडी परेका छन् भने उनीहरूको पहिचानमा पनि प्रश्न चिन्ह उठेको देखिन्छ ,किनभने अहिले देखिएको दलितहरूको कम्जोर र शक्ति विहीन पहिचानलाई वदलेर शक्ति र सामार्थ्य सहितको पहिचान स्थापित गर्नु पर्ने अवस्था छ । त्यसैले दलितको  पहिचान भित्र दलित शव्दले नै महत्वपूर्ण भुमिका खेलेको र समस्या ल्याएको पनि देखिन्छ । हुनतः दलित शव्द आफैमा नराम्रो होइन यसलाई सकारात्मक रुपमा स्वीकार गर्ने वातावरण तयार नगरीएको कारण दलितहरूका विभिन्न समस्यहरू उव्जीएका देखिन्छन् । किनभने दलित शव्द सवै पहाड, काठमण्डौ उपत्यका र तराई मधेसका सबै दलितहरूलाई समेट्ने साझ शव्दको रुपमा लिईन्छ । दलित शव्द साझा समुहगत पहिचानको रुपमा हेरिएता पनि हम्मरजुङ्ग गा.वि.स.का दलित समुदायको व्यक्तिगत र समुहगत पहिचानमा दलित शव्द र (दमाई कामी सार्की) जात भएकाले नै छुवाछुतका समस्याहरू भोग्नुका साथै आफुलाई चिनउदा जात परिर्वतन  गर्नु पर्ने देखिन्छ ।

### ५.१ दलितहरूको व्यक्तिगत पहिचान

सामान्य अर्थमा हामीले आफुलाई चिनाउन अरु सामु आफ्नो परिचय दिदा नाम र नाम पछि कुनै जातकोथ रले चिनिने गरिन्छ जसलाई जातीय पहिचानको रुपमा लिन सकिन्छ तर पहिचान एउटा आधारमा सिमीत रहन सक्दैन । त्यस्तै गरी कुनै पनि व्यक्तिले आफुलाई चिनाउन विभिन्न पहिचानका आधारहरू सामाजिक,आर्थिक, राजनैतिक, जातीय, धार्मिक,रुपमा चिनिने भएता पनि विशेष गरी परम्परागत रुपमा पिता पुर्खाहरूको जात, धर्म संस्कार पेशाका आधारमा आफ्नो व्यक्तिगत पहिचान दिने गरिन्छ । दलितहरूको व्यक्तिगत पहिचान भने केही फरक देखिएको पाईन्छ ।

हम्मरजुङ्ग गा.वि.स. ४ र ७ मा वसोवास गर्ने अधिकाशं दलित समुदायमा उनीहरूले चिनाउने व्यक्तिगत पहिचान (चिनारी) नाम भन्दा पनि घरवरीपरी गैरदलितहरूले

वोलाउने गरेको आधारमा नै निर्भर भएकाले प्रायजसो दलितहरूलाई फोहोरी अर्थ दिने भएकाले पुरुषहरूलाई सुसे, फत्ते, झुपे, गोफ्ले, नेपे, गुन्दरे भनी नामका पछाडि जात जोडेर गोथे कामि, ल्यफ-याके सार्की भन्दै वोलाउने र महिलाहरूलाई पनि फलानो कान्छी सर्किनी, काईली कमिनी, जेठि दमिनी भनेर आफ्नो व्यक्तिगत पहिचान दिन्छन् युवा पुस्ताले भने वढिमात्रामा दलितका थरहरू रम्तेल, तोलाङ्गी, मते, घले, रुचाल, वराइली भनेर चिनाउँछन् । हटवजार जाँदा, अपरीचित मान्छे सँग चिनजान गर्दा भने वुढापाका दलित वाहेक युवा पुरुषहरू भने आफुलाई क्षेत्रि, वाहुन सँग मिल्ने थरहरू ठकुरी, बस्नेत, खनाल भनेर चिनाउने गरेको देखिन्छ । यसरी चिने जानेको ठाउँमा एउटै पहिचान दिए पनि फरक ठाउँ र स्थानमा छुवाछुत तथा भेदभावको पीर खप्नु पर्ने भएकाले आफ्नो जातीय पहिचान लुकाई अन्यजातका जात र थरहरू प्रयोग गरेको तर मनभित्र कसैले थाहा पाउलाकी भन्ने डर भने भइरहने वताउँछन् । त्यसैले पहिचानका सम्वन्धमा उत्तरदाताहरूको शिक्षाको आधारमा उमेर, लिङ्ग, अनुसार पहिचान वारे थाहा भएको नभएको, घरभित्र घर वाहिर एउटै पहिचान दिने नदिने सम्वन्धमा तल तथ्याङ्क द्धारा प्रस्तुत गरीएको छ ।

## ५.२ उमेर र लिङ्ग

कुनैपनि स्थान विशेषमा रहेको जनसंख्यालाई त्यहाँका मानिसहरूको उमेर र लिङ्गले निर्धारण गर्ने गर्दछ । यसरिनै म दलित हुँ मेरो पहिचन दलितनै हो भनेर देखाउने कुरामा उमेर र लिङ्गका बारेमा जानकारी लिन वा कुन उमेर समुहका मानिसहरूले आफ्नो चिनारी प्रस्ट रुपमा दिने र कुन उमेर समुहका मानिसहरूले लुकाउने गरेका छन् भन्ने कुरा बुझ्न उमेर र लिङ्गगत विवरणलाई तालीका मा उल्लेख गरिएको छ ।

**तालिका ३ : हम्मरजुङ्ग गा. वि.स. वडा न.४ र ७ मा रहेका दलितहरूको आफ्नो व्यक्तिगत पहिचान वारे उमेर र लिङ्गगत विवरण**

| उमेर | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पूरुष | | |
| २०–३० | ८ | १० | १८ | ३०.० |
| ३०–४० | ६ | ५ | ११ | १८.० |
| ४०–५० | ९ | ८ | १७ | २८.० |
| ५०–६० | ३ | ३ | ६ | १०.० |
| ६१ भन्दा माथि | ८ | – | ८ | १४.० |
| जम्मा | ३४ | २६ | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

तलिका नं. ३ अनुसार विभिन्न उमेर समुहमा तुलनात्मक रुपमा पुरुष भन्दा महिलाको संख्या वढि पाइयो । जम्मा घरधुरी ६० मध्ये महिलाको संख्या ३४ देखिन्छ भने पुरुषको संख्या २६ मात्र देखिन्छ उमेर/लिङ्गगत आधारमा अध्ययन गर्दा विशेषत:(२०–३०) वर्ष उमेर समुहका व्यक्तिहरूको संख्या वढि पाइयो जसलाई हामी दलित युवाहरूको वढवा पनि भन्न सक्छौ यस उमेर समुहका वढि भन्दा वढि व्यक्ति (दलितहरूले) दलित भन्न नरुचाउने र अफ्नो पहिचान ढाँटेर हिड्ने गरेको उक्त अध्ययन स्थलमा रहेको पाइयो । जसले गर्दा परिवारमा देखिएका वुढावुढी (५०–६०) वर्ष भन्दा माथि उमेर समुह भन्दा (२०–३०), (३०–४०) र (४०–५०) उमेर समुहका दलितहरूले आफ्नो व्यक्तिगत पहिचान लुकाएर हिड्ने गरेको, आफुलाई क्षेत्रि, व्राम्हण र ठकुरी जस्ता जातिय आधारले चिनाउने गरेको देखिन्छ । जसले गर्दा परिवारमा केटाकेटी र पढेलेखेका व्यक्तिहरूले समेत जात लुकाएर हिड्ने गरेको देखिन्छ । आफ्नो पहिचान लुकाएर हिड्ने कुरामा महिला भन्दा पुरुष वढिरहेको देखियो । उनीहरूका अनुसार महिलाहरू घरवाहिर धेरै हिड्नु नपर्ने घरभित्रको भान्छा ,वाल वच्चाको स्याहार शुसारका साथै घाँसदउरामा व्यस्त हुनाले जातीय पहिचान नलुकाएको गरेको देखिन्छ भने आर्थिक स्थीति कम्जोर रहेका कारण भरिया, ज्यामी, लगायत बाटो खन्ने जस्ता काम गर्न र्वषौ सम्म घर वाहिर रहनुपर्ने र जातका कारण प्रदेशमा डेरा नपाइने डरले गर्दा जात ढाँटेर हिड्नु पर्ने वताए । जसबाट के थाहा पाउन सकिन्छ भने माहिलाको दाजोमा पुरुषहरूले वढिमात्रामा पहिचान लुकाउने गरेको र जात लुकाउदा नै सहज महशुस गरेको देखियो भने महिलाहरू पनि आफुँभन्दा उपल्लो जातीको घरमा मेलापात गर्न जाँदा दलित भएकै कारण खाजा खादा छुटै वस्नुपर्ने, टपरीमा खानु पर्ने, थाल वटुका छुन नपाइने जस्ता पिडाहरू बाट ग्रस्त रहेको देखियो ।

**तालिका नं.४ दलित समुदायको शिक्षा र लिङ्गको अन्तर तालिका**

| शिक्षा | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पूरुष | | |
| अशिक्षित | ९ | १० | १९ | ३१.० |
| साक्षर | ५ | ७ | १२ | २०.० |
| प्राथमिक तह | ६ | ६ | १२ | २०.० |
| निम्न माध्यमिक तह | ३ | १० | १३ | २२.० |
| माध्यमिक तह | २ | १ | ३ | ५.० |
| उच्च मा. वि | १ | – | १ | २.० |
| जम्मा | ३४ | २६ | ६० | १००.० |

श्रोत: स्थलगत अध्ययन, २०६९

हम्मरजुङ्ग गा.वि.स. ४ र ७ वडामा वसोवास गर्ने दलितहरू लेखपढ गर्ने कुरामा धेरै पछाडि रहेको यस स्थलगत अध्ययनले देखाएको छ । कम्जोर आर्थिक स्थिति,चेतनाको कमीका साथै दैनिक जाँड रक्सीमा रमाउने कारणले गर्दा आफ्ना छोराछोरिहरूलाई स्कुल पठाउनुको सट्टा आर्थिक जोहो टार्न मेलापत गर्न वढि उक्साएको देखिन्छ । त्यसैले उक्त तालिका बाट के स्पष्ट हुन्छ भने शिक्षा बाट वञ्चित भएका दलितहरूको संख्या वढि देखियो भने कष्टका साथ (७ देखि ८)कक्षा सम्म दलित परिवारका छोराछोरिहरूले पढ्ने गरेको र कतिपयले त विचैमा छोड्ने गरेको पनि देखियो । वल्लतल्ल दुई वडा मध्ये वडा नं. ४ बाट एक महिलाले (+२ )सम्म पढेको देखियो । यस अध्ययन अनुसार के थाहा पाउन सकिन्छ भने यहाँका दलित समुदायहरूले पढाईलाई निरन्तरता दिन नसकेको, पुरुष र महिलाको तुलनामा पुरुषहरूनै अशिक्षित देखिन्छन् । अधिकाश.दलितहरूले प्राथमिक तह सम्मको पढाई पुरा गरे पनि नि.मा. वी .र मा वि.तह निकै कम संख्याले मात्र पढ्ने गरेको देखिन्छ ।

**तालिका न ५. शिक्षाको आधारमा दलित पहिचानलाई हेरीने अन्तर तालिकिय विवरण**

| शिक्षा | पहिचान बारे थाहा पाएको र नपाएको | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | छ | छैन | | |
| अशिक्षित | ३ | १६ | १९ | ३१.० |
| साक्षर | १ | ११ | १२ | २०.० |
| प्राथमिक तह | ४ | ८ | १२ | २०.० |
| निम्न माध्यमिक तह | १३ | – | १३ | २२.० |
| माध्यमिक तह | ३ | – | ३ | ५.० |
| उच्च मा. वि | १ | – | १ | २.० |
| जम्मा | २५ | ३५ | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

शिक्षाले मानिसलाई चेतनसिल वनाउने कार्यमा सहयोग पुऱ्याउने गर्दछ । सामान्य समाजलाई सक्षम र सवल वनाउन शिक्षाले नै कसरत गर्ने हो तर हम्मरजुङ्ग गा.वि.स. मा वसोवास गर्ने दलित परिवारहरूमा शिक्षाको पहुँच नभएको कारणले गर्दा जम्मा ६० घरधुरी भित्र ३५ जानाले पहिचान भन्नेकुरा कहिले सुन्दै नसुनेकोवताउदै आफुलाई दलित भनेर चिनाउने वाहेक अरु केहि थाहा नभएको वताए तर २५ जाना मनिसहरूले भने हाटवजार हिड्दा, डुल्दा, साथीभाइको भेटघाट, रेडियो टि.भीमा जातिय पहिचानका कुरा सुनेको तर ख्यल नगरेको वताए भने अलिअलि सात/आठ कक्षा सम्म पढेका मानिसहरूले भने

पहिचान सम्म सुनेको तर के हो भन्ने कुरा थाहा नपाएको वताए । जसबाट के थाहा पाउन सकिन्छ भने उक्त क्षेत्रमा वसोवास गर्ने अशिक्षीत दलितहरूको संख्या वढि देखिनुका साथै पहिचान सम्वन्धि थाहा पाएकाहरूलाई पनि पूर्ण जानकारी नभएको र आफ्नै काम खेतवारिमा खनजोत गर्नु, मेलापात भरियाका साथै जाती गत पेशामा नै तल्लिन भएको देखिन्छ ।

**तालिका नं. ६. हम्मरजुङ्ग ४ र ७ मा वसोवास गर्ने दलितहरूको शिक्षा र उनीहरूले दिने पहिचानको अन्तर तालिकीय विवरण**

| शिक्षा | दलितले चिनाउने पहिचान | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | नेपाली | दलित | महिला/पुरुष | थर | | |
| अशिक्षित | – | १७ | – | २ | १९ | ३१.० |
| साक्षर | – | ९ | १ | २ | १२ | २०.० |
| प्राथमिक तह | – | १० | – | २ | १२ | २०.० |
| निम्न माध्यमिक तह | १ | ११ | – | १ | १३ | २२.० |
| माध्यमिक तह | – | ३ | – | – | ३ | ५.० |
| उच्च मा.वि. | – | १ | – | – | १ | २.० |
| जम्मा | १ | ५१ | १ | ७ | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०५९

तलिका नं. ५ अनुसार शिक्षा हासिल गरेका र नगरेका दलितहरूको तुलनात्मक रुपमा अध्ययन गर्दा थोरै संख्याले मात्र आफ्नो जात लुकाएको प्राय अधिकांश अशिक्षत दलितहरूले आफ्नो जातले नै चिनउने गरेको देखिन्छ भने युवा दलितहरूले भने सधैं वाहिर फेर निस्कनुपर्दा जात भनेर चिनउँदा हेप्ने, हिसां गर्ने भएकाले जात भन्दा थर भन्ने गर्छौ किनभने हाम्रा सवै थरहरू उपल्लो जात सँग मिल्ने कारणले थर लेख्न रुचाउने र नागरकितमा पनि थर लेख्ने चलन सुरु गरेको देखिन्छ । यस अनुसार के थाहा पाउन सकिन्छ भने उनीहरू माथी छुवाछुत र भेदभव यथावत रहेतापनि आफुलाई दलित नै भन्ने गरेको तर त्यस भित्र पनि नयाँ युवा पुस्ता ले भने थरलाई वढी प्राथमिकता दिनुका साथै दलितका जात र थरहरूले पनि अरु जातीका जात र थर सरह समान भई दिए मानसिक रुपमा स्वतन्त्र महसुस हुने आशा गरेको देखिन्छ ।

## ५.३ समुहगत पहिचान

नेपाली र हिन्दी शव्दकोशमा दलित को अर्थ हेपिएको, दलिएको, पिसिएको भनिए तापनि भारतीय दलित मुक्ति आन्दोलनले २०२४ मा स्थापित दलित शव्दको अर्थ त्यतिमा सिमित नभई यो शव्दले हिन्दु समाजमा पानी अचल वनाईएका जातहरूको (समुदायगत नामको) समुहगत पहिचानको रुपमा  लिएको पाईन्छ (आहुती) ।

अध्ययन स्थलका दलितहरू लेखपढ नगर्ने भएकाले १४ देखि १५ वर्षको उमेरमा नै विवाह गर्ने र गाउँमै वसेर परिवार पाल्न आर्थिक स्थीति कम्जोरका हुनका सथै वढि छुवाछुत हुनेकारणले (२०-४९) उमेर समुहका युवाहरू कमाउँनका लागी पोखरा, काठमण्डौ नेपाल वाहीर भारतमा कुल्ली, भरीया जस्ता काम गर्न गएको देखिन्छ । जसले गर्दा  केही वुढापाका दलितहरू आफ्नै जातीगत पेशा गरी गाउँ घरमै वस्दै आएका हुनाले आफुलाई अरु समक्ष चिनाउन वढिमात्रामा जात नै प्रयोग गरेता पनि आजभोली वि.क.नेपाली र रोक्का, तोलाङ्गी जस्ता थर बाट पनि चिनाउने गरेको पाईन्छ तर थर वताउदा थाह नपाएर के जात भनेर उल्टै सोध्ने गरेको देखिन्छ । उक्त गाउँका (३० - ४९) उमेर समुह भित्रका व्यक्तिहरू हिउँदको समय पारेर गाई वस्तु खेलो गरी तराई क्षेत्रका शहरहरूमा विक्री गर्न हिडीरहँदा मानिसहरूको भिड र समुहमा १५ दिन १ महिना भित्रमा सम्पर्क गरिरहनु पर्ने भएकाले साथै धेरै जसो गाईवस्तु खरिद विक्रिका क्रममा नै बाटोमा वास वस्नु पर्ने भएकाले र दलित भन्दा वास दिन आनाकानी गर्ने व्यापारमा ठगी गर्ने समस्याले गर्दा पनि उनीहरूले थापा, वस्नेत, खड्का भनेर चिनउने गर्छन् । यसरी चिनाए पनि कुकुर को भन्दा नराम्रो जन्म  लिएर जन्मेको झै लागेको अनुभव गर्ने त्यस गाउँका पुरुषहरूले पहिचान भनेर रेडियो टि.भी.र कहिले काँही साथिभाईहरूसँगको गफगाफमा सुनेतापनि पहिचान वारे प्रस्ट नभएको बताउँछन । उनीहरू गाउँघरमा छरछिमेकमा फलानो सार्की दमाई ,भनेर चिनाए पनि विभिन्न समुह, नयाँ साथिहरू सँग हाई हेल्लो गर्दा भने क्षेत्रि वाहुनका मिल्दा थरहरू वताउने गर्दछन् । तर सरकारी काम जस्तो जग्गा नामसारी गर्दा छोराछोरीको नागरीकता वनाउने ठाउँमा भने जात नै वताउने गरेको देखिन्छ । जसबाट के थाहा पाउन सकिन्छ भने घरै रहने महिला र वुढापाकाले अफुलाई जातले नै चिनउने भएपनि व्यापार व्यावसय, हिडडुल गर्ने दलितहरूले भने ठाउँ अनुसार फरक पहिचानले चिन्ने गरेको देखिन्छ । जसलाई तथ्यङ्कमा देख्न सकिन्छ ।

**तालिका नं. ७. शिक्षा अनुसार घरभित्र/घर बाहिर दिने पहिचानको अन्तर तालिकिय विवरण**

| शिक्षाक | घरभित्र /घर बाहिर एउटै पहिचान दिने र नदिनेको संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | दिन्छु | दिन्न | | |
| अशिक्षित | १५ | ४ | १९ | ३१.० |
| साक्षर | ६ | ६ | १२ | २०.० |
| प्राथमिक तह | ७ | ५ | १२ | २०.० |
| निम्न माध्यमिक तह | ४ | ९ | १३ | २२.० |
| माध्यमिक तह | २ | १ | ३ | ५.० |
| उच्च मा. वि | १ | – | १ | २.० |
| जम्मा | ३५ | २५ | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

यस तालिका अनुसार अध्ययन स्थलका दलितहरूले ५८.४%ले दलित नभनि दलितका थरहरू भनेर चिनिने गरेका छन् भने ४१.६% ले घरवाहिर भने एउटै पहिचानले चिनिने गर्दैनन् आँकडामा यस्तो दखिएता पनि उनीहरूले भने अनुसार हाटवजार जाँदा, व्यापार गर्न हिड्दा, यात्रा गर्दा, र तिर्थ वर्त गर्न हिड्दा सम्म पनि आफुलाई दलित भनेर चिनाउदैनन् जातका कारण अपमान तिरस्कार सहनु पर्ने र दलितहरूलाई गर्ने सम्वोधनले गर्दा उनीहरू माथि हिनतावोध हुने भएकाले पनि सकेसम्म चिनजान नभएको ठाउँमा आफ्नो जात लुकाउने नै गरेको देखिन्छ । उक्त तालिका अनुसार आफ्नो पहिचान ठाउँ अनुसार फरक पहिचानले प्रस्तुत हुने भएकाले गर्दा एउटै पहिचान दिनेको संख्या वढि देखिएको छ । भने केहि पढेलेखेका दलितहरूले समेत निस्चित ठाउँमा थर भनेर चिनउने भएता पनि दलित भन्न अफठ्यरो महसुस गरेको देखिन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा सन्तोष जनक भने देखिन्दैन किनभने अधिकांश दलितहरूले आफ्नो पहिचानलाई सार्वजनिक स्थलमा लुकाउने भएकाले दलितहरूको वास्तविक पहिचानमा अस्पस्टता देखिएको र पहिचानको दुरुपयोग हुनुका साथै दलित पहिचान के हो ? त ! भन्ने प्रस्न चिन्न खडा भएको देखिन्छ । उक्त कुरा पुष्टि गर्न अध्ययन क्षेत्रकी एक महिलाको व्ययत्तिकगत अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

यस अध्ययनको सिमा भित्र पर्ने २९ वर्षकी एक सार्की परिवारकी युवती महिला कक्षा ६ मा चार पाँचपटक फेल भएपछि तेह्रथुमको नागदह बाट यसै क्षेत्रका युवा सार्की सँग विवाह गरेको वताउदै माईतमा र यहाँ छुवाछुतको समस्या एउटै भएको बताउँछिन् । उनी विगतका दिन सम्झदै भन्छिन् (१७, १८) वर्षको उमेर हुदाँ क्षेत्रि वाहुनीहरूले नछुईने वस्तुहरू सुन्तला, ज्यामीर, कागती काँका वजारमा ओसार्न लगाउने, तर ज्याला नदिएको को बताउँछिन् । दलित भएकै कारण उनले छुवाछुतका धेरै घटना भोगेको वताउँछिन् । त्यस्तै गरी एकदिन वाहुनका घरमा घाँस कट्न जाँदा घरवाहिर दाउरको चाङ्ग माथि वाहुनी आमैले उसिनेको खुर्सानी नाङ्लोमा सुकाएकी रहिछन् तर उनले नदेखेको कारण दाउरामा अडेस लाग्दा सार्कीनीले छोई भनेर हतार हतार खोर्सानिको नाङ्लो नै बारिमा फलिदिएको बताउछिन् । क्षेत्री वाहून घरमा जाँदा प्रधान ज्यू, वाहुनी वजै, मुखिया साहेव, मुखीनि साहेव आज सम्म भन्नु परेको वताउछिन् सधै भरी घास दाउरा  घरपरिवारको छाक टार्ने समस्या र वाल वच्चा वढि भएका कारणले दिन रात नभनि घरको सवैकाम सकेर  विष्टका घरमा काम गर्न जाने वताउँछिन् तर सर्कीनी भनेर नै त होला घर पनि टेक्न नदिई आगनमा राखेर काभ्राको पातको टपरामा मकैको च्याँख्लाको भात र पेरेवाको सुली मिसिएको गुन्द्रुको अचार, र दिसा धुने लोटामा पानी दिएकोले सहन नसकेर पानीको लोटा पर सर्दा वाहुनी आमैले कान्छी सकिर्निलाई मेरो घरको  खान्की धेर भए जस्तो छ भन्दै त्यही पानी खा ! भन्दै कर लगाई जवर जस्ती दिसा धुने लोटाको पानी  खुवाएको कुरा सुनाउदै भावुक बनेर आँखा बाट आशु झरीन् । उनले यस्ता घटना उपल्लो जातका घरमा धेरैपटक दोहोरिएको वताउछिन् । सार्की भएता पनि आफ्ना ससुराले जुत्ता तुन्ने काम नगरेको र अरुले काम मन नपरउने भएका कारणले गर्दा उनका श्रीमानले पनि सिकेनन् त्यसैले केहि वर्ष भारत गई काम गर्दा पनि साँझ विहानको छाकटार्न धौ धौ भएको ले विदेस पठाएकी छिन् । विदेश बाट  श्रीमानले पठाई दिएको पैसा निकाल्न शुक्रवारे वजार वैङ्क जादाँ पैसा लिने लाइनमा वस्दा सार्की भनेर नचिन्दा सम्म हजुरको श्रीमान पनि विदेश हुनुन्छ भन्दै एउटा पुरुषले भनेको त्यस पछि के थर सोधे र सार्की भन्न साथ ए .......भन्दै तिम्रो श्रीमान पनि विदेशमा छ ? भन्दै नाक खुम्च्याएको र पैशा वितरण गर्ने सर मिसहरूले पनि नागरीकता हेर्दै उनलाई पटक पटक नियालेर हेरी कमाए जति सबै पैसा पाठाउँछन् नि भन्दै अप्रत्यक्ष रुपामा भेदभाव गरेको वताउँछिन् । गाउँमा दलित भित्र केही मात्रमा सार्कीले छोएको पानी सम्म खाने तर घर भित्र प्रवेश गर्न नदिने पकाएको खाना नखाने,जस्ता व्यवहार कामी र

*दमाई समुदायले गरेको वताउछिन् भने क्षेत्रि वाहुनहरूले विवाह, भोज भतेर, पुजा आज वर्तमन्ध जस्ता  कार्यहरूमा कहिले पनि नवोलाउने तर गाई वस्तु मरे भने हत्तारहत्तार सिनो तान्न आइ हाल भन्दै गाउँकै एक वाहुनले वोलाएको भन्दै राम्रा कार्यमा कहिल्यै नवोलाउने तर घिन लाग्दा र फोहोरी कामा मात्र वोलाउने बताईन् । गाउँमा दलित सचेतना सम्वन्धि अभियान चौतारी, रिफ्लेक्ट नेपाल जस्ता सघं संस्थाहरूले काम गरेकाले क्षेत्री वाहुनहरूले दलितहरूलाई गर्ने ठगी, जालसाझी बाट वच्न सहयोग प-याएको वताउँछिन् । २०६९ साल साउन महिनामा गाउँका सवै जातिहरूलाई सहकारी संस्थाले रासाईनिक मल वितरण गरेकोमा सुटुक्क एक वाहुन परिवारको युवकले ल्याई क्षेत्री र वाहुनले मात्र प्रयोग गरी थाहा नदिएको वताइन् र केहि दिन पछि गाउँका दलितहरू मल किन्न सहकारी जादाँ थाहा भएको र गाउँमै मलको  मिटिङ्ग राख्दा एउटी वाहुनी महिलाले नराम्ररी हिजो अस्ती सँम्म हाम्रै दइलो ढुकेर ठुला भएयौ आज आएर तिमीहरू अलि अलि लेख पढ गरेयौ भन्दैमा ठुला कुरा गर्छौ भन्दै दलित सामाजिक परिचालकलाई अपसव्द सहित गाली गरी गाउँका दलितहरूलाई मल नदिएको वताइन् यसरी दलितहरूले पाएको अधिकारमा सम्म ठुलावडाले नै फाईदा लिने गरेका ले दलित भएर नै ठगिएको वताउदै ठुला ठुला शहरमा छुवाछुत को स्थीति के छ थाहा नभएको तर गाउँघरको वजारमा भने अप्रत्क्ष रुपमा छुवाछुत र भेदभाव गर्ने भएकाले वजारमा माटो बोक्न जादाँ, माईत जादाँ, बाटामा जात ढाँटेर हिडेको बताउँछिन् तर सधै ढाँटेर सम्भव नभएकाले आजभोली थर भन्न थालेकी छन् थर बताए पनि के जात भनेर सोधि हाल्ने भएकाले जात लुकाउदा थाहापाउँछन् कि भन्ने डर,थर ले चिनाउदा फलानो जातको भनेर नचिन्ने पिर भएकाले आफुलाई के भन्ने भनेर अलमल भएको कारणले गर्दा आफु दलित भएर जन्मेकोमा धिक्कारछिन् र जे जस्तो भए पनि छुवाछुत नभईदिए आनन्दले वाच्न पाईन्थ्यो भन्ने कुरा बताईन् ।*

जसबाट के देखिन्छ भने दलित समुदाय भित्र आजभोली पनि गैरदलितहरू ले रपरम्परागत रुपमा नै छुवाछुत र भेदभावलाई थाति राखि उपल्लो जातले खराव, झुट्टा काम गरेता पनि दलितलाई नै दोष देखाउने, सामाजिक आर्थिक, हरेक क्षेत्रमा उपल्लो जातको नै पकड रहेको देखिन्छ । विवाह भोजमा, अलग्याउनु, सबै गाउँलेहरूलाई दिएको सुविधा क्षेत्रि वाहुनले मात्र सुटुक्क प्रयोग गर्नु घरको सिकुवा टेक्न नदिनु जस्ता व्यहवाहार देखिनुले दलितहरूलाई समाजबाट एक्ल्याईको र छुवाछुत प्रथालाई अझ धेरै मलजल गरी

समाजमा व्यावप्त वनाउन खोजेको देखिन्छ जसको परिणाम दलित पहिचान कै देन हो भन्न सकिन्छ ।

**तालिका न ८.दलित समुदमायले घर बाहिर देखाउने पहिचान**

| घरवाहिर पहिचान | जम्मा | प्रतिशत |
|---|---|---|
| क्षेत्री | १७ | ५८.६ |
| ब्राम्ह्ण | ९ | ३१.० |
| जनजाती | ३ | १०.३ |
| जम्मा | २९ | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

हम्मरजुङ्ग गा.वि.स.का दलित (दमाई, कामी र सार्की) जातीहरू घर वाहिर हिड्दा डुल्दा आफ्नो जात लुकाउने भए पनि आफ्नै जातका थरहरू भन्ने गर्थे तर दलितका सवै थरहरू उपल्लो जाती सगै मिल्ने तर दलितका थरहरू बाट दलित भनेर नवुझ्ने र क्षेत्रि अथवा व्राम्हण हो ? भनेर उल्टै प्रस्न सोध्ने हुनाले र यो दलित हो भनेर थाहा नपाउने भएकाले अधिकासं अध्ययन स्थलका दलितहरू ५८.६% ले क्षेत्रि, ३१.% ले व्राम्हण, र १०% जनजाति भनेर परिचित भएको देखियो । यसमा पनि अत्याधिक दलित पुरुषहरूले कार्की ,ठकुरी, वस्नेत, खड्का, खनाल, जस्ता जातिय पहिचानले चिन्ने गरेको देखियो । जसबाट के थाहापाउन सकिन्छ भने दलितहरूका सवै थरहरू उपल्लो जातीसँग मिल्ने भएकाले आफ्नो पहिचानको कुनै महत्व नरहेको,र यदि दलित भनेर चिनीदा पनि फरक व्यवाहार गर्ने, होच्याएर वोल्ने र केहि नरम्रो व्यवाहर गर्ला कि भन्ने डरले आफुलाई सजिलो महशुस गराउन भएपनि आफ्नो जातीय पहिचान लुकाउने र प्रयाजसो क्षेत्री, व्रम्ह्ण जाती भनेर चिनाउने गरेको देखिनुका साथै दलितहरूको हुन् ?दलितहरूको पहिचान के हो ? दलितहरूको पहिचान लोप हुदै गएको हो कि जस्तो देखिन्छ । यस कुरालाई केहि हद सम्म सत्य हो भनि देखाउन पोखरा बाट फर्किएका एक कामी जातका पुरुषको वयत्तिक अध्ययन प्रस्तुत गरिएको छ ।

*अध्ययन को शिलशिलामा ४९ वर्षका रुचाल थर भनेर लेखाउने गरेता पनि गाउँमा गोईरी गाउँ काईलो सुनार भनेर चिनिन्छन् साना हुदाँ आमाको मृत्यू भएका कारण २० वर्षको उमेर बाट घरबाट निस्किएर पोखरा काठमाण्डुमा काम गर्दा आफ्नो जात दलित भएका कारण अत्याधिक छुवाछुतको मारमा परेको वताउँछन् । गाउँमा छदा क्षेत्रिवाहुन देख्ने*

*बित्तिकै बाटो छोडेको पानीको पायप छोयो भनेर एक वाहुनले पायप काटेर आफ्नै आँखा अगाडि फालेर जरिमाना तिराएको बताउँछन् त्यस्तैगरी विष्टका घरमा कामगर्न जाँदा खाटमा वस्न नदिएको, टपरामा खान दिएको, खाइसकेपछि खाएको ठाउँ वरीपरी गोवरले जुठो लोटाउनु पर्ने, जुठा भाडा माझ्ने जस्ता काम गरी मन अमिलो वनाउदै घर फर्केको बताउँछन् । मासु किन्न वजार जादाँ लिम्वुहरूले मासु छोइन्छ भनि १ मिटर पर राखि १ के.जी मासु भनि ठगेर ३ पावा मात्र जोखेर परैबाट हुत्याइ दिने र आफुले टुलुटु हरेर वस्ने सिवाय केहि गर्न नसकेको बताए । उनका अनुसार नजिकैको शुक्रवारे वजारमा होटेलमा खाजा खादा जुठा भाडा माझेको  पनि बताउँछन् । पोखरामा ५ वर्ष जात ढाँटी आफ्नो थर (रुचाल) वाहुनको थर रिजाल सँग मिल्ने भएका कारण  रिजालै भएर चिनिएको वताए पनि कसैले थाहा पाए भने सिदै मारी दिन्छन् जस्तो मनमा डर लागीरहने बताउँछन् । पोखरमा रहुनजेल रिजाल थरले उनलाई जोगाएता पनि वसन्तपुर नजिकै चित्रेभन्ने वजारमा बाटो खन्न ४, ५ जाना साथीहरू गएका र तामाङ्को घरमा डेरा वस्दा दाँतमा सुनको जलप लागाएको देखी यो त सुनार पो रहेछ भनि थाहा पाएर डेरा बाट सवै लुगा कपडा निकालेर वाहिर फालिदिएको र भित्र पस्न नदिईकन राती नै कोठा छोडेर भागी डेरा खाज्दै भौतारीएको र त्यहाँ दलित भएकै कारण कँाही डेरा नपाएको बताए । त्यस्तै गरी काठमाण्डुतिर कामको खोजीमा हिड्दा दाँतमा सुनको जलपभएको हुदाँ र साथिभाईले काईला सुनार भनी वोलाएका कारण धारामा पनि भर्न नदिएकोले दाँतको जलपनै निकाल्नु परेको बताए । पहिले पहिले गाउँघरमा ठुलाजातका विवाह भोजमा अरुजातलाई मिठा मिठा मासु र मिठाईका परिकार वाँड्थे भने दलितलाई बाटामा राखेर फुका चिउरा हातहातमा दिने चलन भएकाले आजभोली पनि सभा र भोजमा नजाने गरेका छन् । वाहुन क्षेत्री र दलित समुदाय मिली गर्दै आएको संसारी पुजा २०६८ सालमा एउटा दलित ले प्रसाद छोएका कारण उपल्लोजातका कसैले पनि प्रसाद नखाएकेले २०६९ सालदेखि दलित समुदायलाई संसारी पुजामा सामेल हुन नदिएकाले दलितहरूमा पनि कामी ,दमाई र सार्की जातीहरूले छुट्टाछुट्टै मनाएको बताए । उनी दलित भएर अन्य दलितहरूलाई कुनै छुवाछुत नगर्ने वताउदै दमाई,सार्कीहरू कामीको तुलनामा फोहोरी देखिन्छन् त्यसैले सवै दलितहरूले सरसफाईमा ध्यान दिनुपर्ने बताउँछन् ।*

जसबाट के थाहा पाउन सकिन्छ भने यस्ता थुप्रै घटना भोगे पनि आज सम्म हम्मरजुङ्ग गा.वि.स.का दलितहरूमा खास परिर्वतन आएको देखिन्दैन किनभने गाउँमै

उदाहरणीय बनेका खनाल थरका वाहुनले दमाई कामी सार्कीहरूलाई घरभित्र प्रवेश गर्न दिने र कुनै किसिमको छोईछिटो नगरेका कारण आफ्ना नाता गोता र ईष्टमित्रले पनि दलित नै भन्न थालेका र एक्ल्याएको देखिन्छ । यसरी २१ औ शताव्दीमा आएर पनि समाज परिवर्तन कुर जातीय भेदभाव अन्त्य गर्ने र शसक्तिकरणका  सवाल गाउँ, शहर, टोलमा परिचालित रहेपनि दलितहरूलाई गर्ने व्यवहारमा परिवर्तन आएको देखिन्दैन । ज्ञानले भरीपूर्ण भनेर गनिने उपल्लो जातीहरू **मुखमा राम राम वगलीमा छुरा** भने झै मुखले भेदभाव छैन भन्दै अप्रत्यक्ष रुपमा दलितहरूलाई प्रसस्त छुवाछुत र भदभाव गरेको देखिन्छ । यी सवैको उपज भनेको दलित पहिचान हो किनभने दलितहरू गैरदलितहरूले पनि त दलितहरूका कामहरू गरेका छन् उनीहरू दलित बन्दैनन् सम्मान पाउँछन् र थर ले चिनिन्छन् तर किन दलितहरूले थर,जात बताउँदा र सोही काम गर्दा घृणा, गाली, पिटिने र सार्वजनिक ठाउँमा पनि प्रति वन्धित हुन्छन् त ? भन्दा मात्रै एउटै कारण कामी, दमाई सार्कीहरूको पहिचान "दलित" रहेकाले नै यस्तो स्थीति सृजना भएको देखिन्छ ।

### ५.४ पेशा

पेशा कुनैपनि व्यक्ति तथा समुदायमा त्यस ठाउँका व्यक्तिहरूले काम गर्ने भन्ने वुझिन्छ । पेशाले परिवार सञ्चान गर्ने गर्दछ भने पेशा समय र परिस्थति अनुसार परिवर्तन भईरहन्छ । जुन दलित समुदाय सँग पनि सम्वन्धित देखिन्छ । आफ्नो स्वामित्वमा जग्गा नभएका कारण पुरुषहरू अरुको हलो जोत्ने र महिलाहरू असारमा धान रोप्ने देखि लिएर मसिंरमा धान थन्क्याउने र खेत खन्ने डल्ला फुटाउने मल वोक्ने विउ गोड्ने जस्ता महत्वपूर्ण कार्य गर्दछन् । कोही कोहीले एउटै जातिगत पेशा गरे पनि ज्याला मज्दुरी, वैदेशिक रोजगार जस्ता पेशामा केहि दलितहरू संलग्न भएको पनि देखिन्छ  जुन तल तथ्यङ्कमा प्रस्तुत गरीएको छ ।

**तालिका न.९.दलित समुदायले गर्ने पेशाको विवरण**

| **पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| जातीगत पेशा | २९ | ४८.४ |
| कृषि /पशुपालत | २१ | ३५.० |
| वैदेशिक रोजगार | ५ | ८.० |
| व्यपार ज्याला मज्दुरी | ३ | ५.३ |
| नोकरी | २ | ३.३ |
| जम्मा | ६० | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

तालीका न. ८ अनुसार जम्मा घरधुरी ६० मध्ये ५१.६% ले आफ्नो जग्गा जमिन कम भएपनि  कृषि र पशुपालनमा आवद्ध भएको देखिन्छ । भने ३१.७% ले जातीगत पेशा गरेको देखिन्छ । अध्ययन स्थलमा गरीएको अध्ययन अनुसार अत्यन्त कम ३.३% दलितहरूले मात्र सरकारी नोकरी गरेको वाँकीले ज्याला मज्दुरी र वैदेशिक रोजगारमा निर्भर रहेको देखिन्छ । यसरी यस तालीका बाट के थाहा पाउँन सकिन्छ भने कृषि र जातिगत पेशा आधारभुत आवश्यक्ता परिपूर्ती गर्न मुख्य पेशाको रुपमा लिएको देखिन्छ भने सिजन अनुसार ज्याला मज्दुरी र वैदेशिक रोजगारको बाटो अपनाएको पनि देखिन्छ ।

## ५.५ दलित समुदायको परम्परागत पेशा

हम्मरजुङ्ग गा वि.स.का दलितहरू कृषि पेशामा आवद्ध भएपनि परम्परागत पेशालाई चटक्कै छोड्न नसकेको वताउँछन् पढाई लेखाईको अभावमा जागिर खान नस्कने र आर्थिक अवस्था राम्रो नभएपछि उद्योग तथा व्यापारमा लाग्न नसक्ने भएकाले गर्दा यहाँका दलितहरू मुख्य रुपमा कृषि र परम्परागत पेशालाई नै नछोडेको वताउँछन् । २०६९ सालमा गरीएको अनुसन्धान अनुसार हम्मरजुङ्ग गा.वि.स.का तिन दलित (दमाई, कामी, र सार्की) जातिहरूले ४८.४% दलितहरूले परम्परगत पेशा गर्छन भने ५१.६% दलितहरू ले उक्त पेशा नगरेको देखिन्छ किनभने दलितहरूको उच्च स्तरीय उपल्व्धीमुलक कामको राम्रो विकल्प नभएका कारण जेनतेन वर्षमा थोरै भए पनि वाली भित्रिन्छ भनेर परम्परागत पेशा अपनाएको देखिन्छ । जसलाई तल तथ्याङ्कमा प्रस्तुत गरीएको छ ।

**तालिका नं. १० परम्परागत पेशाको विवरण**

| परम्परागत  पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कपडा सिलाउने | ११ | ३७.९ |
| फलाम कुट्ने /सुन वनाउने | ११ | ३७.९ |
| जुत्ता सिलाउने | ७ | २४.२ |
| जम्मा | २९ | १००.० |

श्रोत स्थलगत अध्ययन, २०६९

तालिका न. ९ अनुसार दलितहरूको जम्मा ६० घरधुरी मध्ये २९ घर धुरीले जातीगत पेशा गर्छन् त्यसभित्र ३७.९% ले कपडा सिलाउने र फलाम सुन वनाउने पेशा अपनाएको देखिन्छ । भने २४.२% ले मात्र जुत्ता सिलाउने देखिन्छ । अधिकांश सार्कीहरू जुत्ता सिलाउन वजारको वरीपरी वस्नु पर्ने भएकाले गाउँमा नचल्ने भएकाले गाउँमा जुत्ता

सिलाउने काम अधिक मात्रमा नगरेको देखिन्छ । भने अध्ययन स्थलका दलितहरूको पेशा कपडा सिलाउने फलाम, सुन वनाउने र जुत्ता सिलाउने काम पनि आधुनिकीकरण सँगै विस्तारै लोप हुदै गएको देखिन्छ त्यस्तै गरी जातीगत पेशा गदै आएका एक ६३ वर्षका सुनार सदस्य बाट उनको पेशाले पहिचानमा के कस्तो भुमिका खेलेको छ भनि बुझ्न वयत्तिक अध्ययन प्रस्तुत गरीएको छ ।

*६५ वर्षीय सुनार सदस्य २०२९ साल देखि सुन वनाउने पेशामा लागेका आज सम्म पनि सोहि पेशामा आवद्ध भएको ४० वर्ष पुगेको बताउँछन् । उनी आफ्नै जातीय समुदायमा रुद्री, पुरान लगाउने कार्य गर्दछन् । उनले पढ्ने समयमा स्कुल नभएकाले वाँसका पटेसमा क,ख सिकेको र स्कुल स्थापना भएपनि दलित भएकाले कक्षा कोठामा वस्न नपाईने हुनाले स्कुलको पेटीमा वसेर नै किताब पढ्न सक्ने भएको बताउँछन् । उनले दलित भएकोले धेरै छुवाछुत भोगेको भन्दै यो उमेर सम्म आईपुग्दा २० वर्ष सम्म गाहनापात बनाउन विष्टको घरमानै विताएको ठुला जातीहरूले घर टेक्न नदिने हुनाले वस्तु वान्ने खोल्मामा रात काटेको र टपरामा खानदिएको खाएको ठाउँ वरीपरी गोवरले जुठो लोटाएको, दलितले खाने भाडा अरुले नछुने मलाई फाहोरी सुनार भन्थे, अव आफै कल्पना गर्नुहोस कति छुवाछुत र भेदभाव सहे भनेर अनुसन्धानकर्तालाई बताए । अन्य दिगो पेशा नभएकाले र काम गर्न सजिलो भएपनि छुवाछुतको तितो यथार्थ भोग्दा भने नमिठो लागेको बताउँछन् सार्की र दमाई भन्दा कामीलाई छि छि दुर्र दुर्र नगरे पनि विष्टका घरमा सुनका गरगहना वनाउन जाँदा सुन चोर्छ भनि सगै वसेको सुन चो-यो भनि गालि गरेको त्यस्तै गरी दलितहरूलाई प्राय एउटै किसिमको भेदभाव गरेको भन्दै एकदिन वाहुनका घरमा मुन्द्री र तिलहरी वनाउन गएका वेला वाहुनी आमैले सुनारले काँसको थाल छोयो भनि थाललाई सुन पानीले पखाली भित्र लगेको बताउदै आफ्नै हातले छोएर वनाएको कानका मुन्द्री, झुँम्का फुली, पाउजु ,औंठी जस्ता गहना शरिर भरी लगाएर टाँ र भूई गर्न मिल्ने केहि पनि नहुने तर पानी छोइने,घर भित्र प्रवेस गर्न नदिईने जस्ता नराम्रा व्यवहार गरेको देख्दा मन धुरुधुरु रोएको देखाउदै हिड्न नमिल्ने बताए । विष्टका घरभन्दा वहिर धेरै हिड्डुल नगरेका आज सम्म सुनार भनेर चिनिए । उनलाई आफ्नो पेशा र जात मन पर्छ तर अरुले हेर्ने दृष्ट्रिकोण उनलाई गरेको व्यवहार सम्झदा दलित हुनु भन्दा कुकुरको जुनि ठिक किनभने दलितहरूको ईज्जत एउटा कुकुरको जति पनि नमान्ने बताए ।*

*पहिले जात र पेशाले नै दलितलाई हेपेको बताउने आजभोली अरु जातीले यो पेशा गरेको देख्दा भने दमाई कामी र सार्कीलाई गरीने व्यवहार नगर्दा अचम्म मान्छन् । ठूला*

*ठूला शहरमा खास हिड्डुल नगरेका तर साथिभाई मार्फत सुनेका विराटनगर, ईटहरी पोखरा काठमण्डुतीर आजसम्म छुवाछुतको विकविकीले जात ढाँटेर हिड्नु परेको सुन्दा परिर्वतन भन्दा अझ जातीयताको विउ रोपेको जस्तो लाग्छ भन्दै उनीहरूका पालामा जात लुकाउन नपाईने भएकाले उनले कहिले थर नढाँटेको तर दलित भनेर हेपेको देख्दा भने कहिले कही ख्याल ठट्टामा थर भन्ने गरेको वताए पनि जातैले चिनिनु पर्ने बाध्यता बताए । उनको घरमा पनि श्रीमतिले दलितभित्रका दमाई र सार्की जातीहरूले छोएको र घरमा पस्न नदिएको कारण आफ्नो उदाहरण दिएतापनि श्रीमतीलाई सपार्न हम्मे हम्मे परेको भन्दै आजभोली परिर्वतन ढिलो हुदै गएको बताउँछन् । गाउँमा अझै पनि दलितहरूको सरसफाईको कमीका कारण दमाईले छोएको सार्कीले नखाने दमाई र सार्की दुवैले छोएको कामीले नखाने थोरैमात्रामा देखिएको बताउँदै घर भित्र जे जस्तो भएपनि विगत २/३ वर्ष यता हिड्डुल गर्दा छुन नहुने, दलितहरू अरुसँग ठाडो शिर वनाएर बोल्न नहुने, नकारात्मक व्यवहार प्रति सहेर वस्न नपर्ने,दलितहरूका पिरमार्काको छलफल गर्न गाउँमा आमा समुह, रिफ्लेक्ट नेपाल, दलित सचेतना समाज र अभियान चौतारी नामक सस्थाहरूले महत्वपुर्ण भुमिका खेलेको भन्दै गाउँमा विस्तारै परिवर्तन आएको बताउँछन् । उनलाई हिजो अस्ति सम्म तँ, काले सुनार भन्दै वोलाउनुका साथै दलितहरूले राम्रा अर्थ दिने नामका पछि प्रसाद, राम, नाथ, जोड्न नपाईने तर आजभली वाहुनहरूले तिमी भनेका, घरमा नखाए पनि सगै वसेर खान थालेकाले उनी खुसी देखिन्छन् । त्यसैले विस्तारै छुवाछुत हटेतापनि आफ्नो पहिचान नै दलित भएकाले भने मानसिक रुपमा दलितको तुस भने नहट्ने बताउँछन् । शहरीकरण र आधुनीकिकरणले आफ्नो पेशामा ह्रास आएकाले अव कसरी गजारा चलाउने भन्दै गनासो पोख्दै अवका छोरानातीहरूले थर भनेर पहिचान दिनु पर्छ भन्छन् हामी क्षेत्री वाहुन बाटनै त खसेका भन्दै दलितका सवै थरहरू क्षेत्री वाहुन कै हुन तर ठुला वडाहरूले अधिकार हातमा लिएर थर विगारी दलित वनाएका हुन त्यसैले अबका छोराछोरीहरूले थर प्रयोगमा ल्यउनु पर्ने वताए । किनभने लिम्वु, राई, तामाङ्गहरूको जस्तो भाषा संस्कृति नभएकाले र सवै दलितका थरहरू उपल्ला जात सँग मिल्ने भएकाले जति सक्दो थर प्रयोग गरेमा दलितहरूलाई चिनाउन केहि हद सम्म सजिलो हन सक्ने बताउँछन् ।*

यस वयत्तिक अध्ययन बाट के थाहा पाउन सकिन्छ भने दलितहरू विचमा छुवाछुत र भेदभाव निमिट्यान्नै भएर हटेको देखिन्दैन । दमाई सार्कीहरूको सरसफाइमा ध्यान नदिनाले आज सम्म पनि कामी परिवारहरूले फाट्टफुट्ट रुपमा छुवाछुत गरेको देखिन्छ ।

भने अन्यजातहरूले कोही कसैले छोएको नखाने र हेप्ने प्रवृत्ति देखिएको छ तर यसका वावजुत पनि पहिलेको तुलानामा धेरै कम भई दलितहरूको सरसफाइमा सुधार र राम्रो शिक्षा दिई दलितहरू को एकता कायम गर्न सके समस्याको समाधान गर्न सक्ने देखिन्छ भने दलित शव्दले नै दलितको पहिचानमा चोट पु-याएको देखाउदै अवका यूवा पुस्ताहरूले थरबाट पहिचान हुन कोशीस गर्न उपयुक्त देखिन्छ जुन दलितहरूको पहिचानमा आएको समस्याको समाधना गर्ने एउटा माद्यम को रुपामा पनि देखिन्छ भने अधिक रुपमा दलितहरूको थरको प्रयोग भएमा क्षेत्रि वाहुन सरह चिनिन सकिने र दलितहरूको पहिचान ओझेलमा नपर्ने देखिन्छ ।

## ५.५.परम्परगत पेशाका कारण दलित पहिचानमा पारेको असर

हम्मरजुङ्ग गा.वि.स.को दलित बस्तीमा गरएिको सर्वेक्षण अनुसार ६२.१% दलितहरूले पेशाका कारण दलितको पहिचानमा कुनै असर नपरेको बताउँछन् भने ३७.९%ले भने फोहोरी पेशाा दलितहरूको मात्र पेशा हो भनेर दलितको चिनारीमा पेशाले पनि असरपारेको दखिन्छ यस्तो भन्नेहरू प्राय गरी सार्की समुदायका दलितहरू देखिन्छन् । जसबाट के थाहा पाउन सकिन्छ भने पेशाका कारण दलितहरू धेरै घोचपेच सहनु नपरेको तथ्याङ्कले देखाउछ तर दलित भित्रको शार्की जातीको पेसा भने अज सम्म फोहोरी पेशाको रुपमानै लिएको देखिन्छ । किनभने अध्ययन स्थलका अधिकाशं सार्कीजातिहरूको वसोवासको स्थीति सरफाईमा ध्यान नदिएका कारण सार्की बसोवास फहोर मैलाले अस्त व्यस्त देखिन्छ ।

# अध्याय छ
# दलित पहिचानमा देखिएको समस्या

नेपालमा इतिहास देखि वर्तमान सम्म सवै भन्दा शोषीत र पछाडि परेको समुदाय दलित नै हो यस समुदायलाई मनुस्मृतिको पालादेखिनै राज्यसत्ता बाटै अर्थआर्जन, शिक्षा आर्जन र राज्य सत्तामा सहभागि हुन बाट वञ्चित गराईएको देखिन्छ । जसका कारण यो समुदायको सामाजिक, आर्थिक, शैक्षिक र राजनितिक अवस्थामा ज्यादै कम्जोर रहेको देखिन्छ यदि यसो नभएको भए यो समुदाय ज्यादै मेहनती, संघर्षशील, सृजनशिल र पेशा र सिप भएको समुदाय मानिन्छ तर प्रमुख आयस्रोतको आधार परम्परागत सीप र पेशालाई सरकारको संरक्षण र आधुनीकिकरण गर्ने नीति अभाव देखिएका कारण दलित आफ्नो पेशा र पहिचानमा विस्थापित हुन वाध्य भएको देखिन्छ ।

## ६.१ दलित समस्या

पहिचान दलित भएकै कारण र पेशा अपनाएकै कारण समाजले दलितलाई घृणा र जतीय भेदभाव गरेको पो हो की भनेर अध्ययन स्थलका दलितहरूले सम्मानित जीवनको खोजीमा परम्परगत रुपले गर्दै आएका पेशा छोड्नुका साथै दलित नभनी थरबाट चिनाउन कोशिस गरेको र ठाउँ अनुसार दलितहरूले पहिचान परिवर्तन गर्दै हिडेका देखिन्छ भने उक्त समाजमा पेशालाई भन्दा जातलाई अपमान गरिएको पाईन्छ । किनभने आजभोली कपडा सिलाउने र सुन बनाउने देखि व्यापार व्यावसाय जस्ता पेशा अपनाईरहेका गैरदलितहरूलाई भेदभाव नगरेर सम्मानित जीवन विताईरहेका तर दलितहरूले गर्ने पेशा छोडेर आन्य पेशा अपनाए पनि दलित समुदायका व्यक्तिहरूले सम्मान पाउन सकेका छैनन् ।

यसबाट के थाहा पाउन सकिन्छ भने आर्थिक गरीबी मात्रै नभएर सामाजिक गरीबी पनि प्रमुख देखियो । किनभने अध्ययन स्थलमा आर्थिक स्थीति कम्जोर त छदैछ, त्यसमा पनि सामाजिक गरीबी अत्यधिक देखिएको छ । यि समुदायको समाजिक सम्पर्क, सम्वन्ध र पहुँच विभिन्न सक्ति संरचनामा ज्यादै न्यून छ । यो समुदायमा पुर्खेली सम्पति नभई भुमीहिन बढि भएकाले र हाम्रो समाजको समाजिक संरचनाको कारण वालमैत्रि वातावरण अभावका कारण,र जातीय भेदभावका कारण वालवालिकाहरूले सहज तरिकाले पठन पाठन र व्यवहारीक जीवन जीउन पाएका छैनन् भन्ने देखिन्छ । छुवाछुत र जातीय विभेदले वालवालिकाको शारिरिक वौदिक र मानसिक विकासमा असर परेको छ भने कलिलो

मनस्थीतिका वाल वालिकाहरूलाई जातीय छुवाछुत र भेदभाव सिकाउँछौ ठुलो उमेर भएपछि छुवाछुत र भेदभाव हटाउनु पर्छ भन्छौ भनेर लागि पर्छौं जुन कठिन कुरा हो । त्यस्तैगरी हम्मरजुङ्ग गा.वि. स.मा रहेको वडा न.४ र ७ मा पनि जम्मा घरसंख्या ६० मध्ये ५८.३%ले छुवाछुत भेदभावका समस्या भएको बताउँछन् भने ४१.७% ले अन्य आर्थिक राजनितिक सामाजिक र सरसफाईका कमिका कारण दलित समुदायमा दलित समस्या देखा परेको पाईन्छ भने दलित पहिचान भएकै कारण अध्ययन क्षेत्रमा अर्ध र पूर्ण वेरोजगारी देखिएको छ । व्यावसायीक ज्ञानको अभाव र पानी बाट बनेका उत्पादीत चिज वस्तुहरू अधिकांश व्यक्ति र समाज बाट अघोषित रुपमा अस्वीकार गरिनुका साथै व्यावसायिक नेतृत्व पनि यो समाजको स्वीकार गरीदैन । यस्ता सवालमा कुनै कुरा उपल्ला जातीहरू बीच छलफल गर्नखोज्दा मात्र पनि **राजाको काम छोडी कामीको देवाली, दमाई जस्तो कु जात,**जस्ता उखानका माद्यम बाट पनि छेड हान्ने गरेको पाईन्छ । त्यसैकारणले गर्दा अध्ययन स्थलका अधिकांश युवा दलितहरू गाउँनै शुन्य बनाएर नेपालका ठुलठुला शहर तर्फ मज्दुरी र कुल्लि को श्रममा जान वाध्य भएको देखिन्छ ।

२१ औ शताव्दीमा आएर पनि गाउँ शहर जतातै छुवाछुत भेदभाव र महिला हिसां का घटनाहरू रेडियो टि.भि.पत्रपत्रिकामा बारम्वार सुनिन्छन् त्यसमा पनि धेरैजसो दलित समुदायकै वर्ग पर्ने गरेको देखिन्छ जति पनि समाजमा सामाजिक घटना घट्छन् ती दलितहरू कै हुन्छन् यसो हुनुको प्रमुख कारण के देखिन्छ भने दलितहरूको पहिचानमा सर्वव्यापि रुपमा दमन गर्नुका साथै सरकारले छुवाछुत अन्त्यको लागी ऐन ल्याएको भएपनि त्यो पुर्णरुपले कार्यन्वयन हुन नसकेको सावित भएको छ । जातीय छुवाछुत तथा भेदभाव अन्त्यको प्रयास कानुनी रुपमा २०२० सालमा सुरु गरीए पनि धर्म र संस्कारका नाममा जरा गाडेर रहेको दलित समस्या व्यवहारीक रुपमा उल्लेख्य काम हुन सकिरहेको छैन । जाडोमा लुकेको विशालु सर्प विष छर्ने दाउमा मौका छोप्न तयार भएझै छुवाछुत प्रथा पनि मन्द विषको गतीमा समाजमा व्यप्त देखिन्छ ।

### ६.२.दलित भएका कारण सहनु परेको दुर्व्यवहार

अध्ययन स्थलमा गरीएको सर्वेक्षण जम्मा ६० घरधुरी अनुसार ९५% ले दलित भएका कारण पानी पँधेरो कुवा विवाह भोज लगाएत गैरदलितहरूको घरमा छुवाछुत जस्ता दुर्व्यवहार सहनु परेको देखिन्छ भने ५% ले मात्र त्यस्तो समस्या नभोगेको देखिन्छ । जसभित्र आर्थीक हिसावले सम्पन्न दलितहरू रहेको देखिन्छ । त्यसैले के थाहा पाउन सकिन्छ भने

हम्मरजुङ्ग गा. वि .स मा छुवाछुतका अमानविय व्यवहार कायमै रहेको देखिनुका साथै खान लाउन नपुग्ने र पुग्ने दलितहरू बिचमा छुवाछुतका फरक व्यवहार गरेको देखिन्छ ।

**तालिका न ११ .दलितहरूलाई छुवाछुतका दुर्व्यवार गरीने ठाउँहरू**

| ठाउँ | संख्या | प्रतिशत |
|---|---|---|
| गैर दलितको घर | ४१ | ७३.० |
| गाउँका चियापसल | १ | २.० |
| कार्यलय | १ | १.० |
| विवाह भोज | १४ | २४.० |
| जम्मा | ५७ | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

तलिका न. ११. अनुसार ७३.० % ले गैरदलितको घरमा प्रवेश निशेध र छोईछिटो गरेको देखिन्छ भने २४.०% विवाहभोजमा र गाउँका चियापसल, कार्यलयमा पनि १.०/२.०% दलितलाई छुवाछुतका दुर्व्यवहार गरेको देखिन्छ । त्यसैले यस तथ्याङ्कबाट के थाहा पाउन सकिन्छ भने अत्याधिक मात्रामा हम्मरजुङ्ग गा.वि.स.का दलितहरूलाई गैरदलितको घरमा विवाहभोजमा यस्ता समस्या भोग्नु पर्ने देखिन्छ जसलाई प्रस्ट बानउका लागि आज सम्म पनि गैर दलितको घर, होटेल जस्ता ठाउँमा छुवाछुतको समस्या भोग्दै आएकी एक सार्की परिवारकी महिलाको वयत्तिक अध्ययन प्रस्तुत गरिएको छ ।

*अध्ययन क्षेत्रमा वसोवास गर्ने २७ वर्षिय एक महिला भोजपुर बाट २०५५ सालमा हम्मरजुङ्ग ७ मा विवाह गरी आएकी आफ्नो माईतघर भोजपुर र हम्मरजुङ्गमा गरेको छुवाछुतका घटना सम्झेर मन अमिलो वनाउदै बताउँछिन् । उनी भोजपुर बाट घर फर्कदा बाटामा बास माग्दा के जात भन्ने गरेका र जात भन्दा बास नदिने भएकाले जातको सट्टा ठकुरी भनेर जात लुकाउने बताईन् । आर्थिक स्थीति कम्जोर रहेका कारण श्रीमान घरको गाह्रो लगाउने काम गर्छन् भने उनी होटेलमा भाँडा माझ्ने, बनी गर्ने माटो बोक्ने सम्मका काम गर्ने तर उचित ज्याला नदिने वताउँछिन् । पुराना घटना सम्झदै भन्छिन् माइत हुँदा पनि खाना नपुग्ने भएकाले अरुकै घरमा काम र माम जुटाउन बनि गर्न हिड्दा नाम भन्दा फालानी सर्कीनी भन्दै बोलाउने, काम लाउने ज्याला नदिने र दुःख पाएको भएर वाहुनका घरमा ३ वर्ष जति वसेको कुरा गर्दै काम गरे बापत मुसाका लिणले भरीएका १ माना मकैका चामाल दिएर टार्ने मिठो वोली कहिल्यै नवोल्ने सर्कीनी नै भनेर नाम नै लोप भएको*

भन्दै यस्तो गर्दा आज पनि चित्त दुख्ने र पुराना घटना सम्झन मन नलाग्ने बताउँछिन् । गाउँ घर मेलापात होटेल साथी संगी गफगर्दा जतासुकै एकान दोकान जात कै कुरा उब्जीने गरेको देख्दा उनलाई के भन्ने भनेर मन पिरलिन्थ्यो । उनले भनेका कुरा नपत्याउने **सार्कीको सरापले गाई मर्दैन** भन्दै जिस्काउने गरेको बताईन् । उनी भन्छिन् सार्की भएकाले नै जहाँसुकै जात भन्न अफठ्यारो र असजिलो भएकोले थर भन्न थालेकी छिन् तर थर भन्दा पनि कुन जातकी भनेर साध्ने हुनाले सार्की नै बताउने तर मन खिन्न हुने वाताउँछिन् । भोजपुरको तुलनामा हम्मरजुङ्गमा छुवाछुत वढि नभएको सगै वसेर खाने सम्मका काम गरेको भए पनि बजार छेउछाउमा सार्की वसोवास भएकाले छरछिमेकमा भने छिँ छिँ दुर्र दुर्र गर्छन् तर बजारमा उति साह्रो गर्दैनन् भनिन् ।

सार्की गाउँ वरीपरी लिम्बु र ठकुरीको वसोवास भएकाले सधै भाडा माझ्न जाने होटेलामा काम गर्न जादाँ दुई लिम्बु र ठकुरी जातका महिलाहरूले जातका कुरा गर्दै उनलाई सर्कीनी भन्दै खसालेर बोले त्यसै वेला उनले किन सर्कीनी भनेर हेप्नुहुन्छ भन्दै हामी तिनै जनाको "हात घोचुम कस्को रगत फरक आउँछ  अनि जातको कुरा गरुम्" भनेको र उनीहरू चुपलागेको बताईन् ।

जसोतसो भएपनि हेपिएरनै वाँचेको र सार्की जात भएर नै, अरुसँग शरण माग्नु परेको, अरुले हेप्ने, काम गर्नजाँदा खाजा छोईन्छ भनि अलग्गै राखेको, सानोजात भनि सर्कीनीलाई खाजा भुटेका मकै दिने अरुलाई भने चाम्रेका परिकार दिने जस्ता व्यवहार भोगेको बताईन् । सँगै काम गर्न मिल्ने खान नमिल्ने भन्दै काम पनि मिल्ने, दाम पनि मिल्ने फुका चामल मिल्ने तर पानी नचल्ने भनेर उनका सवै परिवारले छुवाछुत को सामना गरेका छन् । जातले गर्दा नै व्यापार व्यावसाय पसल गर्न मन लाग्ने तर जात ले पाएको हो र गर्छेस् भनेर गिज्याने कारणले भाडा माझेर मेलापात गरेर नै जीवन बित्ने बताउँछिन् ।

आँखाभरी आँसु वनाउँदै ति महिला छोराछोरीलाई समेत विद्यालयका  कक्षाकोठामा पछाडि राख्ने, साथिहरूले सार्कीको छोरो भन्दै सँगै वस्न नदिने र गन्धे सार्की भन्दै लखेट्ने गरेकाले १२ वर्षिय छोरो विद्यालय जान नमानेको वताउँछिन् । विद्यालयमा पनि शिक्षकहरूले केटा केटी तेस्तै हुन भनि वास्ता नगरेको बताईन् । यसरी सवै आफुले भोगेका कुरा भनि सकेपछि आफुलाई जात मन पर्ने भएतापनि अरुले हेपेको देख्दा सार्की नभनि रस्तेल, थरले चिनाउने गरेको वताउँछिन् तर यसरी थाहा नपाउँदा कुनजात भनि सोध्ने

*गरेको जे भने पनि दलित नै हो भनेर चिनिहाल्छन्  त्यसैले आफ्नै जात भएपनि छुवाछुत नभए दिल खोलेर हिड्डुल गर्न पाउने बताउछिन् । यसका साथै चरम गरीवीका कारण धनी सार्की जातीका ईष्टमित्रले समाजमा एक्लो बनाएको बताउँछिन् । छ जना छोराछोरी ,खान लाउन नपुग्ने कारणले विहान वेलुकाको छाक टार्न घरवाहिर नै रहनुपर्ने भएकाले सरसफाइमा पटक्कै ध्यान दिएको देखिन्दैन सरसफाई गर्नुपर्छ भन्ने थाहा छ तर पनि समाल्न नसकेको कारणले गर्दा गाउँका ठकुरीहरूले सिनो खाने जात त हो सरसफाई त जातले पाएपो गर्थे भन्ने गरेकोले नराम्रो लागेको बताउँछिन् । यसरी धेरै पिर सहेर बसेकी ती महिला लेखपढ नभएका कारणले सरकारले दलितलाई दिएको कुनै सुविधा थाहा छैन् सार्की समुदाय मात्र रहेकाले सभ्य तरीकाले कोहीपनि वोल्ने नगरेको भन्दै कुनै पनि सरकारी सुविधा केहि पनि उपभोग गरेकी छैनन् । यसरी सार्कीलाई अन्यजात दमाई र कामी जातीले पनि हेप्ने गरेकाले दलित दलित मिल्नु पर्ने अनि मात्र ठुलाजातीहरूले गर्ने व्यवहारको बिरुद्ध आउन सकिने भन्दै आफुले छुवाछुतका समस्या भोगे पनि छोराछोरी ले भोग्नु नपरे हुन्थ्यो भन्दै जात भन्ने चिज नहटे पनि नागरीकता बनाउँदा थर लेखाउने र थर बाट चिनाउने बताउदै विद्यालयमा छोराछोरीलाई थर नै लेखाई दिएकी छन् । जातले नै गर्दा चुलो चौको बाटो घाटो पानी पँधेरोमा छुवाछुत हुनेभएकाले दलित भन्न नरुचाउने तर थर भन्न मन पराउने कुरा गर्दै आजभोली सवै दमाई,कामी र सार्कीहरूले थर लेख्न चलन आएकाले उनलाई पनि थर लेख्न उत्सुक भएको बताईन् ।*

यस अध्ययन बाट के थाहा पाउन सकिन्छ भने कुनैपनि व्यक्तिलाई स्वतन्त्र रुपले जीवन विताउने रहर हुन्छ । समाजका ईष्टमित्रहरूसँग राम्रो सम्वन्ध राखी ईज्जतका साथ सम्मान जनक पहिचानले चिनाउने चाहाना हुन्छ जुनकुरा अध्ययन स्थलका दलित समुदायमा देखिन्दैन किनभने जताततै दलित पहिचानले गर्दा गाली । घोचपेच, घृणाको पात्र बन्नु परेको देखिन्छ । गाउँघर, ईष्टमित्र, र छरछिमेकबाट टाढिनु पर्ने र नराम्रा फोहोरी काम मात्र गर्नु पर्ने, कहिले पनि जातको पिर नबोकी हिड्न नपाउने गरेका दलित समुदायका महिला र पुरुषहरूको भनाई बाट बुझ्न सकिन्छ । सधैंभरी छुवाछुतको मारमा परीरहने र अरुको सेवा गर्दै फुर्सद नहुने अधिकाशं दलितहरू सरकारले के सुविधा दिन्छ भन्ने कुरा सम्म थाहा नभएको देखिन्छ । उनीहरूको पक्षमा बोलीदिने कोही नहुने र दलित भएर नै ठाउँ अनुसार आफ्नो पहिचान लुकाउने लुकाउन नचाहे पनि जातका कारण थर भन्नु पर्ने जस्ता समस्या लुकाउन वाध्य भएको देखिन्छ जसको मुख्य कारण दलितको पहिचान हो

भन्ने देखिएको छ दलितहरूभित्र सरसफाईको कमी, निम्न आर्थिक स्थिति, रहन सहन र वोलीमा सभ्यता नभएकाले गर्दा उहिरूको पहिचानले झनै नरम्रो स्थीति र्सजना गरेको देखिएको छ भने हम्मरजुङ्ग ७ मा अवस्थीत रहेको सार्की जातीको वसोवास शहरको नजिक रहेकाले थोरै मात्रामा भएपनि दलितहरूलाई हेर्ने आँखा र गर्ने व्यवहार सुधिएको देखिन्छ ।

**तालिका न.१२ हम्मरजुङ्ग गा.वि.स.का दलितहरूलाई दलित भनिनुका कारणहरूको विवरण**

| कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत देखिको चलन भएकाले | ४१ | ८.३ |
| गरिव भएकाले | ३ | ५.० |
| फोहोरी जात भएकाले | १६ | २६.७ |
| जम्मा | ६० | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

दिएको तालिका अनुसार जम्मा ६० घरधुरी मध्ये ६८.३ % ले परम्परा देखिनै दलितहरूलाई गरीने व्यवहारले गर्दा नै अहिले सम्म पनि सोहि नियम लागु गरेको देखियो भने २६.७ % जातै फोहोरी भएकाले पनि दलित भन्ने गरेको देखियो । जस बाट के थाहाँ पाउन सकिन्छ भने दलितहरूलाई परम्परगत धारणा बाट हेरिने र उनीहरूभित्र सरसफाईमा ध्यान दिएको नदेखिएका कारणले पनि जात नै फोहोरी बनाएको देखिन्छ भने ५% ले मात्र आर्थिक स्थीति कम्जोर भएर दलित भन्ने गरेको देखियो ।

### ६.३ दलित पहिचान परिवर्तन

अध्ययन स्थलका दलित समुदय भित्र पहिचान दलित नभनेर पहिचान परिर्वतन गरेर हिड्ने गरेका छन् जसमा ६० घर संख्या मध्ये ७३.३% संख्याले दलित पहिचान परिवर्तन गरेका छन् त्यस्तै गरी १.७ %ले परिवर्तन नगरेको देखियो भने २५% ले थाहा नभएको बताए । उक्त सर्वेक्षण अनुसार दलित पहिचान भएता पनि धेरै संख्याले जात परिर्वतन गरी चिनाएको देखिन्छ भने जात परिर्वतन नगर्नेको संख्या कम देखिएको भएपनि र थाहा नभएको भनेर २५% ले भनेता पनि उनीहरू पहिचान परिर्वतन गर्ने भित्रनै पर्ने तर भन्न नचाएको मात्र देखिन्छ । किनभने उक्त स्थानका दलितहरूलाई जात सम्वन्धि कुरा निकाल्दा अपमान गरेको जस्तो महसुस गर्ने भएकाले गर्दा जात सम्वन्धित कुरा गर्न त्यति नचाएको देखिन्छ ।

## ६.४ दलित पहिचान  लुकाउने  स्थानहरू

अधिकाशं दलितहरूले दलित पहिचान गैरदलितका भोजभतेर र सभासमारोह र परिस्थीति अनुसार चिया पसल र होटेलहरूमा समेत दलित नभनेर क्षेत्रि वाहुन अथवा थरहरू प्रयोग गरी हिड्ने गरेको देखिन्छ । जसमा अध्ययनस्थलका दलितहरूले विभिन्न स्थानामा फरक पहिचान ले चिनिएर हिड्ने र दलित नभनेर आफ्नो पहिचान लुकाएको देखिन्छ जसलाई तथ्याङ्कमा प्रस्तुत गरीएको छ ।

**तालिका १३. दलित पहिचान लुकाइने स्थानहरूको विवरण**

| पहिचान लुकाईने स्थान | संख्या | प्रतिशत |
|---|---|---|
| समाजिक सभासमारोह | २० | ४५.४ |
| चिया पसल/होटेल | १९ | ४३.२ |
| भोज भतेर | ५ | ११.४ |
| जम्मा: | ४४ | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तालिका अनुसार ४५.४% दलितहरूले सामाजिक सभा समारोह जस्ता ठाउँमा आफ्नो पहिचान लुकाएको देखिन्छ भने ४३.२% ले चिया पसल होटेल जस्ता ठाउँहरूमा आजभोली पनि जात लुकाउने गरेको देखिन्छ । प्राय ५% दलितहरूले भोजभतेरमा जादाँ पनि दलित भन्न रुचाउदैनन् जसबाट के थाहा पाउन सकिन्छ भने अध्ययन स्थलका दलित समुदायलाई सभा समारोह र भोज भतेरमा छुवाछुत को सामना गरेको देख्न सकिन्छ भने चियापसल होटल जस्ता ठाउँहरूमा आजभोली छुवाछुत नगर्ने भएता पनि मानसिक डरका कारण दलित पहिचान लुकाउने गरेको देखिन्छ ।

## ६.५ दलित पहिचान लुकाउनुका कारणहरू

दमाई, कामी, र सार्की जातीहरूलाई प्रायजसो गैरदलितहरूले फोहोरी, सिनो खाने, जात अरुको आस गर्ने, गरीब र उनीहरूले गर्ने पेशाका कारण नै छुवाछुत र अमानविय व्यवहार गर्ने गरेको देखिन्छ जसले गर्दा उनीहरू हिनता वोधको भावनाले ग्रस्त हुने गर्दछन् त्यस्तै अध्ययन स्थलका दलितहरू पनि आफ्नो इज्जत प्रतिष्ठामा कसैले आँच नपुऱ्याओस भनेर शोषण दमन बाट वच्नको लागि गैर दलित सरह स्वतन्त्रताको महसुस गर्न पहिचान लुकाउने गरेका छन् जसलाई तथ्याङ्कमा प्रस्तुत गरीएको छ ।

**तालिका न. १४: हम्मरजुङ्ग ४र ७ का दलित समुदायले (दलित) पहिचान लुकाउने कारणको विवरण**

| पहिचान परिर्वतन गर्नुको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| दलित भनेर घृणा गर्नाले | ३५ | ५८.३३ |
| शोषण दमन गर्नाले | १२ | २०.०० |
| ईज्जत प्रतिष्ठामा आँच  आउनाले | ५ | ८.३३ |
| असजिलो हुनाले | ८ | १३.३४ |
| जम्मा : | ६० | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

दिएको तालिका अनुसार ५८.३३ % ले दलित भनेर अपमान गर्ने र २०% ले दलित भनि  अत्याधिक शोषण दमनका कारणले दलितहरू ले दलित पहिचान र दमाई कामी र सार्की नभन्ने बताउँछन् भने दलितहरूको पहिचान नै दलित भएकाले गर्दा जहाँसुकै भन्न अफठ्यारो लाग्ने र भने पनि छुवाछुत र भेदभाव गर्ने डरका साथै इज्जत नै नभएको जस्तो व्यवहार गर्ने भएकाले दलित पहिचानलाई दवाउने गरेको देखिन्छ । यसरी के थाहा पाउँन सकिन्छ भने अध्ययन स्थलका दलितहरूले पनि दलित भनि घृणा गर्ने कारणले नै सवैभन्दा वढि संख्याले पहिचान लुकाएको देखिन्छ भने गैरदलितहरूले दलितहरूको ईज्जत नै नहुने भएको सोचले गर्दा ८.३३% मात्रले इज्जतमा आँच आउने बताएका छन् ।

## ६.६ पहिचान पविर्तन गर्नुको अवस्था

पहिचानले मनिसलाई फरक फरक हैसियत प्रदान गर्ने गर्दछ । त्यसैले पहिचानले व्यक्तिलाई छुट्याउने र चिनाउने कामको भुमिका खेल्ने गरेका कारण दलितहरूले आफ्नो पहिचान (जात) विभिन्न ठाउँ र परिस्थीमा वेला वखत लुकाएको देखिन्छ । जस मध्ये जम्मा ६० घर सख्या मध्ये ३६ उत्तरदाता भित्र ६०% ले दमाई, कामी र सार्की नभनी घरबाट वाहिर निस्कीएपछि यात्रा गर्दा डेरा खोज्दा सभा समारोहमा भेला हुदाँ जात लुकाउने गरेको देखिन्छ भने ४०% ले भने जात भनेर चिनाउने गरेको देखिन्छ जसमा वुढापाका र शिक्षबाट वञ्चित भएका दलितहरू र जातिगत पेशा अंगालेकाले जात नलुकाउने गरेको देखिन्छ । भने जात लुकाउने वा परिर्वन गर्नेहरूले पनि विभिन्न अवस्थामा जात ढाकछोप गरेको देखिन्छ । जसलाई तल तथ्याङ्कमा प्रस्तुत गरीएको छ ।

**तलिका न.१५: पहिचान लुकाउने गरेको विभिन्न अवस्थाको विवरण**

| **पहिचान लुकाउने गरेको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| डेरा खोज्दा | १२ | ३३.३ |
| यात्रा गर्दा | ११ | ३०.५ |
| सभा समाहरोहमा भेलाहुदाँ | ७ | १९.६ |
| जहाँ सुकै | ६ | १६.६ |
| जम्मा | ३६ | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

दिएको तालिका अनुसार जात परिर्वतन अथवा लुकाउने क्रममा जम्मा ३६ संख्या मध्ये ३३.३%ले डेरा खोज्दा वढि मात्रामा जात परिवर्तन गरेको दखिन्छ भने त्यस पछि यात्रा गर्दा असजिलो महसुस हुने भएकाले ३०.५% दलितहरूले सवारी साधन प्रयोग गर्दाको अवस्थामा पहिचान लुकाउने गरेको देखिन्छ भने क्रमश १९.६%, १६.६% ले सभासमारोह र जुनसुकै स्थानमा दलित पहिचान परिवर्तन गर्ने वा लुकाउने गरेको देखियो । जसबाट के थाहापाउन सकिन्छ भने अध्ययन स्थलका अधिकाशं दलितहरूले डेरा खोज्दा र यात्रा गर्दाको अवस्थामा दलितहरूलाई हेयको दृष्ट्रिले हेर्ने भएकाले दलित पहिचान लुकाउने गरेको देखिन्छ । डेरा खोज्दा, यात्रागर्दा दलित भएर धेरै दु :ख पाई घरैमा कृषी पेशामा संल्नन रहेका एक कामी जातिका पुरुषको वयक्तिक अध्ययन यहाँ प्रस्तुत गरीएको छ ।

*अध्ययन स्थलमा वसोवास गर्दै आएको एक कामी परीवारका पुरुष सानै देखि घर छोडी अर्काको भारी वोकेर पेटपाल्न पोखरा छिरेको बताउँछन् । गाउँमा बस्दा आरनको काम गर्ने खुकुरी, हसिँया, जस्ता फलामका हातहतियार बनाउने थे । आम्दानि नभएको वताउने व्यक्तिले गाउँमा सवै दलितहरूले भोग्ने सास्या घर भित्र पस्न त परैजाओस् सिकुवा टेक्न सम्म नदिने, बाहुनहरू आएको देख्दा बाटो छोडिदिनु पर्ने सिदा हेर्न नहुने जमाना थियो भन्दै पसलमा समान किन्न जादाँ अलग्गै वसेर पसल नछोई समान किन्नु परेको वातउँदै नजिकैको वजारमा किनमेल गर्न गएको बेला २० रुपैयाँको मिसिरी किन्न लाग्दा मिसीरीको बोरा नै छोईयो भनि पसलेले मान्छे भेला गराई बोरा नै जिम्मा लागाउन खोजे तर भेला भएका मानिसहरूले ५०० रुपयाँ जरिमाना तिराएर छोडिदिने भन्ने निर्णय गरी मलाई कागज गराई छोडेको तर उक्त पैशा तिर्ने सक्ने क्षमता नभएकाले र गाउँमा पनि उत्तिकै भेदभाव र छुवाछुत को समस्याले गर्दा उनी पैशा नै नतिरी पोखरा छिरेको बताए भने यात्रा*

*गर्दापनि जात सोधेर हैरान वनएको भन्दै घर बाट निस्किए पछि झनै छुवाछुतको समस्या भोग्नु परेको बताए । उनी वराईली थर भएकाले थर परिवर्तन गरी वराल थरले चिनिदै हिडेको तर उनी सगै गएका दुई सार्की हरू भने कहिले थापा भुझेल र वस्नेत जस्ता जातले चिनिने गरेको वताए पनि उनले भने वराल नै भएकोले डेरा सजिलै भेटे तर कामको सिलसिलामा होटेलमा भाँडा  माझ्केको, घर पुछ्ने र कुल्लि काम २ वर्ष सम्म गरे पछि विस्तारै घर वनाउने काम मा वालुवा चाल्न, वोक्ने जस्ता काम गरेको बताउने ति मानिस सगै अरु दुई साथी समेत उनी संगै काम गर्थे । एक दिन होटेलमा खाजा खादाँ सार्की साथिले खाएको भाडा सफा गरेको तर उनी वराल भएकाले नै भाडा माझ्नु नपरेको बताए । तर कामी साथीले भाँडा माझ्न नामान्दा पिटाई नै खाएको समेत वताए । पोखराका हरेक ठाँउँहरूमा जात नलुकाई सुख नै नभएको जात लुकाएर नै हिडेको वताउदै वराल भएर वसेको कारण घरवेटि भुझेल जातको भएकाले उनी सँग राम्रो सम्वन्ध थियो तर लामो वसाईका कारण सोही घर कि छोरी सँग प्रेम सम्वन्ध गाँसिन पुगेको पनि वताए तर कामी दमाई र सार्कीहरूलाई देख्नै नसक्ने भुझेल छोरा नभएका कारण उनीहरूको प्रेम सम्वन्ध थाहा पाई वराल नै होला भन्ठानेर विवाह गरदिन मञ्जुर भई भएको जग्गा जमिन पनि उनको नाममा नामसारी गरीदिन लाग्दा नागरीकताको कुरा गर्न थाले पछि उनको मनमा डर लाग्न थाल्यो यदि जात थाहा पायो भने त समाजै उठाएर पिट्छन् होला भन्ने डरले साथिहरू सँग कुरा मिलाई राति नै भागेर काठमण्डौ आएको बताउदै आफ्नो प्रेम सम्वन्धलाई पनि दलित भएकै कारणले अघाडि वढाउन नसकी विवाहमा परिणत गर्न नसकेको बताए । त्यसैले दलितहरूको कुनै हैसियत नभएको ठान्ने गरेकाले कामी भनेर चिनाउन मन पराउँदैनन् वराईली भन्दा के जात भनेर सोध्छन् त्यसैले जात नभनि धर नपाइने भएकाले दलित परिवारमा जन्मिएको मा पछुतो मान्दै आजभोली गाउँमै घरजम गरी वसोवास गर्दै आएका ति कामी पुरुष अबका छोरा नातिहरूले थर बाटै चिनीउँन् भन्दै मैले जस्तो समस्या भोग्न नपाए हुन्थ्यो भन्छन् गाउँमा विभिन्न दलित सँग काम गर्ने संस्थाहरू प्रति सन्तुष्ट नभएका भत्ता मात्र खाने गरेको र गाउँका क्षेत्री वाहुनहरूले आज सम्म पनि छोईछिटो नत्यागेको देख्दा* ***"ल्हासामा सुन छ कान मेरो वुच्चै "*** *जस्तो मात्र भएकाले आज पनि उनले छोएको गाउँमा उपल्ला जातिहरूले नखाने बताउँछन् त्यसैले वाहीर हेर्दा  छुवाछुत  हटिसक्यो भनेर देखिएता पनि गाउँघरमा छुवाछुत ज्युँका त्यूँ रहेको बताए ।*

जसबाट के थाहा पाउन सकिन्छ भने दलितहरूले आफ्नो पहिचान लुकाएर पनि कुनै सहज नभएको सत्य कही लुक्दैन भनेझै थर परिर्वतन गरे पनि दलितहरूको दिगो चिनारी नहुने भएकाले दलितहरूको समस्या जस्ताको तस्तै रहनु दलित पहिचान नै हो भन्ने देखिन्छ किनभने दलित भएकै कारण उनीहरूलाई घर प्रवेश, गर्न नदिने उपल्ला जातका घर टेक्न नदिने, दलितले खाएका भाडा छुन नहुने, दलितहरूलाई गाई भैसिको दुध दिन नहुने, चलनहरू हम्मरजुङ्गग गा.वि .स .का दलित समुदमयमा यथावत रहेको देखिन्छ ।

## ६.७ हम्मरजुङ्ग गा.वि.स.का दलितहरूमा पहिचान लुकाउनु पर्ने वाध्यता

जो कोही पनि समाजमा स्वतन्त्र रुपामा वाँच्न चाहन्छ, अर्काको दवाव साशन र आदेशमा रहदाँ हिड्डुल र उठ वसमा समस्या देखापरे जस्तै अध्ययन स्थलका दलित समुदाय भित्र विष्टका अदेशमा वस्नु पर्ने, जीवन निर्वाह गर्न पनि उनीहरू सँग नै निर्भर रहनु पर्ने वाध्यता भएको देखिन्छ । यसैकारणले घरदेखि वाहिर निस्कीदा अरुसरह वाँच्नकको लागि जात लुकाएर हिड्नु पर्ने वाध्यता देखिन्छ । त्यसैले अध्ययन स्थलमा गरीएको सर्वेक्षण अनुसार पहिचान लुकाउने जम्मा ३६ उत्तरदाता मध्ये ९५% ले जात लुकाएर हिड्नु पर्ने वाध्यता रहेको बताए भने मात्र ५% ले मात्र जात लुकाउनु रहर भनेका थिए भने अधिकासं दलितहरूले जात लुकाउनु पर्ने वाध्यता रहको देखिन्छ त्यस्तैगरी पहिचान लुकाउनु पर्ने वाध्यताहरू विभिन्न हुने हुनाले तल तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

**तलिक न.१६.दलित पहिचान लुकाउनुका वाध्यताहरूको विवरण**

| वाध्यताहरू | संख्या | प्रतिशत (%) |
|---|---|---|
| दलित भनि अपमान गर्ने भएकाले | २५ | ७२.० |
| अफठ्यारो महशुस नहोस भनेर | ४ | १२.० |
| अरुसरह ईज्जत पाउनका लागी | ३ | ८.० |
| छुवाछुत वढि हुनाले | ३ | ८.० |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत अनुसन्धान, २०६९

देखाइएको तथ्याङ्क अनुसार जम्मा ३५ संख्याले दलित पहिचान लुकाउनु वाध्यता हो भने मध्ये सवैभन्दा वढि ७२% ले अपमान गर्ने भएकाले लुकाउनु पर्ने अवस्था भएको र १२.०% ले आफैलाई दलितभनेर हिड्न अप्ठ्यारो महशुस हुने भएकाले जात ढाँट्नु अथवा

लुकाउनु पर्ने वाध्यता भएको देखियो भने क्रमस ८.०% ले अरुसरह समान ईज्जत पाउनका साथै छुवाछुत बाट मुक्त हुनका लागि पहिचान लुकाएको दखिन्छ ।

### ६.८ दलित पहिचानका कारण दलितलाई भेदभाव गरीएका स्थान

अध्ययन स्थलमा गरीएको सर्वेक्षण अनुसार जम्मा ६० उत्तरदाताहरू मध्ये ५८ दलित संख्या भित्रका ९६.७% ले समाजमा (दलित )दमाई, कामी, सार्की भएर नै दलित समाजमा भेदभाव गरेको देखिन्छ भने ३.३%ले मात्र अन्य कारण आर्थिक स्थीति र सरसफाईको कमिका कारण छुवाछुत र भेदभाव सहनुपरेको छ । जसमा सम्पन्न दलित परिवारको भनाई रहेको पाइएको छ । यस बाट के थाहाँ पाउन सकिन्छ भने अध्ययन स्थालका दलित समुदाय भित्र दलित पहिचानका कारण नै भेदभाव र छुवाछुतका समस्या वढि मात्रामा भएको देखिन्छ । जसलाई तथ्याङ्कद्धारा प्रस्तुत गरीएको छ ।

**तालिका न १७. दलित भनी समाजमा छुवाछुत वा विभेद गरीएका स्थानहरू**

| छुवाछुत वा विभेद गरीएका स्थानहरू | छ | छैन | जम्मा |
|---|---|---|---|
| विवाह, भोज भतेर | १० | ४८ | ५८ |
| गैर दलितको घरमा | ४४ | १४ | ५८ |
| सार्वजानिक ठाउँमा( धारा कुवा) | १८ | ४० | ५८ |
| मेलापात (खेतला) गर्न जादा | १८ | ४० | ५८ |

श्रोत : २०६९ स्थलगत अध्ययन

उक्त तथ्याङ्क अनुसार दलितहरूले भेदभावका समस्याहरू भोग्नु पर्ने विभिन्न ठाउँमा जम्मा ५८ उत्तरदाताहरू मध्ये ४४ जनाले गैरदलितको घरमा भोगेको पाईएको छ भने त्यसपछि क्रमश धारा, कुवामा र मेलापात गर्न जादाँ १८/१८ जाना ले छुवाछुत र भेदभाव गरीएको देखियो भने विवहभोजमा १० जना उत्तरदताहरूले यस्ता समस्या भोगेको देखिन्छ । उक्त तथ्याङ्कबाट के थाहपाउन सकिन्छ भने दलितहरूलाई छुवाछुत र भेदभाव गरीने स्थानहरूमा  गैरदलितको घरमा र सार्वजनिक स्थान धारा पधँरा र मेलापात जाँदा भोगेको देखिन्छ ।

### ६.९ दलित पहिचान समस्या र दलित प्रतिको वुझाई

पछिल्लो समयमा आदिवासी जनजातीहरू एकल जातिय पहिचान सहितको संघियताका पक्षमा उभिएका छन् भने मधेसीहरू एक मधेस एक प्रदेश कै अडानमा छन् ।

विस्तारै मुस्लीमहरूले पनि आफ्ना माग अगाडि सारेका छन् तर दलितहरूले यस्ता विषयमा प्रस्ट धारणा ल्याउन सकेका छैनन् भने हालै सरकारले वाहुन क्षेत्रिसँग दलितलाई पनि आदिवासीमा सुचिकृत गर्ने घोषणा गरेपछि दलित पहिचान के ? भन्ने कुरा झनै चर्चामा रहेको देखिन्छ । दलितहरूले भोगेका अपमान पिडा जनजाति सँग मिल्छन् भने उत्पतिका हिसवले वाहुन क्षेत्रि सँग नजिक छन् यी अवस्थाले गर्दा अहिलेको अवस्थामा दलितहरूको पहिचानको समग्रह पक्षमा गहिरो अध्ययन र विष्लेषणको खाँचो देखिन्छ (वि. क २०६९) ।

गाउँका कतिपय वुद्धिजिवी दलितहरूले त देशमा भईरहेको जातीय पहिचानको कुरामा सिप पेशा र दलित शव्द भएकाले गर्दा नै जातिय छुवाछुत का पिडा खप्नु परेको र जातीय पहिचान दलितहरूका लागि सान्दर्भिक नरहेको वताउदै परम्परगत वर्णाश्रमलाई नै पुर्ण रुपमा अन्त्य गर्नु पर्ने बताउँछन् । दलित पहिचान मुलुक भरीका दलितहरूको साझा समुहिक पहिचान भएता पनि अध्ययन स्थालका अधिकाश दलितहरूको मनसाय (दमाई कामी र सार्की) जातीहरू मत्र दलित भन्ने वुझाई रहेको देखिन्छ त्यसैले उनीहरूलाई दलित भन्न र दलित सम्वन्धि कुरा गर्न अघि सर्दैनन् । परिचित व्यक्तिहरूको सामु यथार्थ जात भनेता पनि नयाँ व्यक्ति सँगको परिचयमा नाम र थर जोड्ने गरेको पाईन्छ यसै सन्दर्भमा दलित पहिचान र दलित शव्द प्रतिको सम्वन्धमा अध्ययन स्थलका एक दलित परिवारका वुद्धि जीविको व्यक्तिगत अध्ययनका साथै दलित सम्वन्धि धारणा वुझ्न यहाँ प्रस्तुत गरिएको छ ।

*यस अध्ययन को सिमा भित्र पर्ने ५१ वर्षका दमाई परिवारका सदस्य शुक्रवारे बजारमा वसोवास गर्दै आएका छन् । मिश्रीत समाज रहेको उक्त वजारमा पेशागत रुपमा कपडा सिलाउने उनी आजसम्म सोहि पेशामा संल्गन रहेका छन् । काम को थालनिमा आर्थिक स्थीति कम्जोर हुदाँ सवैले दमाई भनेर बोलाउने आजभोली थरले नै चिन्ने गर्दछन् । यो पहिचान भन्ने कुरा बनाउने हो जन्मजात नहुने भएपनि दलितहरूलाई भने दलित पहिचान शासकहरूले लादेको जन्मजात पहिचान हो भन्ने बताए ।*

*उनका अनुसार नागरिकता बनाउदा जिल्ला प्रशासन कार्यलयमा दमाई जातको मान्छे थर लेख्न पाईन्दैन भन्दा पनि वुवाले थर नै लेखाउन आग्रह गरेकाले उनी मते भनेर नै चिनाउने बताए । साथिभाईले छुवाछुत नगर्ने तर गर्ने जस्तो सुईको पाए भने जुरुक्क उठेर बाटो ताताउछु भन्ने उनलाई त्यस्तो समस्या भने आई नपरेको वताए । भोजभतेर*

सभासमारोहमा पनि समान व्यवहार गरेको भन्दै अवका पुस्ताहरूले दलितका थरहरूलाई प्राथमिकता दिनु पर्ने वताए । उनले यो उमेर सम्म आईपुग्दा थरले चिने पनि जात सोधे नलुकाई जवफ मात्र दिने गर्छन् । उनका अनुसार त्यसठाउँमा लिम्वुहरूको वाहुल्यता रहेको र उनीहरूको भाषा संस्कृती ले उनीहरूको पहिचान चिनाउन सजिलो भएको तर दलितका अधिकाशं थरहरू भने क्षेत्री वाहुनहरू सँग मिल्ने भएकाले कामी, दमाई र सार्कीहरूले आफ्नो थर भनेर नै पहिचान दिनु उपयूक्त हुने बताए ।

२/३ वर्ष अघि यही शहरका चिया पसलमा दलितहरूले खाएको भाडा माझ्नु पर्थ्यो भने त्यस्तो चलन आजभोली हट्दै गएको र गैरदलितहरू सगै वसेर खाने गरेको देखिन्छ । उनी र उनको परिवारलाई अहिले सम्म छुवाछुत नगरेको र क्षेत्री वाहुन नै घरमा आएर खानपानमा सामेल भई मतुवालीहरूले खाने जाड रक्सी खाने गरेको र मतुवालीहरूले छोड्दै गएको बताए । आफ्नो परिवारलाई छुवाछुत भेदभाव नगरे पनि छिमेकी दमाई र सार्कीहरूले प्रसस्त छुवाछुत भगेका भन्दै एक दमाई वुढाले लिम्वुको मासु पसल छोयो भनेर १८ के जि वरावरको मासु जिम्मा लिनु परेको र उक्त मासुको पैशा तिर्न १ वर्ष लागेको भनेर छिमेकीले उनी सामु गुनासो  गरेको बताए ।

पहिचानका कुरा गर्दै दलितहरूको पहिचान दलित शव्दले नै गर्दा विभेदित भएको हो त्यसैले दलितहरूको चिनरी दिने थर उपयुक्त माद्यम हो भन्दै मते भनेको दमाई जातीको वास्तविक थर हो जुन भट्टराई वाहुनको सहगोत्री भएको र दाजुभाई भएको मानिन्छ तर पुर्खाहरुले दलितहरूलाई पेसाको आधारमा छुट्याई दलितको उपाधी दिएको बताउँछन् । किनभने पहिले मते र भट्टराईको थर एउटै भएकाले एउटै कुल मान्ने बताए । जात कहिले जात नलुकाउने ति सदस्य आर्थिक स्थीतिले सम्पन्न भएकाले होला अरुदलितहरू भन्दा भिन्न देखिन्छन् उच्चकोटिको सरसफाई देखिने उनी भन्छन् मलाई दलित कस्ले वनायो ? किन बनयो ? र आजभोली सवै युवा दलितहरूले पहिचान परिवर्तन गर्ने गरेका छन् भने तर कानुनामा त जात ढाँट भनेर लेखेको छैन भन्दै क्षणिक स्वतन्त्रता प्राप्त गर्न दलितहरूले पहिचान छलेर हिडे पनि मनोवैज्ञानिक रुपमा भने अवस्य असजीलो डर महशुस हुने बताए ।

आजभोली दलित युवापुस्ताले आफ्नो चिनारी थरले चिनाउँछन् राम्रो भएपनि थरले मात्र चिन्न नसक्दा भने क्षेत्रि वाहुन हो भन्छन् यसरी चिनाउदा पहिचानको ख्याल नगरी पहिचान हराएको आफु के हुँ भन्ने कुरामा नै स्पस्ट नहुने वताउदै उनी भन्छन् हुनत !

दलित भनेर हामीलाई विनाकामको उपाधि नै दिएको हो किनभने दलित र गैरदलित विचमा केहि फरक नभएको धर्म र संस्कृति क्षेत्री र वाहुन सगै मिल्ने भएकाले दलित भन्ने उपाधि सँग उनी सहमत नभएको वताउदै अब संविधान बनिहाल्यो भने दलितहरूको यी विषयमा स्पष्टिकरण हुनु पर्ने जरुरी ठानेका छन् । ती हुन् :

१. दलितहरुलाई दलित उपाधि किन दिएको हो ? यो उपाधि दिदा के फाइदा हुन्छ ?

२. दलित भनेर 'दलित' उपाधि नदिदा के वेफाईदा हुन्छ ? र

३. दलित उपाधि कस्ले दिएको हो ?

भन्ने कुराको स्पष्टिकरण र यसका समाधनका साथै संविधान बाट नै दलित शव्द राख्न उचित नभएको बताउँछन् । दलितहरूलाई सरकारले दिने सुविधा पनि गैरदलितका ठुला वर्गहरूले नै उपयोग गरेकोले दलितहरूको सेवासुविधा दुरुपयोग भएको वताउदै दलितहरू दलित नै भएर वस्नु परेको र सिप जोश जाँगर भएता पनि दलित प्रतिको हिनता वोधले नै ग्रसित भएको बताउँछन् । उनका विचारमा सरकारले दलितहरूका समस्यालाई चासो नदिएको र दलितलाई दिने सेवा सुविधाहरू पनि म यति राख्छु र तँ यति लैजा भनेर भाग वण्डा लगाएकाले वरु सवै दलित र गैरदलितलाई भर पर्दो रोजगार दिई दलित शव्दलाई सम्मान जनक वनाउनु पर्ने नत्र दलित शव्दलाई हटाएमा मात्र दलितहरूको नयाँ पहिचान वन्ने नभए दलित शव्दले गर्दा नै छुवाछुत जस्ता समस्या यथावत रहिरहने बताउँछन् ।

दलित मुक्तिका लागि संगठन स्थापना गरी क्षेत्रीय र ईलाका स्तर सम्म संचालन गरे पनि दलित दलित भित्रको असमझदारी ले गर्दा संगठन रोकिएको भन्दै पहिले दलित दलित नै एउटा खम्वा हुनु पर्ने बताए । तर दलितहरूमा यो सम्वन्ध कायम गर्न दलित दलित विचको छुवाछुत को कारण सजीलो नभएको बताउँछन् । छुवाछुतको व्यवहार उनी र उनको परिवारलाई नगरे पनि उनी खुसी नभएको भन्दै महलमा वस्ने दलित र सडकमा वस्ने दलित एउटै हो भन्छन् त्यसैले हम्मरजुङ्ग गा.वि.स.मा वसोवास गर्ने दलितहरूमा समाजिक आर्थिक विषेश शिक्षामा पँहुच वढाउनु पर्ने दखिन्छ भनेका छन् । यसैगरी सरकारले पनि मुलुक भरीका दलित समस्याको समाधान कानुनि दस्तावेजमा मात्र सिमीत नराखि व्यवहारिक रुपमा नै समाधान गर्नु पर्ने र जाहाँ दलितलाई दुर्रव्यवहार गरिन्छ सोही ठाउँमा सजायको व्यवस्था पनि गर्नु पर्ने । दलितहरू विचको हामीहरू र तिमिहरूको

*सम्वन्धलाई हामी भन्ने भावनामा जोड्नु पर्ने आवश्यक्ता देखिन्छ । त्यसैले आजभोली दलित शव्द ले नै दलित पहिचानलाई असर पारेकोले गर्दा छुवाछुतका समस्याहरू सहनु पर्ने भएकाले नयाँ पीढीहरूले नागरीकतामा र सार्वजनिक स्थानहरूमा थरले चिनउँदा कुनै आपति नहुने बताए । दलितहरूले थर लेख्दा नचिन्ने हुनाले समस्या आए पनि जसरी थापा भन्दा क्षेत्री र खतिवडा भन्दा वाहुन समाजको भनेर चिन्न सकिन्छ त्यसरी नै मते भन्दा दमाइ समाजको रुचाल भन्दा कामी र रोकाया भन्दा सार्की समुदायको भनेर चिनिने पहिचान दिनु पर्छ सवैलाई जात भन्नु औचित्य नरहेको वताउदै दलितहरूको पहिचान के ? भन्ने समस्या आएको ले गर्दा दलित पहिचानको समस्यालाई हटाउन दलितका थरहरूले महत्व पुर्ण भूमिका खेल्ने बताउदै थर प्रयोगमा वढवा दिनु पर्ने बताउँछन् ।*

जसबाट के थाहा पाउन सकिन्छ भने दलित पहिचानमा समस्या ल्याउने मुल तत्वको रुपमा दलित शव्द देखिएको ले दलित पहिचानलाई चिनाउनका् लागि थर नै काफि रहेको देखियो । जसलाई प्रयोगमा ल्याउन प्राथमिकता दिइनु पर्ने र दलित शव्दलाई कानुनी रुपमा नै हटाउनु पर्ने र दलित समुदायलाई शिक्षामा पँहुच वढाउनुका साथै दलित दलित भित्रको अन्तर जातीय द्धन्द हटउनु पर्ने देखिन्छ । पहिचनालाई मानिसको लवाई, खवाई र जीवन शैलि र व्यक्तिको आर्थिक र समाजिक स्थीतिले सम्म पनि प्रभाव पार्ने तर निमुखा दलितहरूलाई भने पेल्ने प्रवित्ति देखिन्छ । त्यस्तैगरी अजभोलीको गैरदलितहरू मतवालीहरूको खानपानमा सहभागि भई खाने र मतवालहिरूले छोड्दैजानुले पनि (Social And Cultural Trnsformation) भएको जस्तो पनि देखिन्छ तर विगतको तुलनामा हम्मजुङ्ग गा.वि. स. मा छुवछुत प्रथा विस्तारै हट्दै गएको हो कि जस्तो देखिए पनि यस गा. वि. का दलितहरू स्वतन्त्र रुपमा हिड्डुल गर्न सक्दैनन् ।

## अध्यायः सात

# दलित पहिचानमा देखिएको समस्या, समस्याका कारण र असरहरूको विश्लेषण

नेपालमा सवै भन्दा अमानविय सामाजिक व्यवहार भनेको छुवाछुतको व्यवहार हो । २०२० सालको मुलुकी ऐनले कानुनी रुपमा छुतछुतको व्यवहार अन्त्य गरेको भएपनि व्यवहारमा अझ ज्यूँका त्यूँ छ । छुवाछुतको समस्याले महिला र पुरुष दलितहरू दुवै उत्पीडित छन् दलित महिला होस् वा दलित पुरुष छुवाछुतको दुर्व्यवहार पानी पँधेरो र सार्वजनिक धाराहरूमा पानी भर्न जाँदा होटेल भित्र पस्न र आफुले खाएको गिलास माझ्न, मन्दिर प्रवेश गर्न, भोज भतेरमा सँगै वसेर खान, गाउँघरका पसल, घर, गोठमा पस्न आदि क्षेत्रमा  वढि छुवाछुत हुनेगरेको पाईन्छ । जसका कारण उनीहरूको पहिचानमा छुवाछुत प्रथाले भरिएको देखिन्छ । यस अध्ययनको क्रममा हम्मरजुङ्ग गा. वि. स.मा दमाई, कामी, सार्की जातिहरू आफुले प्रत्यक्ष भोगेका छुवाछुतका घटनाहरू पहिले भन्दा केही सुधार हुदै आएको पाइयो । यस क्षेत्रका दलितहरू हिजो विष्टका घरमा खाना खाँदा टपरिमा खान दिने, दिशा गर्न जाने लोटामा पानी दिने र खाना खाइसके पछि पातका टपरी खाल्डोमा राखि पुर्ने अथावा सँगसगै घरमा वोकेर ल्याउने गर्दथे । यनिहरूले खाएको जुठो टपरि अरुजातिले देख्न हुदैन थियो  देखेमा अशुभ मानिन्थ्यो । विस्तारै उनीहरूले खाने खाना सिलौटका हुनथाले । जुन भाडा घरभित्र लगिन्दैन र वाहिर नै खान राखिन्थ्यो स्थानिय दलित वुढापाका  व्यक्तिका अनुसार  दमाई कामी, सार्कीहरूले वाहुन क्षेत्रि छोइएमा वाहुन क्षेत्रिले पातिको पात र दर्शन ढुङ्गा चपाई खाएपछि चोखो हुने प्रचलन थियो । छोइछिटो बार्ने प्रचलन हराए पनि अझै पनि पुराना धाँरा पधेरा भिन्ना भिन्दै रहेका छन् । दलित भित्र पनि जातिय एकता रहेको पाइन्दैन दलित समुदाय भित्र पनि दलित दलितहरू बीच पनि जातपात र छुवाछुत प्रथा हावी छ । कामीले छोएको सार्कीले नखाने सार्कीले छोएको कामिले नखाने, दमाइले छोएको कामी र सार्की दुवैले नखाने, गाइने र वादिले छोएको दमाइले नखाने चलन छ । यस गाउँमा भने दामाई  सार्की र कामी जातिले छोएको कसैले खादैन तर दमाईलाई मात्र दलित भन्ने सार्की र कामीको सोचाई रहेको छ । छुवाछुतलाई यिनिहरू सहजै स्वीकार गर्दछन् यो परापूर्वकाल देखि चलिआएको मान्यता हो यसलाई हामीले निरन्तरता दिनु पर्छ भन्ने वुढापाकाको भनाई रहेको छ भने यूवापूस्ताहरूले छुवाछुत प्रथा हटाइनु पर्छ । यो  प्रथाले नै हाम्रो पहिचानमा

ठेश पुर्याउने वाधक तत्व बनेको छ। भन्ने सोचाई रहेको छ। यस मानयतालाई निरन्तरता दिइरहँदा दलित जाती सामाजिक रुपमा पछाडि परिरहेका छन् उनीहरू स्वभीमानी हुन सकिरहेका छैनन्।

आदिकाल देखि सेवकको रुपमा रहेका दलितहरू आफुभन्दा ठुला जातको कुभलो काम कहिले गर्नु हुदैन भन्ने मान्यता यथावत नै रहेकाले माथिल्लो जातीका मानिसले फाईदा लिईरहेका छन्। दलित र गैर दलित वीच सामाजिक रुपमा खाडाल देखिएता पनि कामको सिलसिलामा दलितलाई सहयोगिको रुपमा हेरेको पाईन्छ। दलितहरू अन्य जातिहरू प्रति निर्भर रहनु पर्ने वाध्यताले गर्दा पनि समाजमा दलितको वसोवास छुटै तर मिलेर वसेको नै पाईन्छ। जसले गर्दा गैर दलितहरूले समाजिक रुपमा हेर्ने दृष्ट्रिकोणमा परिवर्तन आउन सकिरहेको छैन। त्यस्तै गरी दलितहरूले गाउँमा वसेर अन्य पेशा गर्न नपाइने भन्ने मनोवैज्ञानिक असर परेको देखिन्छ। त्यसैकारणले अधिकांश दलितहरू विदेशीने गरेको पाईन्छ। दलित पहिचान माथि छुवाछुतले असर गरेको र यसबाट सृजित समस्या र असरहरूलाई विभिन्न ढाँचाहरू बाट हेर्ने प्रयास गरिएको छ। जुन यस प्रकार रहेका छन्।

## ७.१ दलितको पहिचान देखिने स्थान र यसको असर

दलितहरूले विभिन्न स्थलहरूमा पहिचानका कारण छुवाछुतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरू सामाजिक रुपले अपहेलित छन् भनेता पनि दलितलाई गैर दलितले नकरात्मक भावनाले हेर्नु, हेपाहा स्वभावले तँ भनेर संवोधन गर्नु, शोषण गर्ने प्रवृति हावि हुनु, उनीहरूको काममा कम मुल्याङ्कन गर्नु का साथै अपशव्द, घोचपेच अनादर भावनाले संवोधन गर्ने जस्ता व्यवाहरहरूलाई सहजै स्वीकार गर्नुपर्ने वाध्यता एकातिर छ भने अर्कोतिर जिवन निर्वाहको स्रोत भनेको घर मानिन्छ। घर व्यवहार चलाउनको लागि विष्ट प्रति निर्भर हुनु पर्ने अवस्थाले गर्दा पिडित भएरपनि जस्तो सुकै वाधा अड्चन सहनु पर्ने कुरा बताउँछन् यहाँका दलितहरू सार्वजनिक धारा, पँधेरा, मन्दिर भोजभतेर, होटेल सभा समारोह आदि स्थानमा आफु दलित भएकैकारण वढि छुवाछुतको समस्या भोग्ने गर्दछन्। दलितहरू पहिला नै आफैले जानेर यस्ता स्थान बाट टाढा हुन्छौ भन्ने भनाई रहेको पाईन्छ भने थोरै महिलाहरूले आफै नर्तकदा अरुजातिले नै तर्कने आदेश दिने हुँदा यो अवस्थामा झन हिनतावोद भएको महशस गरेको पाइयो। अधिकाशं पुरुषहरू घरमा नरहने हुनाले कमाउन प्रदेश जाने भएकाले दलित महीलाहरूनै वढि समस्या भएको वताउँछन्। धारा पँधेरामा जानुपर्दा लामो समयसम्म पर्खिनु पर्ने हुदाँ घरको काम गर्न नभ्याइने धारामा

गाग्री छोड्दा पानी नभरिदिने, कहिले कहिले त धारामा गाग्री छोड्दा कुच्चिएको पाइने हुनाले अरु जातिहरूले प्रयोग गर्ने धारा पँधेराको पानी भर्दा आफु अपमानित हुनुभन्दा खोला र छुट्टै कुवाको पानि खानुपर्ने वाध्यता भएको थियो तर आजभोली दलित वस्तीमा सरकारले खाने पानी वितरण गरिदिएता पनि वारम्वार पानी नआउने समस्याले उहि पुरानै समस्या भोग्नु परेको र अरुले प्रयोग गर्ने धारा पँधेरको पानी प्रयोग गरी हेला गाली सहनु भन्दा र टाढा सम्म धाएर खोला र छुट्टै कुवाको पानी खानुपर्ने वाध्यता भएको यहाँको दलित समुदायको गुनासो पाइयो ।

त्यस्तै आर्थीक र सामाजिक गरीबीको मारमा परेकाले अधिकांश महिलाहरू होटेल, लजमा भाडा माझ्न र कपडा धुन जाने गरेको तर न्यून रकम दिनुका साथै अनावश्यक गाली र शारिरिक शोषण गर्न सम्मका व्यवहार गर्दछन् । दिन भरी काम नगरौ खान पुग्दैन काम गरौ अनेकौ गाली नकरत्मक व्यवहार खप्नु पर्ने वाध्यताका साथै उनीहरूलाई संवोधन गर्दा फलानि दमिनी, सर्कीनी, कमिनी यस्ती उस्ती भनेर वोलाउने गर्दछन् । त्यसैले आफलाई दलित भएर जन्मेकोमा धिक्कार मान्छन् । यस्तो किसिमको समस्यामा वढि दलित भित्र पनि दमाई र सार्की महिलाहरू पर्दछन् कारण आर्थिक रुपमा पनि कामी भन्दा कम्जोर देखिएका छन् । अध्ययन स्थलका दलितहरूको जीवन निर्वाह गर्ने आधार श्रीमानको कमाइले मात्र नपुग्ने भएकाले विष्टहरूनै दलितहरूका जिवन निर्वाह गर्ने स्रोत भएकाले उनीहरूको विरुद्धमा जादाँ भोली काम नपाइने हो कि भन्ने डरले स्वभिमानि बन्न नसकेको गुनासो व्यक्त गर्दछन् ।

## ७.२ स्थानिय स्थानमा हुने सभा गोष्ठीमा दलितहरूको सहभागीता

वहुदलिय प्रजातन्त्रको पुनस्थापना पश्चात ग्रामीण क्षेत्रमा पनि चेतनाको स्तरलाई वृदि गर्ने अभिप्रयले विभिन्न ऐन कानुन गैह्र सरकारी क्षेत्रको प्रवेशमा पनि वृदि भएको पाईन्छ । गाउँस्तरमा विभिन्न किसिमका संस्थाहरू सभा गोष्ठीहरू हुने गरेका छन् । दलितहरूको जम्मा घरसंख्या ६० मध्ये स्थानिय स्तरमा हुने सभा र गोष्टिमा भाग नलिनेको संख्या ८०% देखिन्छ भने भाग लिनेको संख्या २०% मात्र रहेको देखिन्छ । यसले गर्दा देशमा प्रचलित कानुन (दलितलाई समेटिएका) बारेमा उनीहरूलाई जानकारी नभएको थाहाँ पाउन सकिन्छ र उपस्पथित भएपनि उनीहरूको कुराको सुनुवाई नभएको पाईन्छ । दलितहरूको भनाईमा सभासम्मेलनामा चियापान को व्यवस्था हुनेहुनाले आफुँ सहभागी भएमा अरुजाति नै उठेर हिड्ने गर्दछन् उदाहरण को रुपमा २०६८ साल असार तेह्रथुम जिल्लामा रेडक्रस

सोसाईटीको मिटिङ्गमा सहभागी हुदा ५/६ जना दलितहरूलाई खाजा खाने समयमा दलितहरू खाजा लिन अघि वढ्दा खाजा नछोउ भनेर भने जसले गर्दा उक्त सहभागी दलितहरूले रेडक्रस संयोजकलाई खाजा छोइएको आरोपमा निवेदन पेश गर्दा संयोजकले नै उल्टै तपाईमात्र सानो जात होईन आफ्नै छोरो फोहोर छ भने तैले छोएको खानेकुरा खान्न भन्न पाउँछ भनेर कुरा टारे त्यहाँ निवेदनको कुनै अर्थ रहेन यसरी दलित भएकै कारण ले गर्दा सभा सम्मलेनमा पनि अछुतो हुनु परेको कुरा अध्ययन स्थलका केही दलित व्यक्तिहरूले वताएको पाइयो । त्यसैले सभा सम्मेलन गोष्ठीमा सहभागि हुनु भन्दा नहुँदा नै राम्रो ठान्ने गरेको पाईयो । रेडियो तथा अन्य संचार माद्यम बाट व्यक्तिलाई जातपातका आधारमा छुवाछुतको भेदभाव गरीने र वा सार्वजनिक स्थलमा उपस्थीत हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरीने छैन । त्यस्तो कार्य कानुन वमोजिम दण्डनीय हुनेछ । (नेपाल अधिराज्य संविधान २०४७ भाग ३ धारा ११ उपधारा४) भन्ने कानुनी व्यवस्थालाई याहाँ का दलितहरूले सुनेपनि व्यवहारमा लागु नहुँदा मुल कानुन नै निरर्थक वन्न पुगेको छ । भने मुलुकी ऐन २०२० ले छुवाछुत मुक्त राष्ट घोषणा गरी छुवाछुत गर्नेलाई कानुनी दण्ड सजायको व्यवस्था गरिने कुरा ऐनमा मात्र सिमित भएको व्यवहारीक बनेको देखिन्दैन ।

त्यस्तैगरी अध्ययन स्थलमा दलित र गैर दलितहरू जनजाती लगायत सबै बर्गका अगुवा, वडा अदक्ष्य, शिक्षक, स्थानिय संघ संस्थाका महिला तथा पुरुष कार्यकर्ता बीच दलित पहिचान र छुवाछुत सँग सम्बन्धीत रहेर समुहगत छलफल गरीएको थियो । जसमा स्थानिय पढेलेखेका अधिकाशं महिलाहरूका अनुसार पितापुर्खाले ल्याएको संस्कार तुरुन्त हटाउन नसक्ने तर सार्वजनिक स्थलमा दलित सँगै हिड्डुल र छोएको खाने भएतापनि चुलो चौको र घर प्रवेशमा वन्देज लगाउने, ति कुरामा गैर दलितहरूको व्यक्तिगत अधिकार भएको दावी गरे भने दलितहरूको नागरीकतामा थर लेखाउने प्रचलनमा दमाई, कामी भनेर चिन्न नसक्ने भएकाले उनीहरू वाहुन क्षेत्री भएको अर्थ नै भएन भन्दै दलितहरू ज्यादै फोहोरी र आज पनि मरेको सिनु खाने भएकाले उनीहरूले छोएको खान नसक्ने बताए । गाउँका केही बुद्धिजिबीहरूको पक्षले भने दलितहरूको पहिचान दलित हुनका साथै दलित समुदाय भित्रको गरीबी, अशिक्षा, सरसफाईमा कम्जोरी भएको देखाए तर जुन रुपमा वर्तमान परिस्थीतिमा दलितहरूको पहिचानको रुपमा थरको प्रचलन देखिएको छ जसलाई राम्रो मानिएता पनि गैरदलितहरूले तिमी दमाई ,कामी र सार्कीहरूले छोएको खान्छौ, घर

भित्र पसाउछौ भनि सजिलै स्वीकार नगर्ने पक्षमा देखिन्छन् । यसरी यस समुहगत छलफल बाट के थाहाँ पाउँन सकिन्छ भने अध्ययन स्थलका दलितहरूलाई गैरदलितहरूले सहज तरिकाले सार्बजनिक स्थलमा जे जस्तो व्यवहार गरेतापनि उनीहरूको घरदैलोमा भने छुवाछुत लाद्ने गरेको देखिन्छ भने दलितहरूको मात्र छलफलमा स्वतन्त्र रुपमा उनीहरूका पिर मार्का बताए पनि दलित र गैर दलितको छलफलमा भने अधिकांश दलितहरू जातीय छुवाछुत लगायत अन्य समस्याहरू छलफलमा राखेको देखिएन यसै सन्दर्भमा किन आफ्ना समस्याहरू वताउँनु भएन भनेर प्रश्न गर्दा सम्पुर्ण दलितहरू गैरदलितहरू सँग निर्भर रहेर जीवन निर्वाह गर्ने भएकाले उनीहरूका विरोधमा वोल्दा दामई कामी र सार्कीहरूको खाने बाटो नै टुट्ने हुनाले दिल खोलेर उनीहरू प्रति भएका छुवाछुतका पिर व्यथा छलफलमा राख्न नसकेको देखियो (छलफल) ।

**तालिका न.१८ दलित समुदायको लिङ्गगत शैक्षिक अवस्था**

| शिक्षा | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पूरुष | | |
| अशिक्षित | ९ | १० | १९ | ३१.० |
| साक्षर | ५ | ७ | १२ | २०.० |
| प्राथमिक तह | ६ | ६ | १२ | २०.० |
| निम्न माध्यमिक तह | ३ | १० | १३ | २२.० |
| माध्यमिक तह | २ | १ | ३ | ५.० |
| उच्च मा. वि | १ | – | १ | २.० |
| जम्मा | २६ | ३४ | ६० | १००.० |

श्रोतः स्थलगत अध्ययन, २०६९

हम्मरजुङ्ग गा.वि.स. ४ र ६ वडामा वसोवास गर्ने दलितहरू लेखपढ गर्ने कुरामा धेरै पछाडी रहेको यस स्थलगत अध्ययनले देखाएको छ । कम्जोर आर्थिक स्थति,चेतनाको कमिका साथै दैनिक जाँड रक्सीमा रमाउने कारणले गर्दा आफ्ना छोराछोरिहरूलाई स्कुल पठाउनुको सट्टा आर्थिक जोहो टार्न मेलापत गर्न वढि उक्साएको देखिन्छ । त्यसैले उक्त तालिका बाट के स्पष्ट हुन्छ भने शिक्षा बाट वञ्चित भएका दलितहरूको संख्या वढि देखियो भने कष्टका साथ (७ देखि ८)कक्षा सम्म दलित परिवारका छोराछोरिहरूले पढ्ने गरेको र कतिपयले त विचैमा छोड्ने गरेको पनि देखियो । बल्लतल्ल दुई वडा मध्ये वडा नं. ४ बाट एक महिलाले (+२ )सम्म पढेको देखियो । यस अध्ययन अनुसार के थाहा पाउन सकिन्छ भने हम्मरजुङ्ग गा.वि.स.का दलित समुदायहरूले पढाईलाई निरन्तरता दिन नसकेको ,पुरुष

र महिलाको तुलनामा पुरुषहरूनै अशिक्षित देखियो । यसअनुसार दलित समुदाय शिक्षा क्षेत्रमा महिला पुरुष दुवै पछाडि परेको र नयाँ पिढि पनि सोहि संस्कार लाई आत्मासत गरेको देखिन्छ । यस अध्ययन बाट के थाहा पाउन सकिन्छ भने अध्ययन स्थलका दलितहरू आजसम्म पनि २०२० साल भन्दा अगाडिको संस्कृतिमा रहेको र आफ्नो चिनारी पनि स्थानिय रुपमा लुगा सिउने दमाई, फलाम कुट्ने/सुन वनाउने (कामी वा  सुनार), र जुत्ता सिलाउने सार्की नै भनेर  चिनाउदै अएको देखिन्छ ।

## ७.३ विद्यालमा दलित विद्यार्थीलाई  गरिने व्यवहार

दलित समुदायमा पनि शिक्षाको महत्वको वारेमा जानकारी छ आफ्ना छिमेकीमा र अन्यजातीका व्यक्तिहरू पढेर ठुलो मान्छे भएको उनीहरूले देखेका छन् फलस्वरुप आफ्ना केटाकेटिलाई सरकारले नि :शुल्क शिक्षा र छात्रावृती पाईने कुरा सुनेकाले पनि विद्यालय पठाउने गर्दछन् अध्ययन स्थलका जम्मा ६० घर संख्यमा ४४ दलित परिवार (७७.३%)ले आफ्ना छोराछोरीहरूलाई विद्यालय भर्ना गराएको देखिन्छ भने १६ दलित परिवारका (२६.७%) ले मात्र नपठाएको देखिन्छ । जसबाट के थाहा पाउन सकिन्छ भने अधिकाशं दलितहरूका छोरछोरी विद्यालय पठाउनु पर्ने अवस्था देखिएपनि वस्ता नगरेको र दलितहरूलाई छोराछोरी पढाउनु पर्छ भन्ने तर्फ ध्यान नदिएको देखिनुका साथै उनीहरूको साथी संगत को हुन्छन् अन्यजातीका विद्यार्थीहरूले कस्तो व्यवहार गर्दछन् भन्नेवारेमा तथ्याङ्क संकलन गरिएको छ ।

**तलिका न. १९ विद्यालयमा दलित विद्यार्थी प्रतिगर्ने व्यवहारको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| माथिल्ला जाती सँग संग तगर्ने | ६ | १३.७ |
| आफ्ना जाती सँग संगत गर्ने | ३८ | ८६.३ |
| जम्मा | ४४ | १००.० |

श्रोत : स्थलगत अध्ययन, २०६९

उक्त तालिका अनुसार दलित परिवारका विद्यालय जाने छोराछोरीहरू विद्यालयमा साथी संगत बनाउने कुरामा दलित भित्रकै जातीका विद्यार्थी सँग  संगत गर्ने संख्या ८६.३% वढि देखियो । भने माथिल्लो जातीको सरसंगत गर्नेको संख्या ६% कम देखियो । यसबाट के थाहा पाउन सकिन्छ भने दलित परिवारका छोराछोरीहरू दलित र छुवाछुत भएकै कारणले केटाकेटिहरूको संगत आफ्ना समुदाय भित्रकै सँग मात्र भएको देखिन्छ । अध्ययन स्थलमा दलित विद्यार्थीका वावु आमाले बताए अनुसार अरुजातीका विद्यार्थीहरूले सहयोग नगर्ने,

कक्षा कोठामा पछाडी वस्नु पर्ने, लगायत सरस्वती पुजा जस्ता कार्यक्रममा दलितका छोराछोरीहरूलाई प्रसाद छोईन्छ भनेर टाढा बाट नमस्ते मात्र गर्न लगाउने कुरा वताए शोधकर्ता स्वंयमले उक्त विद्यालयका प्राध्यापक सँग कुरा गर्दा पण्डित जी ले भनेको कुरा काट्न कसैले पनि नसक्ने र पुरानै नियम परिवर्तन गर्न हुन्न भन्ने पण्डित को आदेश हुनाले यस्तो भएको वताए। सोहि विद्यालयमा १/२ वर्ष अघि सम्म दलित विद्यार्थीले छोएको पानी कुनै शिक्षकहरूले पिउदैन थिए। जसबाट के थाहा पाउन सकिन्छ भने आज सम्म पनि ग्रामिण क्षेत्रका विद्यालयमा छुवाछुत प्रथा जस्ताको तस्तै रहेको परिर्वतन गर्न कुनै पहल नगरेको देखिन्छ।

## ७.४ दलित पहिचानका कारण दलित भित्रको समाजिक आर्थिक पहिचानमा छुवाछुत ले पारेको प्रभाव

छुवाछुतको समस्या व्यक्तिगत र पारिवारीक मात्र नभई मुल रुपमा सामाजिक समस्याको रुपमा देख्न सकिन्छ। यस्ता घटनामा हम्रो समाज पनि उत्तिकै जिम्मेवारी देखिन्छ। अध्ययनको सिलसिलामा उत्तरदाता बाट प्रप्त र विभिन्न तरिका बाट तथ्याङ्क संकलन गर्दा केहि संभावित सामाजिक प्रवाभहरूलाई संक्षेपमा समेटिएको छ। अध्ययन स्थलमा व्यप्त छुवाछुतको कारणले दलित समुदायका मानिसहरूको जनजिवनमा निम्न प्रकारका प्रभावहरू देखापरेका छन्।

१. शैक्षिक अवस्था शुन्य भएको छ।
२. हेपाहा प्रवृति ज्यूँका त्यू छ।
३. स्वभिमानि वन्न सकेका छैनन्
४ दलित पहिचान लोप
५. दलित र गैरदलितको समग्रह समाज विखण्डन तिर गएको छ।
६. दलित दलित बिच सामाजिक द्धन्द र आपसी असमजदारी
७. शारिरिक शोषण बढेको
८. जातीगत पेशाबाट विस्थापित हुँदै गएको
९. वैदेशिक रोजगार प्रति आकर्षित भएको
१०. स्वस्थ स्थीति कम्जोर बन्दै गएको
११. दलित समुदायको लागि गरिबी र उत्पीडन पुर्खैली सम्पति जस्तो वढ्दै गएको।
१२. युवा पुस्तमा दलितका थर को आकर्षण बढेको छ।
१३. वालवालीकामा मानसिक विचलन वढेको
१४.नयाँ रोजगारीको क्षेत्र बाट वञ्चीत हुनु परेको छ।

# अध्याय आठ
# साराशं निष्कर्ष सुझाव

## ८.१ अध्ययनको सारांश

नेपालमा वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक मुलुक हो श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय दन्तरर्गत उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समितिद्धारा दलित वर्गमा २३ जातीलाई लिईएको पाईन्छ भने राष्ट्रिय दलित आयोगले २२ दलित जातीहरूको पहिचान गरेको पाईन्छ । दलितहरू सामाजिक रुपले शुद्ध र अछुत भनेर चिनिएका हुन्छन् त्यस मध्ये पहाड मा वस्ने दलितहरूमा दमाई, कामी, सार्कीलाई मानिन्छ । दलित वर्गको समानुपातिक विकास र विकास अभियानहरूमा उनीहरूको सक्रिय सहभागिता आवाश्यक हुन्छ जवसम्म गैरदलित सरह समाजको विकास अभियानमा संल्गन हुन पाउँदैनन् दलित भनेर जहाँसुकै खुलेर आफ्नो पहिचान प्रकट गर्न स्वतन्त्र हुदैनन् तब सम्म दलित समुदायको सामाजिक, आर्थिक पहिचानमा सुधार आउन सक्दैन । नेपालमा दलित जातिहरूको विषयमा अध्ययन अनुसन्धानहरू प्रसस्त भएतापनि विस्तृत अध्ययन कमै मात्रामा भएका छन् त्यसैगरी अध्ययन अनुसन्धान भएता पनि दलित समुदाय भित्र छुवाछुत को भयावह स्थीति जस्ताको तस्तै देखिन्छ ।

प्रस्तुत अध्ययन हम्मरजुङ्ग गा.वि.स.मा वसोवास गर्ने दमाई, कामी, सार्की जातिहरूको विषयमा गरीएको छ । हम्मरजुङ्ग गा. वि. स का वडा नं ४ र ७ मा दलितहरू वसोवास गर्दछन् यसरी दलित वसोवास गर्न क्षेत्रलाई वरडाँडाँटोल, पिपलडाँडाँटोल, गैरीगाउँ, सार्कीगाउँ, वसेलीटार भनिन्छ । यस क्षेत्रका कामी, दमाई सार्की जातिहरूको अध्ययन गर्दा स्वभाविक रुपमा यस सँग संवद्ध समुदाय र अरु जातजातीहरूको पनि सामान्य चर्चा गरीएको छ । अध्ययनको क्रममा गा.वि.स. को ४ र ६ वडाहरूमा वसोवास गर्ने दलितहरू दमाई कामी सार्कीहरूको हरेक वडा बाट समानुपातिक प्रतिनिधित्व हुनेगरी जनगणना विधिद्धारा नमुना छनोट गरी तिनिहरूसँग प्रश्नावलीको माद्यमबाट तथ्याङ्क संकलन गरीएको छ । यसका साथै समुदायका अरु दलित लगायत दलितको विषयमा जानकार व्यक्तिहरूसँग अन्तरवार्ता र समुहगत छलफल गरीएको छ । तथ्याङ्कहरूको सामान्यिकरणलाई हेर्दा विवरणात्मक र अन्नवेषणात्मक रुपामा गरीएको छ भने तथ्यहरूलाई संख्यात्माक र गुणात्मक दुवै शैलिमा प्रस्तुत गरीएको छ ।

यस अध्ययनलाई तीन भागमा राखेर विश्लेषण गरीएको छ । प्रथममा दलितहरूले उनीहरूको व्यक्तिगत र समुहगत रुपमा कसरी अरु समक्ष आफ्नो चिनारी प्रस्तुत गर्छन् । उनीहरूले भोगेका समस्याहरूलाई तिनवटा वयत्तिक अध्ययनको माद्यमबाट प्रस्तुत गरीएको छ भने दोस्रो भागमा दलितहरूको पहिचानमा देखिएका समस्याहरू कामका सिलसिलामा घरवाहिर भोगेका छुवाछुत र भेदभावका समस्याहरूलाई पुनः तिन वयत्तिक अध्ययन बाट नै प्रष्ट हुनेगरी जम्मा छ वटा वयत्तिक अध्ययनको चर्चा गरीएको छ । त्यस्तैगरी तेस्रो खण्डमा सम्पुर्ण दलितहरूको आफ्नो चिनारी दलित नै रहेकोले दलितहरूको व्यत्तिगत र समुहगत पहचानका साथै समामाजिक, आर्थिक सांस्कृतिक क्षेत्रमा छुवाछुतले पारेको असरको विश्लेषणलाई चर्चा गरीएको छ । प्रश्नावली तथा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई संख्यात्मक र गुणात्मक रुपमा विश्लेषण तथा सामान्यीकरण गरीएको छ ।

यहाँका दलित जातीहरू अन्यजातीहरू सँग घुलमील भएर वसेका हुदाँ यीनिहरूको अध्ययन गर्दा वाहुन क्षेत्रीहरूसँग तुलना गरेर अध्ययन गरीएको छ जसले गर्दा दलितहरूलाई छुवाछुत प्रथाले नछोडेका कारण उनीहरूको मान मर्यादामा दखल पुऱ्याएको देखिन्छ । दलितहरूको सामाजिक अवस्थामा शिक्षा स्वास्थ्य सरसफाई र साक्षरताको अवस्था, अस्पताल, स्वस्थ्य संस्थाहरू, खाने पानीको स्रोत तथा सार्वजनिक भेलाहरूमा अन्यजातिको उपस्थीति सन्तोषजनक देखिए पनि दलितहरूको निम्न स्तरहेको पाईयो । त्यसमाथि पनि छुवाछुतको कुसंस्कारले गर्दा यस जातिका महिला पुरुषहरू स्वभिमानी वन्न सकिरहेका छैनन् । अन्य जातको तुलनामा सामाजिक तथा आर्थिक पहिचान बाट टाढा हुनका साथै आर्थिक अर्थ उपार्जनका अवसर बाट पनि वञ्चित हुन पुगेका छन् भुमिहिन नयाँ व्यापार व्यवसाय गर्न नापाउँनु र कम ज्यालामा भए पनि ज्याला मज्दुरीको काम गर्न घरदेखि वाहिर नेपालका पोखरा काठमण्डु र नेपाल वाहिर भारत सम्म गई श्रम गरेको देखिन्छ । अशिक्षा, अज्ञानताका कारण राजनितिक सहभागितामा आवद्ध नभएको देखिन्छ तर चुनावको समयमा भने हचुवाको भरमा भोट दिएको पाईन्छ ।

यस गा.वि.स.मा दलितहरू अन्यजातको तुलनामा वढि समय अर्काको मेलापात गरी जीवन निर्वाह गर्न मै तल्लिन देखिन्छन् त्यसैले आर्थिक रुपमा पिछडिएका छन् यसको मुल कारण छुवाछुत वन्न पुगेको देखिन्छ । जसले गर्दा सार्वजनिक स्थलमा प्रवेश गर्नबाट बञ्चित, विद्यालयमा दलित विद्यार्थी प्रति गरीने वेवास्ता परम्परागत पेशा (लुगा सिलाउने, फलामका हातहतियार, सुनका गहना वनाउँने र जुत्ता सिलाउने) प्रथा नै छुवाछुतको उद्‌गम

भएको समाजमा मानिस यस पेशा बाट पनि विस्थापित हुनु पर्ने अवस्था रहेको छ । सामाजिक क्षेत्रमा आवद्ध नहुदाँ र समसामुहिक विषयमा ज्ञान नहुनुका साथै छुवाछुतले गर्दा नयाँ ज्ञान र सिपको अभावका कारण उनीहरूको समाजिक र आर्थिक पक्षमा वढि प्रभाव पारेको देखिन्छ, त्यसैले दलित पहिचानले दलितलाई पारेको प्रभावको निष्कर्ष तथा उनीहरूको विकाशको लागि चाल्नु पर्ने कदमका विषयमा विभिन्न सुझावहरू यसपछि दिएको छ ।

## ८.२ अध्ययनको निष्कर्ष

नेपाल वहुलवादी र वहुसांस्कृतीक भएको मुलुक हो । यहाँका जात जातिको आफ्नै संस्कृति रहनसहन रहेको छ । आदिवासी जनजातिको आफ्नै संस्कृति जिवनतः छ भने हिन्दु धर्म भित्र भएर पनि नेपालको सिगैं दलित जातिलाई पेशागत रुपमा छुन नहुने, अछुत र अजात अर्थात कुजातको रुपमा लिईएकाले समग्रह नेपालको ग्रामिण समुदायमा दलितहरू वसोवास गरेका छन् हिन्दु धर्म भित्रको समुदायको हरेक संस्कृति सँग मेल खाने पहाडे दलितमा प्रमुख दमाई कामी र सार्कीहरूनै हुन् । यी जातिहरूको वर्तमान पहिचानको अवस्थामा पनि समाजिक कु संस्कारको रुपमा रहेको छुवाछुतको प्रभावले दलित पहिचान विरोधाभाष रुपमा देखिएकाले छुवाछुत र दलित शव्दले दलित पहिचानलाई के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा अध्ययन गर्दा अध्ययनले उठाएका निष्कर्षलाई यहाँ समेटिएको छ ।

नेपालमा राष्ट्रिय रुपमा पीछडिएको र छुवाछुतको जरजरमा रहेको अवस्थामा दलितहरूको अवस्था नाजुक रहेको देखिन्छ । दलित भएर ज्यूँन पुगेका दमाई कामी र सार्की जातीहरू आफ्नो समुदाय दुःख सुख मिलेर रहेता पनि अन्य जातिको तुलनामा हेर्दा जातीय शोषण कानुनी अनविज्ञता,चेतनाको कमि, शिक्षामा कमि र श्रोत साधनमा पहुँच नहुनु राज्यद्धारा विस्थापित भएका कानुनि व्यवस्थामा जानकारी नहुनु सवै जातिय दमन र छुवाछुतको कारक तत्वको रुपमा देखिएको छ ।

समाजमा दलित भएका कारणले गर्दा नै अन्य जातिले हेपाहा प्रवृतिले हेर्नु आर्थिक अवस्था कम्जोर हुनाले अरुको हलो जोत्ने ज्याला मज्दुरीमा भर पर्नु पर्ने, भरीया कामका लागि जात ढाँटेर हिड्नु पर्ने जस्ता समस्या देखिएको छ भने आफ्नो घरमा वस्तु भाउ पाले पनि त्यसबाट उत्पादित दुध घिउ दलित र छुवाछुतका कारण विक्री वितरण नहुदाँ यस समुदाय भित्र दलितहरू सामाजिक अर्थिक क्षेत्रमा असर पुग्नुका साथै राजनैतिक सम्वन्धी

थाहाँ नपाएको तर चुनावको समयमा जुन पार्टिका नेताहरू पहिले गाउँ पस्छन् उनीहरूलाई नै भोटहाल्ने गरेको पाईन्छ । त्यस्तैगरी परम्परागत पेशालाई अरुजातिले घृणाको भावनाले हेर्ने र आधुनिकीकरण को प्रभावले नियमित रुपमा आउने वालि प्रथामा कमी र पेशामा ह्रास आएको देखिन्छ । जस्तो दलित भएका कारण होटलमा प्रवेश गर्दा चियाँ पिउँदा भाडाँ माझ्नु पर्ने हुदाँ होटल व्यवासाय संञ्चालन गर्नु भनेको आकासको फल आँखा तरी मर बनेको छ भने घरमा फलाईका साग सव्जी तथा दलित ले पालेका गाई भैसिको दुध विक्रि हुदैन । जसले गर्दा उत्पादन मुखि कार्यमा लाग्नु भन्दा एकछाक खान विष्टको घरमा भर पर्नु परेको छ । उक्त अध्ययन स्थलमा प्रगती र उन्नतिको कुरा हुदैन । भोलीको छाक कसरी टर्ने भनेर मेलापात मा व्यस्त भएको देखिन्छ भने आधा जसो यूवाहरू भरिया कुल्ली जस्ता काम गर्न पोखरा काठमान्डु र देश वाहिर भारत सम्म पुगेका छन्  त्यसैले दलित समुदायमा युवा पुरुषहरूको अभाव देखा परेको छ ।

गाउँमा विभिन्न किसिमका दलित र गैर दलितहरूलाई समेटिने गरी संघ संस्थाहरू संञ्चालनमा रहेका छन् तर त्यस्ता संस्थाहरूमा पनि क्षेत्री वाहुनले ठग्ने र जालसझि गर्ने भएकाले अधिकाश.दलितहरू संलग्न छैनन् भने दलितहरूको सेवा प्रदान गर्ने संस्था जस्तो दलित सचेतना समाज, अभियान चौतारी जस्ता संस्थाहरू भएता पनि दलितहरूको ध्यान कम रहेको देखिन्छ ।

दलित र गैर दलितहरूको बिचको असमनताको दुरी वढ्दै गएको छ । सामजिक रुपमा हेर्दा गैर दलितले अह्राएको काम गर्नुका साथै गैर दलितहरूको आया आर्जनमा सहयोग पुऱ्याई रहेका छन् । तर उचित कामको मुल्याङ्कन नभएर गरीवको जरजरमा फस्न पेुगोका छन् । सार्वजनिक स्थल धारा, पँधेरा मन्दिर भोज भतेरमा उपस्थीत हुदाँ छुवाछुतको प्रचलनमा वाँधिदा हिनतावोध भएको देखिन्छ तर यसको प्रतिरोध गर्दा भोली काम नपाईने हो कि भन्ने त्रास भएको देखिन्छ । त्यसैले त्यस सामजमा दलित पहिचानका कारण वढि मात्रामा छुवाछुत भएका कारणले गर्दा कामि दमाई र सार्की जातीहरू समाजमा स्वतन्त्र र अत्मासम्मान पुर्वक हिड्डुल गर्न नपाउँदा मानसिक रुपमा पिडित भएको पाईन्छ । यस अध्ययनको क्रममा सर्वेक्षण गरीएका अधिकांस दलितहरू पढे लेखेका छैनन्  आधुनिक युग सम्म आईपुगेर पनि  सदियौ पुरानो परम्परागत संस्कृति र रुढिवादी धारणाले वाँधिएको हुँदाँ अहिलेका पिढिहरूले जात परिर्वतन गरे पनि अन्त्यमा दलित कै सामाजिकिकरणलाई पछ्याउन वध्य रहेका छन् । किनभने उनीहरू पनि शिक्षा आर्जनबाट वञ्चित भएका कारण वावु आमाको संस्कारबाट अभिप्रेरित हुदाँ नयाँ पेशा अपनाउन सकेका छैनन् । त्यसैले

अहिलेका पिढिहरू पनि विष्टको नै भलो चिताउँछन् । प्राथमिक तह सम्म विद्यालय जानेको संख्या अधिक भएता पनि माद्यमिक तह सम्म पुग्दा शुन्यको अवस्था आएको हुन्छ । मुल कारण दलित ले पढेर कुनै सेवमा प्रवेश गरेको नदेखिनु घरको आर्थिक अवस्थाले धान्न नसक्नु विद्यालयमा अन्य जातिका विद्यार्थीहरू अपहेलना र घृणाको भावनाले हेर्नु गरीवी, गाउँ वरीपरी विद्यालय नजानेको माहोलले गर्दा दलित विद्यार्थिहरूले विद्यालय छोड्ने अवस्थामा पनि आउने गरेको छ । कामी, दमाई सार्कीहरू पौरखी र परिश्रमी भएर पनि दलित पहिचान र साथमा सगै टाँसिएर आउँने छुवाछुतको प्रथाले आय आर्जन गर्न सकेका छैनन् भने भुमिहिन र भएको थारै जग्गा जमिन पनि उत्पादन सिल छैन त्यसैले ज्याला र मज्दुरीमा भर पर्नु पर्ने हुन्छ ।

दलित पहिचान र छुवाछुतको व्यवहार साथै फोहोरी वातावरणले अस्त व्यस्त भएको अध्ययन स्थलमा दलितहरूलाई उच्च जातको समाजले सकारात्मक रुपले लिएको पाईदैन । सामाजिक आर्थिक र राजनैतिक एकै क्षेत्रमा पहुँच नभएकाले खाना लाउनको लागी र रोजगारको लागी वाहीर जान वाध्य हुनु परेको देखिन्छ । अधिकाशं दलितहरूले क्षेत्री, वहुनका जात भनेर चिन्ने प्रवृति देखिन्छ जसका कारण दलित पहिचान अन्योलमा परेको देखिन्छ । डेरा खोज्दा, व्यपार व्यावसाय गर्न घरवाहिर निस्कदा जात परिर्वतन गरी थर प्रायोग गरेको देखिन्छ भने दलित भएकाले गर्दा सामजका इष्ट मित्र सँग राम्रो सम्वन्ध राखी सम्मानीत पहिचानले चिनिने वातावरण छैन । त्यस्तै गरैदलितहरूको जसरी राजनिती देखि प्रशासन सम्म पहुँच पुगेको हुन्छ भने दलित को उपसथीति यस्तो ठाउँमा शुन्यको अवस्था रहेको छ । वर्तमानमा आएर दलित समुदायका महिला तथा ग्रामिण क्षेत्रमा दलित पहिचान छुवाछुतको कारण आफ्नो  व्यक्तित्वमा ह्रास आएको देखिन्छ । दलित भएकै कारण दलित युवाहरू गाउँ बाट विस्थापति हुन थालेको पाईन्छ भने आफ्नो थरमा परिर्वतन ल्याई शहर तथा विदेस तर्फ लागे पनि थर परिर्वतन गरि चिनाएको पाईन्छ ।

परम्परगत रुपमा संरचित हाम्रो जातिय विभेदको कारण वर्तमान सम्म आई पुग्दा विभिन्न काननुको निर्माण, राज्यले जातिय भेदभाव विरुद्ध अन्तराष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरी सक्दा पनि हाम्रो समाज विखण्डन तिर उन्मुख भएको छ । एउटै धर्म (हिन्दु), एउटै भाषा नेपाली र समान रहनसहन जस्तै हिन्दु धर्म भित्रकै चाड पर्व र वाहुन क्षेत्रि समुदायमा हुने संस्कृतिमा समान रहेर पनि दलित र छुवाछुतको परम्परागत मानसिकता बाट अन्यजातिले गर्ने क्रियाकलापले गर्दा हम्मरजुङ्ग गा .वि स का दलित कामी, दमाई र सार्कीहरूको ठाडो शिर हुन सकेको छैन । ग्रामिण क्षेत्रमा व्राम्हण वैश्यहरूको र्वच्स्व

रहनुले दलित पहिचानले जुनसुकै क्षेत्रमा असर पारेकाले दलित शव्द दलितहरूलाई चिनाउने उपयुक्त आधार भएको देखिन्न ।

दलित पहिचानले दलितलाई पारेको प्रभावले दलितको चिनारीमा विरोधाभास देखिएको छ दलितहरूको समुहगत पहिचान एउटै भएतापनि व्यक्तिगत पहिचान परिर्वतन भएको देखिन्छ भने दलित भएर नै छुवाछुत प्रथाले उत्पीडनको शिकार बनाएको छ । त्यसैले यसले नकारात्मक मोड दिएमा सामाजमा विखण्डन ल्याउने, द्धन्दलाई वढावा दिने सामाजिक असमज्दारी वढाउने, परम्परागत  पेशबाट स्थापित  हुनु पर्ने र दलित पहिचानमा जोडिएको दलित शव्दले दलित को पहिचानमा छुवाछुतको मात्रा वढाउन टेवा पुग्ने देखिन्छ । भने डा. कृष्ण भट्टचनका अनुसार नेपालमा रहेको जातिय छुवाछुतको तह (प्यारामिटर) लाई भयानक मान्दै नेपालमा दलितहरूलाई २०५ वटा व्यवहारमा विभेद गरीएको र जति संख्यामा विधायक उति संख्यामा  विभेद भएको देखिएको छ भने जसरी नै दलित पहिचानले दलितलाई थप छुवाछुत प्रश्रय देखिन्छ ।त्यसैले दलित पहिचानका सम्पुर्ण पक्षमा गहिरीएर अध्ययन विश्लेषण नगर्ने हो भने दलित पहिचानमा थप जटिलता सृजना भई  छुवाछुत प्रथा यथावत रहने देखिन्छ ।

### ८.३.अनुसन्धानले उठाएका सुझावहरू

तेह्रथुम हम्मरजुङ्ग गा.वि.का दलितहरूमा केन्द्रित यो अध्ययनले यहाँ विद्यमान छुवाछुत प्रथाले दमाई, कमी र सार्कीहरू भित्र दलित पहिचानले दलितलाई पारेको प्रभावको विश्लेषण गर्दा व्राम्हण र क्षेत्रिको वाहुल्यता भित्र वसोवास गरेका दलित जातिहरू सधै सेवकको रुपमा रहेका देखिए एउटै सास्कृतिक रहन सहन भएर पनि उनीहरू पिछाडिएका गरीवीमा पिल्सीएका समाजमा स्वतन्त्रता पूर्वका स्वभिमानि र आत्मासम्मान पुर्वक जिउन छुवाछुतले वन्देज लगाएको तथ्य बाट प्रस्ट देखिन्छ । गैह्रदलितहरू उनीहरू फोहोरी र दुर्गन्धित समुदायका व्यक्तिको रुपमा हेरीदिदाँ उनीहरू सरसफाईमा पनि चासो नदेखाउनु फोहोरी नै उनीहरूको परिचयको संकेत भएको छ । राज्यद्धारा व्यवस्था गरीएको  कानुन व्यवहारमा लागु नहुनु स्थानिय सरकारमा उनीहरूको पहँच गरेको नहुँदा आफ्नो समस्याको सुनुवाई  नहुने गरीएको देखिएको छ ।

शिक्षामा न्युनतम साक्षरता सम्म पनि अतिनै कम भएको हुदाँ चेतनाको स्तर शुन्य देखिएको छ । आधुनिकिकरणले गर्दा परम्परागत पेशा बाट विस्थापित हुनु परेको छ । नयाँ नयाँ रोजगारी मुलक क्षेत्रमा प्रवेश गर्ने हैसियत निर्माण हुन सकेको छैन भने दलित

भएकाले गर्दा सामाजका ईष्ट मित्र सँग राम्रो सम्वन्ध राखि सम्मानित पहिचानले चिनिने वातावरण छैन । सवारी साधन प्रयोग गर्दा चिया पसल र कामको दौडानमा वाहिरफेरो हिड्दा आफ्नो जात लुकाउनु परेकाले खुलेर दलित जात भन्न अप्ठ्यारो भएको र क्षेत्री वाहुनका जातको झुटो साहारा लिनु पर्ने वाध्यता रहेको छ । अहिले आएर विस्तारै दलित केन्द्रित गैरसरकारी संस्थाहरूको पहलमा दलित उत्थानको लागी चर्पी को व्यवस्था र वाख्रा पालनका अवसर पाए पनि दलितहरू त्यस्ता कार्यक्रममा जानकारी लिन खोजेको देखिन्दैन केही दलितहरू मात्र संलग्न देखिएका छन् । दलित भित्रको उच्च र निच्चको भावनालाई अन्त्य गर्नको लागी संगठनको निमार्ण गरीएका छन् तर त्यस्ता समुह तथा संगठनलाई अन्य जातीले सहयोगीको भावनाले नहेर्दा उनीहरू मानसिक रुपमा पछाडि परीरहेका छन् । दलतहरू भित्र सामाजिक विकासको लागी आपसि समाजदारी र एकताको खाँचो पर्दछ तर दलितहरू समाजमा स्वतन्त्र रुपमा चलखेल गर्नको लागी छुवाछुत ले रोकेको हुदाँ एकअर्कामा अविस्वासको भावना र अन्तर द्वन्द निम्तिएको पाईन्छ । त्यसैले दलितहरूको सामाजिक आर्थिक पहिचानमा विकास गरी सम्मुन्नत समाज निर्माणको लागी दलित समुदायलाई हेरीने छुवाछुतको भेदभावलाई हटाउनु पर्ने देखिन्छ । हाम्रो समाज जातीय आधारमा गुज्रीरहेको र गैरदलितहरूको शासनले गर्दा नै दलितहरू पिडित वन्न पुगी माथि उक्सीन सकेका छैनन् त्यसैले सवै जात जाति र भाषाभाषिको समान पहिचान र सामजिक सन्तुलनको अवस्था ल्याउनको लागी समाजमा सामाजिक कुरीति र संस्कारलाई निमिट्यानै पारी जातिय छुवाछुतको भावनालाई अन्त्य गर्न उचित कदम चाल्नु पर्ने देखिन्छ । त्यसैले यस अध्ययन बाट पत्ता लगाईका केही सुझावहरू यहाँ समावेस गरीएको छ ।

१. राज्य बाट सुनिश्चित गरेका नेपाल अधिराज्यको संविधान २०४७ सालमा उल्लेख भएका ऐन कानुनहरू ग्रामीण स्तरमा पनि कार्यन्वयन गर्नको लागि दलितहरूलाई पनि सचेतनाको कार्यक्रमको रुपमा लैजाने ।

२. दलितहरूको पक्षमा काम गर्ने गैरसरकारी संघ सस्थाहरूले आर्थिक जीवन स्तर सुधारका साथै छुवाछुत अन्त्य गर्ने र शशक्तिकरणका कार्यक्रम लैजानु पर्ने आवाश्यक देखिन्छ ।

३. स्थानिय सरकारले जातयि भेदभाव र छुवाछुत निर्मुल गर्ने विशेष प्रभावकारी कार्यक्रमहरू निर्माण गरी दलित र गैरदलित दुवैको सहभागीतामा कार्यक्रम संञ्चालन गर्नुपर्ने आवश्यक छ ।

४. दलित पहिचान र छुवाछुतको सिकार भएका दलित समुदायमा शिक्षा, स्वास्थ्य र रोजगारको प्रतिनिधित्व लगायत सम्पुर्ण क्षेत्रमा निश्चित अवधि सम्म आरक्षणको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

५. सम्पुर्ण दलितहरूले गैरदलितका थर प्रयोग गर्नुको सट्टा दलित कै थर प्रयोगको प्रचलनमा प्राथमिकता दिनु आवाश्यक छ ।

६. दलितहरूले दलितभित्र कै दलित र गैरदलित विचको विभेदलाई हटाउनु आवाश्यक छ ।

७. दलितहरूको शिक्षाको स्तर वढाउँनको लागी प्रौढ शिक्षा, वालशिक्षा र विद्यालयमा अनिवार्य छात्रावृतिको व्यवस्था गरी विद्यालय जानको लागी प्रोतसाहन गर्नु पर्ने देखिन्छ ।

८. दलितहरू पनि स्वयं आफै सचेत भई आफ्ना घर आँगन, टोल सफा सुग्घर राख्ने र आफ्ना छोराछोरीहरूलाई विद्यालय पठाउने वातावरण सिर्जना गर्ने र छुवाछुतको भावनालाई समाधान गर्न आफै संगठित भई आफ्ना हकअधिकारको लागी अगाडि आउनु आवाश्यक छ ।

९. दलितहरूको समग्रह सामाजिक सांस्कृतिक आर्थिक पहिचानमा प्रभाव पर्नुको मुलकारण आफैमा दलित हुनु र छुवाछुत हो । हाम्रो सामाजिक संगठन मुलतः परम्परागत पेशाको आधारमा वर्गीकृत हुनाले ग्रामिण क्षेत्रको सामान्य जीवनमा तल्ला तथा माथिल्ला सवै जातीको उपस्थीति अनिवार्य हुन्छ । परम्परमगत आदान प्रदानमा नेपाली समाज टिकेको छ । त्यसैले जातको आधारमा दमन शोषण गर्ने हाम्रो सोच हुने हो भने समाज विखण्डन तर्फ उन्मुख हुनेछ । फलस्वरुप दलितको पहिचानलाई जोगाउन स्वयं दलितहरू लाग्नु पर्ने र स्थानिय निकाय। संघ संगठन  तथा नागरीक समाजले पनि अनुकुल वातावरण मिलाउनु अनवाश्यक छ ।

१०. आजभोली जनजातिको पहिचान जस्तै सरकारले वाहुन क्षेत्रिलाई पनि आदिवासीमा सुचिकृत गरेपछि दलितहरू के गर्ने ? उनीहरूले सधै छुवाछुत र दलित भएर नै वस्नु पर्ने उनीहरूको पहिचान के हुने ? भन्ने अप्ठ्यारो परिस्थीति देखिएको छ । किनभने छुवाछुतका पिडाहरू अपमान जनजातिहरू सँग मिल्छन् भने उत्पतिका हिसावले क्षेत्रि वाहुन सँग नजिक छन् त्यसैले गर्दा दलित पहिचानको समग्रह पक्षमा गहिरो विश्लेषण गर्नु पर्ने आवाश्यक्ता देखिन्छ ।

# सन्दर्भ सूची

**नेपालीमा**


आहुति, (२०६७) । हिन्दु समाजमा दलित मुक्तिको प्रस्न:*नेपालमा वर्ण व्यवस्था र वर्ग संघङ्घर्ष,* समता फाउण्डेशन पुलचोक ललितपुर नेपाल ।

वि. क. गणेश, (२०६८) । वैशाख ९: संघियतामा दलितहरूको अपनत्व हुने सहिविकल्प गैर भौगोलिक संघियता, नेपालमा जातियतता र संघियकरण सम्वन्धि वृहत गोष्ठीको सारसंक्षेप ।

वेनेट लिन, (२००६) ।*समावेशि लोकतन्त्रका आधारहरू :* भेदभाव हटाउन निति परिवर्तन ।

वाग्चन्द रत्न वहादुर, (२००३) । दलित उपयोगी कानुनी हाते पुस्तीका नेपाल : अल्हुरेड्स ।

वाग्ले त्रिभूवन चन्द्र, (२०६१) । दलितमा थर वदल प्रवृति नेपालको विकासमा दलित : दलित साहित्य संरक्षण समिति ।

विश्वकर्मा पदमलाल, (२००२) । डर्वान घोषणा र कार्ययोजना तथा नेपालमा जातिय भेदभाव ।

डा. भट्टचन कृष्ण, सुनार तेज, भट्टचन एशोकान्ति (२०६८) । *नेपालमा जातिय छुवाछुत* ।

सांस्कृतिक क्षेत्रमा जातिय छुवाछुत तथा विभेदको प्रकृति र फैलावट, अध्याय ३ ।

दाहाल डिल्लिराम, (२००४) । *हिन्दु राष्ट्रवाद र छुवाछुत नेपालि समाजमा दलितहरूको अवस्था : समावेशी लोकतन्त्रका आधारहरू,* हिमाल एशोसिएसन पाटन ढोका ललितपुर ।

झा हरिवंश, (२०५६) । नेपालमा दलित उत्थानका रणनिति ।

नेपाली उदविर, (२०६९) । संघियताको वहसमा दलितः दलित गैर सरकारी महाँ संघ (डि . एन एफ), इन्सिटच्युड अफ दलित स्टडिज (आईडिस),नेपाल ।

नेसाक, (१९९८) : नेपालमा मानविय विकास, दक्षिण एशिया केन्द्र काठमाण्डौ ।

पोखरेल दिपक, ढकाल नवराज, (२०६८) । *समाजिक स्तरीकरण र विविधिकरण* : न्यू हिरा बुक्स इन्टर प्राइजेज : कीर्तिपुर काठमण्डौ ।

पौड्ेल क्षेत्रि ठाकुर बहादुर, (२०६०) । दलित महिलाहरूको सामाजिक आर्थिक अवस्थामा छुवाछुतले पारेको प्रभावहरू : एक अध्ययन शोधपत्र समाजशास्त्र मानवशास्त्र केन्द्रिय विभाग काठमाण्डौ ।

प्रश्रित मोदनाथ, (२०५८) । *मानवताको कलंक जातपात र छुवाछुत प्रथा :* वर्तमान नेपालमा दलितको स्थीति : किरण पुस्तकालय तम्घास गुल्मी ।

शर्मा लिलाधर, (१९६६) । दलित र गैर दलित बिचको सामाजिक र आर्थिक सम्वन्ध एक अध्ययन शोधपत्र समाजशास्त्र मानवशास्त्र केन्द्रिय विभाग काठमाण्डौ ।

राई याख्खा दुर्गाहाङ्ग,(२०५८) । छुत अछुत भेदभावको अन्त किताबमा मात्र : छापामा दलित, एकता बुक्स काठमण्डौ नेपाल ।

**अग्रेजीमा**

Acharya Chabilal & Dahal Sindhu, (2011). Discrimination against women in family among dalit in dhanusha district of Nepal: *The population journel* Volume 16, September 2012.

B.K. Amer Bahadur, (2008). Against Caste Stigma : The Making and Unmaking Dalit identity in Nepal, Toni Hegen Felloship Report.

B.K. Ganesh.(2012) . *Ethnicity and Federalim in Nepal*, shanghiya intama Dalitharuko apantwa Hune Sahi Bikalpa, Gairvhaugolik Shanghiyata : Centeral Department of Sociology and Anthropology T. U kirtipur Kathmandu Nepal.

Follmar Steven. (2010) .*Identity politics dalits in Nepal Dalit of Nepal towards dignity, citizenship and justice* : Himal books himal kitab Pvt. Ltd.

Gellner D. & Quigley, (1995). *Contsted Hieracchies*, Clardendon press Oxford.

Kharel Sambriddhi, (2010).The Dialectics of identity and resistence Among davit in Nepal: Phd Thesis Univesity Of Pittsubrge.

Maciver, R.M & C.H. Page (1995). Society an introduction Macmillan India Ltd. Madras.

Sharma Siva. (2058). *Dalit ra garivi Kathmandu Ekata books.*

Shrma pryag Raj, (1977) .Caste mobility and Sanskritization: A study of old Legal code : Kailash Mogtan .

http//www. Nde . gov . np/ opensection. Php? Secied= 476 2059.

hptt: www. Linguatera. Pt| Caste system xm| Aceessed on 22-6-2012.

# शोध तयारको लागी प्रयोग प्रश्नावली

उत्तरदाताको नाम :

| | |
|---|---|
| उमेर : | मिति : |
| लिङ्ग : | गाउँ : |
| वैवाहिक स्थीति : | गा. वि. स.: |
| पेशा : | वार्ड : |
| परिवार संख्या : | धर्म : |

शैक्षिक अवस्था :

**भाग १**

१. तपाईले पहिचान भन्ने कुरा सुन्नु भएको छ ?

क) छ    ख) छैन

२. यदि सुन्नुभएको छ भने कुन माध्यम बाट थाहा पाउँनु भयो ?

क ) रेडियो    ख) टि. भि.

ग) पत्रपत्रिका    घ) साथि भाई

३. तापाई पहिचान भन्नाले के वुझ्नु हुन्छ ?

क) जातिय पहिचान    ख) धार्मीक पहिचान

ग) सामाजिक पहिचान    घ) राजनितिक पहिचान

ङ) अन्य :    च) थाहा छैन

४. तपाई आफुलाई के भनेर चिनाउनु हुन्छ ?

क ) नेपाली    ख) दलित भनेर

ग) थर भनेर    घ) अन्य

५. तापाई घर भित्र र घर वाहिर एउटै पहिचान दिनु हुन्छ ?

क) दिन्छु    ख) दिन्न

६ यदि दिनु हुन्न भने किन ?

क) शोषण दमन हुने भएकोले    ख) छुवाछुत प्रथा वढि भएकाले

ग) अपामन सहनुपरेकाले    घ) अन्य :

७. तपाइको समुदायमा दलितहरूले आफ्नो पहिचान (कामी दमाई सार्की )भनेर लुकाउने गरेका छन् ?

क) छन्    ख) छैनन्

ग) थाहा छैन

८. यदि छन् भने कस्तो परिस्थीतिमा लुकाउने गरेका छन् ?

क) सामाजिक सभा समारोह    ख) चियापसल

ग) विवाह भोज    घ ) अन्य :

९. तपाईको विचारमा दलितहरूले आफ्नो पहिचान (दलित) भनेर किन लुकाउने गरेका होलान् ?

क) दलित भनि घृणा गर्नाले ख) शोषण दमन वढि हुनाले

ग) ईज्जत प्रतिष्ठामा आँच आउँनाले घ) दलित भनेर चिनाउन असजिलो महसुस हुनाले

१०. दलितहरूले आफ्नो पहिचान लुकाउँदा वा परिर्वतन गर्दा कस्तो पहिचानले चिनिने गर्छन् ?

क) व्राम्हण ख) क्षेत्री

ग) जनजाती घ) अन्य :

ङ) थाहा छैन

११. तपाईले जात लुकाउने वा परिवर्तन गर्ने गर्नु भएको छ ?

क) छ ख) छैन

१२. यदि छ भने कस्तो अवस्थामा लुकाउनु भएको छ ? भनिदिनुहोस् न ।

...................................................................

१३. यसरी जात परिवर्तन गरी कुनै ठाउँमा उपस्थीत हुदाँ कस्तो महसुस गर्नु भयो ?

क) सजिलो ख) असजीलो

ग) केहि फरक पाईन घ) अन्य :

१४. जात परिवर्तन गरी आफुलाई चिनाउनु तपाईको विचारमा रहर हो कि वाध्यता ?

क) रहर ख) वाध्यता

१५. यदि वाध्यता हो भने ति वाध्यताहरू के के हुन् ? भनिदिनुहोस् न ।

...................................................................

१६. तापाइले जात परिवर्तन नगरी दमाई कामी, सार्की भनेर चिनाउदा के हुन्थ्यो ?

क) हिनता वोध ख) पहिचानमा चोट पुग्थ्यो ?

ग) साथिभाईहरू बाट अपहेलीत भईन्थ्यो घ) अन्य :

१७. जात परिवर्तन गरेर हिड्दा कुन ठाउँमा वढि सजिलो भएको छ ?

क) आफ्नै घरमा ख) नयाँ ठाउँमा

ग) जहाँ गएपनि उस्तै घ) अन्य :

१८. यसरी जात परिवर्तन गर्दा आफ्नो ऐतिहासिक पहिचान लोप हुन्छ जस्तो लागेन ?

...................................................................

## भाग २

१९. परिवारको मुख्य पेशा के हो ?

क) कृषि तथा पशुपालन ख) ज्याला मज्दुरी

ग) नोकरी घ) वैदेसिक रोजगार

ङ) जातिगत पेशा च) अन्य :

२०. यस बाट वर्षभरी खान पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

२१. यदि तपाई जातिगत पेशा गर्नुहुन्छ भने कुन पेशा गर्नुहुन्छ ?

क) कपडा सिलाउँने ख) फलाम कुट्ने वा सुन वनाउने

ग) जुत्ता सिलाउने

२२. तपाईलाई जातिगत पेशा कस्तो लाग्छ ?

क) ठिक ख) वेठिक

२३.तपाईको पेशालाई अरुले कस्तो दृष्ट्रिकोणले हेर्छन् ?

क) सम्मानित रुपले ख) घृणित रुपले

ग) अन्य : घ) थाहा छैन

२४. जातिगत पेशाका कारण कुनै असर परेको छ ?

क) छ ख) छैन

२५. यदि छ भने कस्तो किसीमको असर परेको छ ? भनिदिनुहोस् न ।

.....................................................................

२६. तपाइको रोजगारमा कुनै परिवर्तन आएको छ ?

क) छ ख) छैन

२७. यदि परिवर्तन आएको छ भने कस्तो परिवर्तन आएको छ ?

.....................................................................

२८ सरकारले दलित समुदायलाई दिएको सेवा सुविधा वारे थाहा पाउनु भएको छ ?

क) छ ख) छैन

२९. यदि छैन भने सरकार सँग कस्तो किसिमको सेवा सुविधाको अपेक्षा गर्नु भएको छ ?

.....................................................................

३०. तपाईको जग्गा जमिन कति छ ?

.....................................................................

३२. यदि छैन भने कामको खोजिमा काहाँ जानु हुन्छ ?

.....................................................................

३३. तपाईका परिवारका कुनै सदस्यले सरकारी जागिर खानु भएको छ ?

क) छ ख) छैन

३४. यदि छ भने कुन पदमा हुनुहुन्छ ?

क) सुव्वा ख) खरिदार पियन

ग) चौकिदार घ) अन्य :

३५. यस बाट वार्षिक आम्दानी कति हुन्छ ?

.....................................................................

## भाग ३

३६. तपाईको समाज कस्तो प्रकारको समाज हो ?

क) दलित समाज ख) दलित र अन्य जातीको सममाज

ग) अन्य :

३७.तपाई दलित भन्नाले के वुझ्नुहुन्छ ?

क) जात ख) तल्लो जात

ग) अन्य :

३८. सार्वजनिक ठाउँमा तपाई आफलाई के भनेर चिनाउनु हुन्छ ?

क) जात भनेर ख) थर भनेर

ग) अन्य :

३९.तपाईले कहिले काही आफ्नो पहिचानका कारण कुनै किसिमका र्दुरव्यवहार सहनु परेको छ ?

क) छ ख) छैन

४०. यदि छ भने कस्तो ठाउँमा सहनु परेको छ ?

क) विवाहभोज ख) चिया पसल वा होटेल

ग) अन्य :

४१. तपाईलाई दलित नै किन भनिएको होला ?

क) परम्परगत देखिको चलन भएकाले ख) गरीव भएकाले

घ ) फोहोरी जात भएकाले

४२. तपाईलाई समाजमा कसैले आएर तँ तल्लो जातको व्यक्ति भनि अपहेलना गर्दा कस्तो अनुभव हुन्छ ?

.....................................................................

४३. समाजमा भएका समाजिक सांस्कृतिक कार्यक्रममा भाग लिनु भएको छ ?

क) छ ख) छैन

४४. दलित का समस्या छुवाछुतको मात्र हो ?

क) हो ख) होइन

४५. यदि होइन भने दलितका समस्या के के होलान् ?

क)..................

ख) .................

ग) ..................

४६. तपाईको समाजमा तपाई सँग छोईदा व्राम्हण क्षेत्रीले छोईछिटो हाल्छन् ?

क) हाल्छन् ख) हाल्दैनन्

४७. यदि हाल्छन् भने तपाई सँग छोईदा व्राम्हण क्षेत्रिहरूले किन छोईछिटो हाल्छन् ?

क) दलित जात भएकाले ख) धार्मिक मान्यताले

ग) हेप्न सजिलो भएकाले घ ) अन्य :

४८. तपाईका छोराछोरीलाई विद्यालय पठाउनु भएको छ ?

क) छ ख) छैन

४९.यदि छ भने  उनीहरूको शैक्षिक अवस्था कस्तो छ ?

.....................................................................

५०. तपाईका छोराछोरी विद्यालय जाँदा  उनीहरूलाई कसैले  अपहेलना  गरेका छन् ?

क) छन्                    ख) छैनन्

५१ यदि छन् भने उनीहरूको मनो विज्ञानमा कस्तो असर परेको  छ ?

.....................................................................

**भाग ४ .**

५२ . तपाईलाई राजनिति भनेको  के हो  थाहा छ ?

क) छ                    ख) छैन

५३. तपाईको समुदायका मानिसहरू चुनावमा उठेका छन् ?

क) छन                    ख) छैनन्

५४. यदि छन् भने कुन पार्टिसँग आवद्ध छन् ?

.....................................................................

५५. तपाई  कुनै पार्टीको नेता भए दलितलाई कुन स्थानमा राख्नु हुन्थ्यो ?

.....................................................................

५६. दलितको समस्या दलित पहिचान भएर नै हो त ?

क) हो            ख) हाईन         ग) थाहाँ छैन

५७. दलित हुनुको समस्या  के हो जस्तो लाग्छ ?

क ) छुवाछुत भेदभाव            ख) हक अधिकार बाट वञ्चित            ग) अन्य

५८.तपाइृको सामजमा कुन पक्ष परिर्वतन भईदियोस जस्तो लाग्छ ?

क) सामाजिक                    ख) आर्थिक

ग)  राजनैतिक                    घ) धार्मिक

ङ) अन्य :

५९. तपाईको संघ सस्थाले  दलित सँग सम्वन्धित  कुनै काम गरेका  छन् ?

क) छन्          ख) छैनन्         ग) थाहा छैन

६०. यदि छन् भने दलितहरूका कुन कुन क्षेत्रमा कस्ता काम गरेका  छन् ? भनिदिनुहोस् ।

.....................................................................

६१. मुलुकी ऐन २०२० ले छुवाछुत मुक्तराष्ट्र घोषणा गरी  छुवाछुत गर्नेलाई कानुनी दण्ड सजायको व्यवस्था गरेको  छ । यो कुरा तपाईलाई थाहा छ ?

क) छ            ख) छैन

६२. दलित समुदायको शोषण दमन हटाउन  के गर्नु पर्ला ?

क)छुवाछुतको अन्त्य    ख) छुवाछुत विरुद्ध  कडा कानुनी दण्ड दिने
ग) अन्य :                  घ) थाहा छैन

६३. छुवाछुत विरुद्ध कानुन त छन्  तर प्रयोगमा किन नआएका होलान् ?

क) सरकारको त्यति चासो नभएर ख) दलितहरूको पहुँच नपुगेर

ग) सामाजिक व्यवस्था विग्रिन्छ भनेर घ) दलितलाई जे गरे पनि हुन्छ भनेर

६४. दलित पहिचनलाई  सम्मान जनक वनाउन के गर्नु पर्ला ?

.
......................................................................

६५.तपाइको विचारमा  सरकारले दलित पहिचानको मुद्धालाई कुन रुपमा हेरीनु पर्छ जस्तो लाग्छ ?

.
......................................................................

६६.तपाइले आफ्नो जातका कारण समाजमा कुनै वेला  विभेद भोग्नु भएको छ ?

क) छ ख) छैन

६७. यदि छ  भने कस्तो किसीमको  विभेद थियो ?

.
......................................................................

६८. छुवाछुत बाट मुक्ति पाउन  तपाईले आफ्नो जीवनमा केही काम गर्नु भयो ?

.
......................................................................

६९. हम्मरजुङ्ग गा. वि. स. का कामी, दमाई सार्की जातीहरूको दलित पहिचान सम्मन जनक वनाउनको लागी  के गर्नु पर्ला ?

.
......................................................................

**धन्यवाद**